सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

nayapatrikadaily.com

# नयाँ पत्रिका

७ माघ २०७८, शुक्रबार (21 Jan 2022, Friday) ■ नेपाल संवत् ११४२ ■ वर्ष १५ ■ अंक २७५ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

# जानकीसहितका मन्दिरमा १३ करोडको लाइटिङ गर्दा पनि बृहत्तर जनकपुरले गर्‍यो हिनामिना

यात्रीनिवास धर्मशाला निजी कम्पनी द पिक हस्पिटालिटीलाई होटेल चलाउन ठेक्का दिने बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले जानकी मन्दिरलगायत धार्मिकस्थलमा डिजिटल लाइटिङ गर्न लिएको १३ करोडको ठेक्कामा पनि अनियमितता गरेको महालेखाको निष्कर्ष

## ■ आठ ठाउँमा डिजिटल लाइटिङ सम्झौता, तीन ठाउँमा आंशिक मात्रै काम



बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले जानकी मन्दिर, राम मन्दिर, लक्ष्मण मन्दिर, विवाहमण्डप, गंगा आरतीस्थल, गंगासागर तथा बाराको गढीमाई र सप्तरीको छिन्नमस्ता मन्दिरमा डिजिटल लाइटिङका लागि १३ करोड लिएको थियो। तर, जानकी र लक्ष्मण मन्दिर तथा विवाहमण्डपमा मात्रै लाइटिङ गरेको छ। यी ठाउँमा पनि स्टिमेटअनुसार लाइटिङ गरिएको छैन।

जनकपुरमा **हदिश खुद्दार**

जनकपुरधामस्थित धर्मशाला यात्रीनिवासलाई होटेल बनाउन द पिक हस्पिटालिटी प्रालिलाई सुम्पिएको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले जानकीलगायतका मन्दिरमा डिजिटल लाइटिङमा पनि अनियमितता गरेको छ। मधेस प्रदेश सरकारसँग १३ करोड बजेट लिएको परिषद्ले प्रक्रिया पूरा नगरी लाइटिङका लागि ठेक्का

» पृष्ठ २ मा क्रमशः

## ■ महालेखाले अनियमितता ठहर्‍यायो, प्रदेश सरकारले पनि सदर गर्‍यो, तर प्रतिवेदन लुकायो

महालेखापरीक्षकको कार्यालयले मन्दिरहरूमा डिजिटल लाइटिङमा प्रक्रिया पूरा नगरी ठेक्का लगाएको र आर्थिक अनियमितता भएको ठहर गरेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव टीका पाण्डेयको संयोजकत्वमा प्रदेश सरकारले गठन गरेको तीन सदस्यीय छानबिन समितिले पनि महालेखाकै प्रतिवेदनलाई सही ठहर्‍याउँदै कारबाहीका लागि मुख्यमन्त्री कार्यालयमा दुई महिनाअघि नै सिफारिस गरेको छ। तर, प्रदेश सरकारले भने कारबाही प्रक्रियामा चासो नै देखाएको छैन। प्रतिवेदन पनि सार्वजनिक गरेको छैन। छानबिन समितिका सदस्य रहेका भौतिक पूर्वाधार मन्त्रालयका सचिव दीपककुमार दासले भने, 'हामीले महालेखापरीक्षकको प्रतिवेदनमा बेथिति औँल्याएअनुसार नै प्रतिवेदन तयार गरेर बुझाएका हौँ। दुई महिना भइसक्यो। तर, उक्त प्रतिवेदन सार्वजनिक गरिएको छैन।'

## ■ धर्मशालालाई होटेल बनाउन ठेक्का दिएकोमा चौतर्फी विरोध



● प्रदेशमन्त्री शत्रुघन महतोले भने- धर्मशाला ठेक्कामा लगाउने परिषद्सँग स्पष्टीकरण सोध्छौँ, दोषी देखिए कारबाही गर्छौं

जनकपुर यात्रीनिवासलाई होटेल बनाउन ठेक्का दिएकोमा चौतर्फी विरोध भएको छ। बतास अर्गनाइजेसनले पशुपति धर्मशालामा चलाएको होटेल आनन्दको म्यानेजमेन्ट हेर्ने कम्पनी द पिक हस्पिटालिटीलाई जनकपुर यात्रीनिवास २० वर्षका लागि लिजमा दिएको खबर सार्वजनिक भएपछि सरोकारवालाहरूले विरोध गरेका हुन्।

मधेस प्रदेशका उद्योग, पर्यटन तथा वनमन्त्री शत्रुधन महतोले धार्मिक स्थल जनकपुरको धरोहरका रूपमा रहेको धर्मशाला निजी कम्पनीलाई सुम्पिनु गलत भएको बताए। 'धर्मशालाको मर्मतसम्भार र भवनको माथिल्लो तला निर्माणमा प्रदेश सरकारको रकम पनि खर्च भएको छ। तर, प्रदेश सरकारसँग कुनै समन्वय नै नगरी परिषद्ले लिजमा दिनु गलत हो,' उनले भने।

धर्मशाला लिजमा लगाउने बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् संघीय सरकारमातहत भए पनि प्रदेशमा रहेको धरोहरको संरक्षण र प्रवर्द्धनको दायित्व प्रदेश सरकारको पनि रहेको उनले बताए। सरकारले परिषद्सँग लिखित स्पष्टीकरण सोध्ने पनि उनको भनाइ छ। 'सेवामूलक संस्थालाई व्यापारिक रंग दिने काम भएको छ। यस्तो कार्य प्रदेश सरकारलाई मान्य हुँदैन,' मन्त्री महतोले भने, 'परिषद्लाई लिखित स्पष्टीकरण सोधिनेछ।'

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का पूर्वअध्यक्ष रामकुमार शर्माले लिजको नाममा धर्मशालालाई निजीकरण गर्न खोजिएको बताए। 'जानकी मन्दिर दर्शनमा आउने भक्तालुलाई सहज बसाइका लागि धर्मशाला बनाइएको हो। तर, लिजमा लगाउने नाममा त्यसलाई निजीकरण गर्न खोजिएको छ,' उनले भने, 'एक-दुई वर्ष होइन, २० वर्षसम्मका लागि एकैपटक निर्णय गरेर लिजमा लगाउनु गम्भीर विषय हो।' परिषद्का कार्यकारी निर्देशक बलराम ठाकुरसँगै तत्कालीन अध्यक्ष शालिग्राम सिंह पनि यसमा दोषी रहेको उनले बताए।

» पृष्ठ २ मा क्रमशः

# चुनावका विकल्पमाथि गठबन्धनमा छलफल

उच्चस्तरीय राजनीतिक समन्वय समितिको बैठक आज



बालुवाटारमा मंगलबार बसेको सत्तागठबन्धनको बैठक

## ■ गठबन्धनका तीन विकल्प

१ निर्वाचन आयोगले प्रस्ताव गरेअनुसार वैशाखमा स्थानीय तहको चुनाव गर्ने सत्तागठबन्धनका लागि स्वाभाविक विकल्प हो। तर, सुरुमा स्थानीय तहको निर्वाचनमा जाँदा गठबन्धनको भविष्यलाई लिएर प्रचण्ड र माधव नेपाल चिन्तित छन्।

२ वैशाखमा संघीय संसद्को र कात्तिक-मंसिरमा स्थानीय तहको चुनाव गर्नेमा माओवादी केन्द्र, एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाको जोड छ। सुरुमा प्रतिनिधिसभाको चुनावले गठबन्धनलाई सुरक्षित राख्न सक्ने ती दलका नेताहरूको बुझाइ छ। तर, चुनाव सार्न खोजेको आरोप लाग्ने भएकाले प्रधानमन्त्री देउवा यो विकल्पमा अझै तयार छैनन्।

३ स्थानीय, प्रदेश र संघको चुनाव वैशाख वा मंसिरमा एकैपटक गर्ने तेस्रो विकल्पमा गठबन्धनमा रहेका दलका शीर्ष नेताहरूबीच छलफल भइरहेको छ। वैशाख-जेठमै तीनै तहको चुनाव एकैपटक गर्न सकिने विकल्पमा प्रधानमन्त्री देउवा लचक छन्। तर, पुनः संसद् विघटनको आरोप लाग्ने भएकाले यसमा उनले पर्याप्त परामर्श खोजेका छन्।

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

सत्तारुढ पाँचदलीय गठबन्धनले चुनावका विभिन्न तीन विकल्पमा छलफल अगाडि बढाएको छ। विभिन्न विकल्पमा शीर्ष तहमा छलफल भए पनि गठबन्धनमा कुनै विषयमा सहमति जुटेको छैन, बरु थप छलफलका लागि शुक्रबार उच्चस्तरीय राजनीतिक समन्वय समितिको बैठक बोलाइएको छ।

निर्वाचन आयोगले स्थानीय तहको निर्वाचन घोषणाको संवैधानिक र कानुनी समयसीमा गुज्रिन लागेको भन्दै ताकेता बढाइरहेकै वेला गठबन्धनको शीर्ष तहमा संघीय निर्वाचन पहिला गर्नेलगायत विकल्पमा छलफल अघि बढेको हो।

प्रधानमन्त्रीनिवास बालुवाटारमा बिहीबार बसेको प्रधानमन्त्री शेरबहादुर देउवासहित तीन दलका शीर्ष नेताहरूको बैठकले निर्वाचनबारे तत्काल निर्णय लिने विभिन्न विकल्पमा छलफल गरेको छ। बैठकमा आगामी वैशाखमा स्थानीय तहको निर्वाचन घोषणा गर्ने, वैशाखमै संसद्को निर्वाचन गर्ने कि तीनवटै तहको निर्वाचन वैशाख या मंसिरमा गर्ने भन्ने विकल्पमा छलफल भएको छ।

छलफलमा प्रधानमन्त्री देउवासहित माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल सहभागी थिए। शीर्ष तहमा केही निर्णय भने भएको छैन। शुक्रबार उच्चस्तरीय राजनीतिक समन्वय समितिको बैठकमा थप छलफल गर्ने उनीहरूको समझदारी छ। त्यसअघि उनीहरूले आ-आफ्नै दलभित्र आन्तरिक छलफल गर्नेछन्। वैशाखमा संघीय संसद्को चुनावमा जाँदा प्रतिनिधिसभा विघटन गर्नुपर्ने र

» पृष्ठ २ मा क्रमशः

### ओलीलाई पाठ सिकाउन पनि तीनै निर्वाचन एकैपटक गर्नुपर्छ



● माधव नेपाल, अध्यक्ष, एकीकृत समाजवादी

" अदालतमा विचाराधीन मुद्दामा कुरा उठाउनै पाइँदैन, तर एमालेले लगातार संसद् अवरुद्ध गरेर लाज पचाएको छ, कानुनी राज्यको खिल्ली उडाउँदै विध्वंसकारी बाटो लिएको छ। देशलाई बचाउन र जनताबाट प्रतिगामी तत्त्वलाई पाठ सिकाउन छिटो चुनावको आवश्यकता छ। त्यसैले निर्वाचनमा जाने हो भने सबै एकैचोटि गर्नुपर्छ, त्यसका लागि अनेक विकल्प छन्, छलफलबाटै टुंगोमा पुग्नुपर्छ।

## संक्रमित अहिलेसम्मकै धेरै



**कोरोना अपडेट**

परीक्षण : २४ हजार ४९७

संक्रमित : १२,३३८

मृत्यु : ४

■ सार्वजनिक सेवामा आजदेखि खोपकार्ड अनिवार्य

■ काठमाडौंमा अत्यावश्यकबाहेक सबै सवारीसाधनमा जोरबिजोर प्रणाली

■ लोकसेवाका लिखित परीक्षा स्थगित, त्रिविका ९ माघपछिका परीक्षा मात्र स्थगित

### उपत्यकाबाहिर पनि ठूलो संख्यामा स्वास्थ्यकर्मी संक्रमित

सुनसरीमा ४८ स्वास्थ्यकर्मी संक्रमित, नवलपरासीको मध्यबिन्दु अस्पतालका २५ कर्मचारीलाई कोरोना, ओपिडी सेवा बन्द, दार्चुलामा दुई स्वास्थ्यकर्मीसहित ३९ जनालाई कोरोना, सामान्य बिरामीलाई अस्पताल नआउन आग्रह

विस्तृत समाचार पृष्ठ ३

# पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिन विद्यार्थी संगठनहरूको माग

अनेरास्ववियुलगायत ६ विद्यार्थी संगठनले संयुक्त र नेविसंघले छुट्टै विज्ञप्ति निकालेर मूल्यवृद्धि फिर्ता लिन माग गरे, अनेरास्ववियुले विभिन्न क्याम्पसअगाडि प्रधानमन्त्रीको पुत्लासमेत जलाएका छन्

**काठमाडौं**/ प्रतिपक्षीदेखि सत्तारुढ दलनिकट विद्यार्थी संगठनहरूले पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि फिर्ता लिन माग गरेका छन्। प्रमुख प्रतिपक्षी एमालेनिकट अनेरास्ववियुले प्रदर्शन गर्दै प्रधानमन्त्री शेरबहादुर देउवाको पुत्ला दहन गरेको छ भने कांग्रेसनिकट नेविसंघले विज्ञप्ति निकालेर मूल्यवृद्धि फिर्ता लिन दबाब दिएको छ।

अनेरास्ववियुले अस्कल र शंकरदेव क्याम्पसअगाडि प्रधानमन्त्री देउवाको पुत्ला जलाएको हो। पोखरा, धुलिखेल, बुटवल र विराटनगरमा पनि प्रधानमन्त्रीको पुत्ला जलाएर विरोध गरिएको अनेरास्ववियुका महासचिव समिक बडालले बताए। 'महामारीको कठिन परिस्थितिमा जनतालाई राहत दिनुपर्नेमा मूल्यवृद्धि गरेर ढाड सेक्ने काम भएकाले देशका विभिन्न ठाउँमा विरोध गरेका छौँ,' उनले भने। विद्यार्थीहरूले पोखरामा स्कुटी र मोटरसाइकल

» पृष्ठ २ मा क्रमशः

## ■ मूल्यवृद्धिको विरोध



मूल्यवृद्धिको विरोधमा बिहीबार साँझ प्रदर्शनीमार्गमा टायर बालेर विरोध प्रदर्शन गर्दै विद्यार्थी | तस्बिर : **दीपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.



# हुस्सुले तराईको अधिकतम तापक्रम घट्यो

## मौसमविद् भन्छन्- अब बिस्तारै सुधार हुन्छ

**काठमाडौं**/ लगातारको हुस्सु र कुहिरोले तराईको जनजीवन प्रभावित भएको छ। तराईका कतिपय जिल्लामा हुस्सुले दिनभर घाम नै नलागेपछि अधिकतम तापक्रम पनि घटेको छ। अधिकतम तापक्रम दिउँसो मापन हुन्छ भने न्यूनतम राति।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् शान्ति कँडेलका अनुसार पश्चिमी वायुका कारण दिनभरजसो हुस्सु लाग्दा घाम लाग्न नसकेको हो। फलस्वरूप २६ पुसदेखि अधिकतम तापक्रम घट्न थालेको हो। १८ पुसमा धनगढीको अधिकतम तापक्रम २३ डिग्री सेल्सियस रहेकामा २६ पुसमा १६ मा झरेको थियो। त्यसयता लगातार तापक्रम घट्दै आएकामा ४ माघमा १४ र बिहीबार १६ डिग्री मापन भयो। धनगढीलगायत तराईमा बिहीबार दिउँसो घाम लागेपछि तापक्रम केही बढेको हो।

त्यस्तै, जनकपुरको अधिकतम तापक्रम १८ पुसमा २४ डिग्री थियो। तर, २७ पुसमा २० डिग्रीमा झरेकामा ४ माघमा १३ डिग्री सेल्सियस मापन भयो। बिहीबार भने १६.४ डिग्री मापन भएको छ।

हुस्सुका कारण बिहीबार बिहान तराईका विमानस्थलको भिजिबिलिटी पनि घट्ने गरेको छ। उडानका लागि भिजिबिलिटी तीन हजार मिटर चाहिने भए पनि बिहान धनगढीमा दुई हजार, नेपालगन्जमा आठ सय, भैरहवामा पाँच सय, सिमरामा दुई सय, जनकपुरमा आठ सय र विराटनगरमा तीन सय मिटर मात्र थियो।

काठमाडौं उपत्यकामा पारिलो घाम लाग्ने गरेकामा बिहीबार दिनभर बदली रहेको थियो। दिउँसो उपत्यकाका केही क्षेत्रमा फाट्टफुट्ट पानी पनि पर्‍यो। 'तराईमा अब हुस्सु हट्दै जान्छ, घाम लाग्न सुरु हुन्छ,' मौसमविद् कँडेलले भनिन्, 'काठमाडौंमा बदलीका कारण चिसो भएको हो।'

महाशाखाका अनुसार मुलुकभर पश्चिमी वायुको प्रभाव रहेको छ। शुक्रबार सातवटै प्रदेशका केही क्षेत्रमा हल्का वर्षाको आकलन गरिएको छ। उच्च पहाडी तथा हिमाली भेगमा हिमपात हुने ठानिएको छ।

# पत्रकार विश्वकर्माको निधन



**काठमाडौं**/ टिभी टुडेमा कार्यरत २४ वर्षीय पत्रकार एलबी विश्वकर्माको निधन भएको छ। श्वासप्रश्वासमा अकस्मात् समस्या भएपछि बुधबारदेखि अस्पतालमा उपचाररत उनको बिहीबार बिहान पाटन अस्पतालमा मृत्यु भएको हो।

बुधबार दिनभर पेप्सीकोलास्थित कोठामै बसेर साथीभाइसँग फोन र सामाजिक सञ्जालमार्फत सम्पर्कमा रहेका विश्वकर्मालाई राति १० बजेतिर श्वासप्रश्वासमा समस्या देखिएको थियो। उनीसँगै रहेका दुई भाइले तत्कालै बानेश्वरस्थित सिभिल अस्पताल पुर्‍याएका थिए। साढे १० बजे भर्ना गरिएका उनलाई सामान्य उपचारपछि सिभिलका चिकित्सकले आइसियूमा राख्नुपर्ने भन्दै पाटन अस्पताल लैजान रिफर गरेका थिए। उनलाई राति नै पाटन अस्पताल पुर्‍याइएको थियो।

विश्वकर्मा चार वर्षदेखि पत्रकारिकतामा संलग्न थिए। उनी टिभी टुडेमा कार्यक्रम प्रस्तोता र वरिष्ठ संवाददाताका रूपमा कार्यरत थिए। सहकर्मी नरेश न्यौपानेका अनुसार उनी १५ दिनदेखि बिरामी भएर घरमै स्वास्थ्य लाभ गर्दै थिए। 'निरन्तर रुघाखोकी लागेपछि कोरोनाको आशंकामा परीक्षणसमेत गरेको र बुधबार दिउँसो नतिजा नेगेटिभ आयो भनेर मलगायत धेरै साथीलाई खबर गरेका थिए,' न्यौपानेले भने। विश्वकर्मा पत्रकार महासंघ काठमाडौं शाखाका साधारण सदस्यसमेत थिए।

परिवारको जेठो छोरा विश्वकर्माले दुई भाइलाई आफूसँगै राखेर पढाइरहेका थिए। अछाम रामरोशन गाउँपालिका-५ स्थायी घर भएका उनका श्रीमती र तीन वर्षका छोरा छन्। उनका आमाबुबा भने भारतमा बस्दै आएका छन्।

## चुनावका विकल्पमाथि...

पृष्ठ १ बाट क्रमशः

यो पुनः अदालती विषय बन्न सक्ने गठबन्धनका नेताहरूमा डर छ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले एमालेले संसद् अवरुद्ध पारिराखेकाले वैशाखमा स्थानीय तहको भन्दा पनि संसद्को निर्वाचन गर्दा उपयुक्त हुने प्रस्ताव यसअघि नै मंगलबारको समन्वय समितिको बैठकमा राखेका थिए। बिहीबार एकीकृत समाजवादीका अध्यक्ष नेपालले वैशाख या मंसिर जुनसुकै महिनामा गरे पनि खर्चका हिसाबले तीनवटै तहको निर्वाचन एकैपटक गर्दा उपयुक्त हुने धारणा राखेका थिए।

नेपालले पनि विपक्षले संसद् अवरोध गरेकाले चुनावको विकल्प नरहेको बताएका छन्। 'अदालतमा विचाराधीन मुद्दामा कुरा उठाउनै पाइँदैन, तर एमालेले लगातार संसद् अवरुद्ध गरेर लाज पचाएको छ, कानुनी राज्यको खिल्ली उडाउँदै विध्वंसकारी बाटो लिनेबाट देशलाई बचाउन र जनताबाट पाठ सिकाउन छिटो चुनावको आवश्यकता छ,' नेपाललाई उद्धृत गर्दै उनीनिकट एक नेताले नयाँ पत्रिकासँग भने, 'त्यसैले निर्वाचनमा जाने हो भने सबै एकैचोटि गर्नुपर्छ, त्यसका लागि अनेक विकल्प छन्, छलफलबाटै टुंगोमा पुग्नुपर्छ।'

नेपालले संघ, प्रदेश र स्थानीयसहित तीनवटै तहको निर्वाचन मंसिरमा हुनुपर्नेमा जोड दिँदै आएका छन्। त्यसका लागि संवैधानिक र कानुनी व्यवधान भए हटाएर जानुपर्ने उनको भनाइ छ।

तर, स्थानीय तहको निर्वाचन मंसिरसम्म धकेल्दा गलत राजनीतिक सन्देश जाने भन्दै प्रधानमन्त्री देउवा भने उपयुक्त विकल्पको खोजीमा रहेको स्रोतले जनाएको छ। गठबन्धनभित्र चुनावबारे प्रधानमन्त्री देउवा, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष नेपालले राखेको फरक-फरक प्रस्तावमाथि छलफल चलिरहेको छ।

वैशाख वा जेठको पहिलो साताभित्र गर्ने गरी स्थानीय तहको निर्वाचन घोषणा नभए निर्वाचन आयोगलाई काम गर्न अप्ठ्यारो हुने मात्र होइन, संवैधानिक, कानुनी र राजनीतिक प्रश्न खडा हुने अवस्था छ। आयोगले १४ र २२ वैशाखमा स्थानीय तहको चुनावका लागि मिति तोक्न सरकारसमक्ष प्रस्ताव गरिसकेको छ।

शीर्ष बैठकले शुक्रबार अपराह्न ४ बजे बालुवाटारमा सत्तागठबन्धनको बैठक बोलाउने निर्णय गरेको प्रचण्डका स्वकीय सचिव रमेश मल्लले बताए। कोरोना संक्रमणबाट मुक्त भएपछि नेकपा एसका अध्यक्ष नेपाल पहिलोपटक शीर्ष बैठकमा सहभागी भएका हुन्।

मंगलबार बसेको उच्चस्तरीय राजनीतिक समन्वय समितिको बैठकले बिहीबार गठबन्धनको बैठक बसेर स्थानीय चुनावबारे निर्णय गर्ने समझदारी गरेको थियो। तर, त्यस विषयमा शुक्रबार पुनः उच्चस्तरीय राजनीतिक समन्वय समितिमा छलफल हुने भएपछि चुनाव घोषणामा अन्योल बढेको छ।



महानगरीय ट्राफिक प्रहरी महाशाखा र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको सहकार्यमा बिहीबारदेखि सुरु भएको 'अनिवार्य मास्कको प्रयोग गरौं' अभियानको शुभारम्भ गर्दै महासंघका महासचिव सरोज सिटौला। तस्बिर : **अच्युत रेग्मी**/रासस

**प्रभु बैंक लिमिटेड शाखा कार्यालय, कान्तिपथ काठमाण्डौका तपसिलमा उल्लेखित ऋणीलाई ऋण कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना**

**(मिति २०७८/१०/०७ गते शुक्रबारको नयाँपत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धित शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणीले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वरा जानकारी गराईन्छ। यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं ऋणी, जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईन सकिने तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं। आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तपाई उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको फोटो सहित तिन पुस्ते विवरण :**

**ऋणी :** काठमाण्डौ महानगरपालिका,नगर कार्यपालिकाको कार्यालय प्रदेश नं. ३ काठमाण्डौ नेपाल आर्थिक ऐन २०७४ अनुसार मिति २०७६/०४/३० मा प्रमाण पत्र नं. ००००००००१४९८ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, पुतली सडक काठमाण्डौबाट मिति २०७६/०४/३० मा करदाताको नाम चन्द्रमा परियार, कारोबारको नाम थ्रि स्टार सर्टिङ एण्ड सुटिङ्ग टेलरिङ सेन्टर भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६११४१४४०३ को प्रमाणपत्र प्राप्त **थ्रि स्टार सर्टिङ एण्ड सुटिङ्ग टेलरिङ सेन्टर। ठेगाना :** का.जि.का.म.न.पा. वडा नं. २८ बागबजार काठमाण्डौ।

**प्रोप्राइटर : चन्द्रमा परियार**
(ना.प्र.नं.५२-०२-७६-००९३९ जारी मिति २०७६/०२/०३ जि.प्र.का. दाङ)।
ठेगाना : दंगीशरण गा पा वडा नं ६, दाङ।
बाबु : वलिभद्र दमाई।
बाजे : मेतीलाल दमाई।



**जमानतकर्ता : क्षेत्र बहादुर परियार**
(ना.प्र.नं. ५२ २०३७/१८८१ जरी मिति २०६८/८/५ जि. प्र. का. दाङ)।
ठेगाना : दंगीशरण गा पा वडा नं ६ (साबीक श्रीगाउ वडा नं.१)दाङ।
बाबु : ससिराम दमाई।
बाजे : ठगे दमाई।



**जमानतकर्ताः ससिराम दमाई**
(ना.प्र.नं. २६३/८८ जारी मिति २०५६/०२/२९ जि.प्र.का.दाङ)।
ठेगाना : कालिमाटी गा पा वडा नं १ (साविक लक्ष्मिपुर गा.वि. स. वडा नं २),सल्यान।
बाबु : ठगे दमाई।
बाजे : धने दमाई।



PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-४७८८५००, फ्याक्स नं. ०१-४७८०५८८**

## जानकीसहितका...

पृष्ठ १ बाट क्रमशः

लगाएको र त्यसपछि पनि भनेअनुसार काम नगरेर अनियमितता गरेको महालेखापरीक्षकको कार्यालयले ठहर गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव टीका पाण्डेयको संयोजकत्वमा प्रदेश सरकारले गठन गरेको तीन सदस्यीय छानबिन समितिले पनि महालेखाकै प्रतिवेदनलाई सही ठहर्‍याउँदै कारबाहीका लागि मुख्यमन्त्री कार्यालयमा सिफारिस गरेको छ।

परिषद्को मागअनुसार प्रदेश सरकारले आर्थिक वर्ष ०७६/७७ मा जानकी मन्दिर, राम मन्दिर, लक्ष्मण मन्दिर, विवाहमण्डप, गंगा आरतीस्थल, गंगासागर तथा बाराको गढीमाई र सप्तरीको छिन्नमस्ता मन्दिरमा डिजिटल लाइटिङ जडानका लागि १२ करोड छुट्याएको थियो। परिषद् संघीय सरकारमातहतको भए पनि प्रदेशको उद्योग, पर्यटन तथा वन मन्त्रालयको प्रस्तावमा अर्थ मन्त्रालयले प्रदेश कोष तथा लेखानियन्त्रक कार्यालयमार्फत सीधै परिषद्को खातामा रकम निकासा गरिदिएको थियो। तर, ठेकेदार तोक्दा अनियमितता भएको भन्ने सन्दर्भमा मेरोतर्फबाट खोजबिन गरिरहेको छु।'

### एक वर्षमा सक्नुपर्ने, तर नियमविपरीत दुईपटक म्याद थप

प्रदेश सरकारको ससर्त योजना सोही आर्थिक वर्षमा सम्पन्न गर्नुपर्ने हुन्छ। तर, परिषद्का कार्यकारी निर्देशक ठाकुरले अवैधानिक रूपमा दुईपटकसम्म म्याद थपेका छन्, त्यो पनि सञ्चालक परिषद्को निर्णयविना।

स्रोतका अनुसार आव ०७६/७७ मा काम नसकिएपछि ठाकुरले म्याद थपका लागि प्रदेश पर्यटन मन्त्रालयलाई पत्र लेखेका थिए। तर, मन्त्रालयले ससर्त योजनामा म्याद थप्न नमिल्ने जवाफ दिएपछि उनले आफूखुसी म्याद थपेका थिए। पहिलोपटक ८ असार ०७७ मा सोही आर्थिक वर्षको साउन मसान्तसम्मका लागि म्याद थपेका थिए। तर, उक्त अवधिमा पनि काम नसकेपछि दोस्रोपटक ४ साउन ०७७ मा सोही वर्ष २८ पुससम्मका लागि म्याद थपेका थिए। म्याद थप्ने कागजी निर्णय नदिएको पर्यटन मन्त्रालयले आर्थिक वर्ष ०७७/७८ मा एक करोड बजेट भने विनियोजन गरिदिएको थियो।

ठाकुरले अनियमित प्रक्रिया र आर्थिक अनियमितामा तत्कालीन अर्थमन्त्री विजयकुमार यादव र तत्कालीन पर्यटनमन्त्री रामनरेश राय यादवको साथ पाएको परिषद्कै कर्मचारीहरू बताउँछन्।



जानकी मन्दिरमा जडान गरिएको डिजिटल लाइटिङ



पूरा गर्नुपर्ने सामान्य प्रक्रियासमेत पालना नगरेको परिषद्ले लाइटिङ योजनाविपरीत सो रकम जानकी मन्दिर, लक्ष्मण मन्दिर र विवाहमण्डपमै सकाएर अनियमितता गरेको छ।

परिषद्ले आर्थिक वर्ष ०७६/७७ को असार मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी भक्तपुरको क्षमादेवी कन्स्ट्रक्सन सलुसनलाई २ चैत ०७६ मा ठेक्का लगाएको थियो। तर, सञ्चालक परिषद्बाट निर्णय गरेर मात्रै ठेक्का लगाउनुपर्ने नियम उल्लंघन गरी परिषद्को कार्यकारिणी समितिकै निर्णयमा ठेक्का लगाइएको थियो। सरकारी प्राविधिकबाट लाइटिङ स्टिमेट निकाल्नुपर्ने प्रावधान मात्रै तोडिएन, जानकी मन्दिरबाट स्वीकृतिसमेत लिइएको थिएन। स्रोतका अनुसार स्टिमेट क्षमादेवी कन्स्ट्रक्सनकै इन्जिनियर राजीव उपाध्यायले बनाएका थिए। परिषद्ले उनैलाई गैरकानुनी रूपमा तीन महिनाका लागि करारमा नियुक्त गरेको थियो। करारमा कर्मचारी नियुक्ति गर्न परिषद्को सञ्चालक परिषद् र कार्यकारिणी सिमितिबाट निर्णय गराई पत्रपत्रिकामा विज्ञापन गर्नुपर्ने प्रावधान पनि उल्लंघन गरिएको थियो।

परिषद्का तत्कालीन अध्यक्ष शालिग्राम सिंहले उक्त ठेक्का प्रक्रियामा आफ्नो कुनै संलग्नता नरहेको दाबी गरेका छन्। कार्यकारी निर्देशक बलराम ठाकुरले आफूसँग रायसमेत नलिई काम गरेको उनको आरोप छ। 'बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को ऐनमा १० लाखभन्दा बढीको जुनसुकै कार्य गर्दा अध्यक्षको राय आवश्यक हुन्छ। तर, कार्यकारी निर्देशक बलराम ठाकुरले मसँग कुनै राय नै नलिई मनमौजी गर्थे। म बढी काठमाडौं बस्ने भएकाले धेरै कुरा थाहा नै हुँदैनथ्यो,' सिंहले भने, 'उक्त योजना कार्यान्वयनका लागि भएको कार्यकारिणी समितिको निर्णयमा पनि मेरो हस्ताक्षर छैन।'

कार्यकारी निर्देशक ठाकुरले भने आफूले ऐनअनुसार नै ठेक्का प्रक्रिया अघि बढाएको दाबी गरेका छन्। निर्णयको जिम्मेवारी लिँदै उनले भने, 'मैले नियमभित्रै रहेर काम गरेको छु।'

तर, परिषद्का एक कर्मचारीले मन्दिरहरूमा डिजिटल लाइटिङमा ठाकुरले व्यापक अनियमितता गरेको बताए। 'ठेक्का लगाएको त देखाउन मात्रै हो। क्षमतादेवी फर्म मात्रै प्रयोग भएको हो, खास ठेकेदार कार्यकारी निर्देशक बलराम ठाकुर नै हुन्,' उनले भने, 'इन्जिनियर राजीव उपाध्याय उनैले रोजेका व्यक्ति हुन्।' उनका अनुसार उपाध्यायले नै योजना स्टिमेट, सम्पूर्ण बिलिङ मूल्यांकनदेखि काम सम्पन्न भएको मूल्यांकन प्रतिवेदन पेस गरेको र परिषद्बाट रकम भुक्तानी भएको छ। प्रदेशका उद्योग, पर्यटन तथा वनमन्त्री शत्रुधन महतोले आफू आउनुभन्दा अघिकै योजना भएकाले अनियमितता भएको विषयमा खोजबिन गरिरहेको बताए। 'डिजिटल लाइटिङका नाममा आर्थिक अनियमितता भएको खबर मैले पनि सुनेको छु। प्रदेश सरकारले पनि त्यस विषयमा छानबिन गरेको रहेछ। तर, अहिलेसम्म प्रतिवेदन सार्वजनिक गरेको छैन। मैले पनि देखेको छैन,' उनले भने, 'प्रतिवेदन पाएँ भने धेरै प्रस्ट भइन्थ्यो।

### आठ ठाउँमा डिजिटल लाइटिङ गर्न १३ करोड लिएर तीन ठाउँमा मात्रै काम

परिषद्ले जानकी मन्दिर, राम मन्दिर, लक्ष्मण मन्दिर, विवाहमण्डप, गंगा आरतीस्थल, गंगासागर तथा बाराको गढीमाई र सप्तरीको छिन्नमस्ता मन्दिरमा डिजिटल लाइटिङका लागि १३ करोड लियो। तर, जानकी मन्दिर, लक्ष्मण मन्दिर र विवाहमण्डप तीन ठाउँमा मात्रै लाइटिङ गरेको छ।

यसमा पनि स्टिमेटअनुसार त जानकी मन्दिरको चारैतिर लाइटिङ गर्नुपर्ने हो। तर, बाहिरपट्टि अगाडि मात्रै र भित्री भागमा प्रोग्रामिन लाइट लगाएको छ, अन्त केही गरेको छैन। जानकी मन्दिरमा साढे चार सय चिम जडान भएको दाबी परिषद्को छ। ७४ स्थानमा विभिन्न प्रकारका स्पिकर जडान गरेको जनाएको छ। तर, स्थलगत निरीक्षणमा उसले दाबी गरेजस्तो काम देखिँदैन।

कार्यकारी निर्देशक ठाकुर स्टिमेट गरेभन्दा धेरै पैसा लागेकाले भनेअनुसार सबै ठाउँमा लाइटिङ गर्न नसकिएको तर्क गर्छन्। 'बजेट नपुगेपछि स्टिमेटअनुसार काम हुन सकेन। एक करोड रुपैयाँ हनुमाननगरमा धर्मशाला निर्माणका लागि डिपिआर तयार गर्न खर्च गर्‍यौं। हामीले खर्चको हिसाब प्रस्ट गरेका छौं,' उनले भने। एउटा प्रयोजनमा निकासा भएको एक करोड विनाप्रक्रिया अन्यत्र खर्च गर्नु पनि अनियमितता हो। कार्यकारी निर्देशक ठाकुरले लेखापाल सावित्री गिरीसँग मिलेमतो गरेर अनियमितता गरेको कर्मचारीहरू बताउँछन्। परिषद् कार्यालयका अनुसार हालसम्म ठेकेदारलाई सात करोड ८२ लाख ४५ हजार तीन सय ५६ रुपैयाँ भुक्तानी भएको छ।

## धर्मशालालाई...

पृष्ठ १ बाट क्रमशः

जनकपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष निर्मल चौधरीले धर्मशाला जुन उद्देश्यले स्थापना गरिएको त्यही उद्देश्यले सञ्चालन हुनुपर्ने बताए। 'धर्मशालालाई लिजमा दिएर त्यसलाई व्यवसायीकरण गर्नु हाम्रा लागि चिन्ताको विषय हो,' उनले भने, 'धर्मशालाको व्यवस्थापन ठीक थिएन भने अर्कोलाई जिम्मेवारी दिन सकिन्थ्यो। तर, दोस्रो पक्षलाई अनुकूल हुने गरी एकैपटक २० वर्षका लागि लिजमा लगाउनु कुनै हिसाबले उपयुक्त होइन।'

जनकपुरधाम उपमहानगरपालिकाका मेयर लालकिशोर साहले आफूलाई कुनै जानकारी नै नगराई गोप्य रूपमा धर्मशालालाई व्यवसायीकरण गर्न लागेको भन्दै यसअघि नै विरोध जनाइसकेका छन्।

धर्मशाला निर्माण गरिएको जग्गा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मन्दिरसँग ४९ वर्षको लिजमा लिएको हो। तर, धर्मशालालाई होटेल बनाउन दिने परिषद्ले मन्दिरलाई कुनै जानकारी गराएको छैन। मन्दिरका महन्थ जगरनाथ दासले निर्णय तत्काल खारेज नगरे जग्गा खाली गराउने प्रक्रियामा जाने बताएका छन्।



द पिक हस्पिटालिटी प्रालिलाई २० वर्षका लागि लिजमा दिइएको भारतको बालाजी ट्रस्टले जानकी मन्दिर दर्शन गर्न आउने तीर्थालु बस्न बनाइदिएको जनकपुरस्थित धर्मशाला (तिरुमाला तिरुपती देवस्थानम् यात्रीनिवास)

## पेट्रोलियम...

पृष्ठ १ बाट क्रमशः

डोहोर्‍याएर प्रतीकात्मक विरोध गरेका थिए।

अनेरास्ववियुसहित ६ विद्यार्थी संगठनले संयुक्त विज्ञप्तिसमेत जारी गरी मूल्यवृद्धि फिर्ता लिएर विपन्न नागरिकलाई राहत उपलब्ध गराउन सरकारसँग माग गरेका छन्। जसमा अखिल क्रान्तिकारी, वैज्ञानिक समाजवादी विद्यार्थी संगठन, राष्ट्रिय विद्यार्थी संघ, राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन र राष्ट्रवादी विद्यार्थी संगठन छन्।

'आयल निगमले चुहावट नियन्त्रणमा ध्यान नदिने, घाटा हुँदा पनि कर्मचारीलाई बोनस र भत्ता वितरण गर्ने, कर्मचारीको मनोमानी लुकाएर निगमलाई निरन्तर घाटामा देखाएर केवल नाफा निकाल्ने उद्देश्य राखी पटक-पटक मूल्यवृद्धि गर्ने कदमप्रति खेद व्यक्त गर्छौं,' विज्ञप्तिमा भनिएको छ। पेट्रोलियम पदार्थको मूल्यवृद्धिले तमाम क्षेत्रको महँगी बढ्न गई सेवाग्राही र जनतामा यसको प्रत्यक्ष असर पर्ने भएकाले तत्काल मूल्यवृद्धि फिर्ता लिएर गरिब जनतालाई राहत प्याकेजको व्यवस्था गर्न पनि माग गरेका छन्।

कांग्रेसनिकट नेविसंघले पनि कोरोना महामारीको असरबाट प्रभावित उपभोक्तालाई सर्वसुलभ सेवा, सहुलियत र राहतको जरुरत रहेकोमा उल्टै थप पीडा दिने गरी पेट्रोलिय पदार्थको मूल्यविरुद्ध गरेकोमा भर्त्सना गरेको छ। महामन्त्री बलदेव तिमल्सिनाद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'आहतका वेला राहत दिनुपर्नेमा कर र कमिसनमा लिप्त निगम जनताको चुलो बन्द गराउने बाटोमा लागिरहेको छ। अत्यावश्यकीय उपभोग्य वस्तुमाथि पटकपटक गरिएको मूल्यवृद्धिले उपभोक्ताले चरम पीडा खेप्नुपरेकाले मूल्यवृद्धि तत्काल फिर्ता गर्न माग गर्दछौं।'

सरकारले बुधबार रातिदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टीतेलमा तीन-तीन रुपैयाँ वृद्धि गरेको थियो।

# संक्रमित अहिलेसम्मकै धेरै

## पछिल्लो २४ घन्टामा १२ हजार तीन सय ३८ मा संक्रमण पुष्टि, देशभर सक्रिय संक्रमितको संख्या ५७ हजार नाघ्यो

**अर्जुन अधिकारी**/नयाँ पत्रिका

नेपालमा कोरोना महामारी सुरु भएयताको सबैभन्दा बढी संक्रमित बिहीबार थपिएका छन् । २४ घन्टामा १२ हजार तीन सय ३८ जना संक्रमित थपिएका हुन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार २१ हजार सातजनामा पिसिआर परीक्षण गर्दा १० हजार ५२ र ६ हजार चार सय ९० जनामा एन्टिजेन परीक्षण गर्दा दुई हजार दुई सय ८६ गरी कुल १२ हजार तीन सय ३८ जना नयाँ संक्रमित थपिएका हुन् । सोही अवधिमा ६ सय ४९ जना कोरोनामुक्त भएका छन् । यस अवधिमा संक्रमणबाट चारजनाले ज्यान ज्यान गुमाएका छन् । हाल देशभर सक्रिय संक्रमितको संख्या ५७ हजार तीन सय २८ रहेको छ ।

### ■ कोरोना बढ्यो, खोप सेवा बढेन

कोरोनाको तेस्रो लहरमा काठमाडौं उपत्यका नराम्रोसँग घेराबन्दीमा परेको छ । कोरोनाको पहिलो र दोस्रो लहर राजधानीबाहिरबाट प्रवेश पाएको थियो । तर, तेस्रो लहरको उत्पत्ति नै राजधानीबाट सुरु भएको अधिकारीहरू बताउँछन् । दैनिक संक्रमित पुष्टि हुँदा राजधानीको दर बढ्दो क्रममा छ ।

बिहीबार देशभर १२ हजार तीन सय ३८ संक्रमित पुष्टि हुँदा चार हजारभन्दा बढी काठमाडौंका मात्रै छन् । बुधबार चार हजार ६ सय ६८ नयाँ संक्रमित थपिएका थिए । भक्तपुरमा आठ सय ३१ र ललितपुरमा १३ सय ८६ थपिएका छन् । मंगलबार काठमाडौंमा चार हजार तीन सय २१, भक्तपुरमा पाँच सय ५६ र ललितपुरमा सात सय ५५ जना थपिएका थिए । राजधानीको कोरोना बढ्नुको मुख्य कारण भिडभाड भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । आमिक्रोन संक्रमण तीव्र रूपमा बढ्नु र त्यही वेला काठमाडौंमा पार्टीका महाधिवेशनले भिड बढाउनु मुख्य कारण भएको मन्त्रालयले जनाएको छ । स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समीर अधिकारी भिड व्यवस्थापन नभएका कारण यसपटक राजधानीमा बढी संक्रमित भएको बताउँछन् ।

खोप सेवा लगाउने स्थानमा पनि अचाक्ली भिड देखिएको छ । कहीँ सामाजिक दूरी कायम छैन । खोपकै कारण पनि केस फैलिरहेको चिकित्सकहरू बताउँछन् । देशभर खोप अभियान सञ्चालन भए पनि अपेक्षाअनुसार लगाउन सकेका छैनन् । बिहीबार दुई लाख ३४ हजार दुई सय १४ जनाले खोप लगाएका छन् । सरकारले भने दैनिक पाँच लाखसम्मको लक्ष्य लिएको थियो । देशभर ५७ हजार तीन सय २८ जना सक्रिय संक्रमित पुगेका छन् । सरकारी तथ्यांकअनुसार एक हजार चार सय ९२ जना मात्रै अस्पतालमा बसेका छन् । उनीहरूको अवस्थामा पनि सामान्य रहेको अधिकारीले बताए । हाल देशभर एक सय ८६ जना आइसियू र २७ जना भेन्टिलेटरमा उपचाररत रहेका छन् ।

### ■ सार्वजनिक सेवामा आजदेखि खोपकार्ड अनिवार्य

सरकारले सार्वजनिक सेवामा शुक्रबारबाट कोभिडको खोप लगाएकालाई मात्र प्रवेश अनुमति लागू गर्दै छ । यसअघि नै भएको निर्णयअनुसार सार्वजनिक निकाय, कार्यालय, होटेल तथा रेस्टुरेन्टमा खोपको पूर्ण मात्रा लगाएकालाई मात्र प्रवेश दिन भनिएको छ । सार्वजनिक स्थल, पार्कमा पनि खोपकार्ड अनिवार्य गरिएको छ ।

गोष्ठी, सेमिनार, समीक्षा, बैठकमा पनि खोप कार्ड अनिवार्य गरिएको छ । गोष्ठी, सेमिनार, समीक्षा, बैठकलगायत क्रियाकलाप सकभर भर्चुअल माध्यमबाट गर्न भनिएको छ । तर, भौतिक रूपमै उपस्थित भएर गर्नुपरेमा जनस्वास्थ्यका मापदण्ड पालना गर्न, एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएकालाई मात्र बढीमा २५ जना सहभागी हुनेगरी सञ्चालन गर्न स्वीकृति दिइएको छ । त्यस्तै, सबै प्रकारका आमसभा, जुलुस, भेला तथा धेरै मानिस भेला हुने क्रियाकलाप माघ मसान्तसम्मका लागि प्रतिबन्ध लगाइएको छ ।



शुक्रबार ट्रपिकल अस्पताल टेकुमा कोभिडविरुद्धको खोप लगाउन लाइनमा बसेका सर्वसाधारण

### ■ काठमाडौंमा अत्यावश्यकबाहेक सबै सवारीसाधनमा जोरबिजोर प्रणाली

तेस्रो लहरको सुरुवातदेखि कोरोनाको हटस्पट बनेको काठमाडौं उपत्यकामा अत्यावश्यकबाहेक सबै सवारीसाधनमा शुक्रबार राति १२ बजेदेखि जोरबिजोर प्रणाली लागू हुँदै छ । स्वास्थ्य मन्त्रालयले माघ दोस्रो साता संक्रमण उच्च बिन्दुमा पुग्ने प्रक्षेपण गरेका वेला उपत्यकाका तीनै प्रमुख जिल्ला अधिकारीहरूको बिहीबार बसेको बैठकले जोरबिजोर लागू गर्ने निर्णय गरेको हो ।

जोर मितिमा जोर र बिजोर मितिमा बिजोर नम्बरका सवारीसाधन सञ्चालन गर्ने निर्णय भएको ललितपुरका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायले बताए । 'दुईपांग्रेसहितका सार्वजनिक र निजी सबै सवारीसाधनमा जोरबिजोर लागू गर्ने निर्णय गरेका छौं,' उनले भने, 'जोर मितिमा जोर र बिजोर मिति बिजोर नम्बरका सवारीसाधन चल्न पाउनेछन् ।'

औषधिलगायत स्वास्थ्य सामग्री बोकेका सवारीसाधन, एम्बुलेन्स, दमकल, शववाहन, ग्यास र पेट्रोलियम पदार्थ बोकेका गाडी, खाद्यान्न, फलफूल, तरकारी, माछामासु बोकेका तथा पशुपक्षीका दाना बोकेका सवारीसाधनलाई भने जोरबिजोर लागू हुनेछैन । सरकारी नम्बर प्लेटका सवारीसाधनलाई पनि जोरबिजोर लगाइएको छैन ।

सिडिओहरूको संयुक्त बैठकको निर्णयपछि तीनवटै जिल्ला प्रशासनले एकै व्यहोराको सार्वजनिक सूचना जारी गरी आलोपालो सेवाप्रवाहको प्रबन्ध मिलाउन पनि भनेका छन् । सार्वजनिक निकायका कैयौँ कर्मचारी पनि कोभिड संक्रमित भएको र भिडभाडका कारण संक्रमण बढ्न सक्ने भएकाले सेवा प्रवाहमा आलोपालो मिलाउन भनिएको प्रमुख जिल्ला अधिकारी उपाध्यायले बताए ।

### ■ त्रिविका ९ माघपछिका परीक्षा मात्र स्थगित हुने

त्रिभुवन विश्वविद्यालयले ९ माघदेखिका परीक्षा स्थगित गरेको छ । शुक्रबार बिएस्सी चौथो वर्ष र शनिबार व्यवस्थापन संकायको स्नातक तहको प्रवेश परीक्षा सञ्चालन गरी आइतबारदेखि मात्र परीक्षा स्थगित गर्ने त्रिविले निर्णय गरेको हो । कोभिडको संक्रमण तीव्र गतिमा फैलिएपछि परीक्षाहरू स्थगित भएको हो । त्रिवि परीक्षा नियन्त्रक पुष्पराज जोशीले बिएस्सी चौथो वर्षका थोरै विद्यार्थी र छोटो समयको भएकाले शुक्रबार परीक्षा सञ्चालन हुने बताए । बिएस्सीको सञ्चालन भइरहेको परीक्षा शुक्रबारबाट सम्पन्न हुने र आइतबारदेखि हुने भनिएको कानुन संकायका परीक्षा अर्को सूचना नहुन्जेल स्थगित गर्ने निर्णय भएको नियन्त्रक जोशीले बताए । उपत्यका र बाहिरका परीक्षा केन्द्रहरूमा शिक्षक, कर्मचारी तथा विद्यार्थीसमेत संक्रमित भएकाले बिहीबार बसेको त्रिवि केन्द्रीय परीक्षा सञ्चालक समितिको बैठकले परीक्षा स्थगित गर्ने निर्णय गरेको हो । शनिबार त्रिविको व्यवस्थापन संकायमा ठूलो संख्यामा प्रवेश परीक्षा दिँदै छन् । सो परीक्षा भने सञ्चालन गर्ने भएको छ । सेमेस्टर प्रणालीका विषय अध्ययन गर्न चाहने विद्यार्थीका लागि व्यवस्थापन संकायले प्रवेश परीक्षा लिँदै छ । ठूलो संख्या भएको र खोपसमेत नपाएका विद्यार्थीहरू संक्रमणको त्रासमा छन् । त्रिविले परीक्षा स्थगित गरेपछि पूर्वाञ्चल विश्वविद्यालयले पनि बैठक बसेर निर्णय गर्ने तयारी गरेको छ । पूर्वाञ्चल विश्वविद्यालयका परीक्षा नियन्त्रक मोहनबहादुर बस्नेतले शुक्रबार बैठक बसेर निर्णय गर्ने बताए । 'सम्भवतः भोलि बैठक बसेर बाँकी परीक्षा स्थगित गर्ने निर्णय हुन्छ,' उनले भने । पूर्वाञ्चल विश्वविद्यालयमा बिहीबारसम्म परीक्षा चलेको थियो ।

### ■ लोकसेवाका लिखित परीक्षा स्थगित

कोभिड- १९ संक्रमणले लोकसेवा आयोगका परीक्षा पनि स्थगित भएका छन् । आयोगको बिहीबारको बैठकले ११ गतेदेखि माघ मसान्तसम्म तय भएको सबै लिखित परीक्षा स्थगित गर्ने निर्णय गरेको हो । 'कोभिड संक्रमणले परीक्षा सञ्चालन गर्ने स्थिति बनेन,' आयोगका प्रवक्ता तोयनारायण सुवेदीले भने, 'अवस्था सहज भएपछि थप निर्णय हुनेछ ।' उपसचिव प्राविधिक, स्वास्थ्य सेवा नवौँ तह, नेपाल प्रहरी, नेपाली सेना र नेपाल विद्युत् प्राधिकरणको लिखित परीक्षा माघका लागि तय भएको थियो । तर, अब १ फागुनदेखि सञ्चालन हुने भनिएका लिखित परीक्षा पनि कम्तीमा एक साताको पूर्वसूचना दिएर पुनः तालिकीकरण हुने उनले बताए । आयोगका अन्य काम भने यथावत् रहनेछन् ।

कर्मचारीमा पनि कोभिड- १९ को संक्रमण बढेपछि पछिल्लो समय सरकारी कार्यालयले सेवा कटौती गरेका छन् । काठमाडौं र ललितपुर जिल्ला प्रशासन कार्यालयले नेपाली नागरिकता प्रदान, नागरिकताको प्रतिलिपि, नाबालक परिचयपत्र, राष्ट्रिय परिचयपत्र र राहदानी वितरण स्थगित गरिसकेका छन् । त्यस्तै, राहदानी विभागले पनि अत्यावश्यकबाहेकका सेवा स्थगित गरेको छ । यसअघि टोकन लिएका तथा बुकिङ भएकाबाहेक नयाँ राहदानी जारी गर्न बन्द गरिएको छ ।

### ■ सुनसरीमा ४८ स्वास्थ्यकर्मी संक्रमित

**देवेन्द्र कार्की**/धरान

सुनसरीका विभिन्न स्थानीय तहका ४८ जना स्वास्थ्यकर्मीलाई कोभिड संक्रमण भएको छ । स्वास्थ्यकर्मीहरू नै संक्रमित भएपछि अस्पतालहरूमा स्वास्थ्य सेवामा समस्या देखिन थालेको छ । जिल्ला जनस्वास्थ्य प्रमुख सागर प्रसाईका अनुसार इटहरी उपमहानगरपालिकामा १४, बराहक्षेत्र नगरपालिकामा १०, नरुवा नगरपालिकामा तीन, धरान उपमहानगरपालिकामा १७, हरिनगरा गाउँपालिकामा दुई र कोसी गाउँपालिकामा एकजना स्वास्थ्यकर्मी संक्रमित भएका छन् ।

बराहक्षेत्र नगरको चतरा, मधुवन प्राथमिक स्वास्थ्य केन्द्र र प्रकाशपुर स्वास्थ्य चौकीका १० जना स्वास्थ्यकर्मीमा संक्रमण देखिएको छ । बुधबार र बिहीबार गरिएको परीक्षणमा प्राथमिक स्वास्थ्य केन्द्र चतराको ल्याबमा कार्यरत तीन र पारामेडिक्सका चिकित्सक दुई, प्रकाशपुरको स्वास्थ्य चौकीका दुई महिला र दुई पुरुष कर्मचारी तथा मधुवन प्राथमिक स्वास्थ्य केन्द्रका एकजना स्वास्थ्यकर्मीमा संक्रमण पुष्टि भएको नगरपालिकाका स्वास्थ्य सहायक जितेशजंग थापाले जानकारी दिएका छन् । उनीहरूसँग नजिक भएर काम गरेका स्वास्थ्यकर्मीहरू कन्ट्याक ट्रेसिङमा परेपछि स्वास्थ्य केन्द्रहरू स्वास्थ्यकर्मीविहीन हुन थालेको स्थानीयले बताएका छन् ।

धरान उपमहानगरपालिकाका विभिन्न स्वास्थ केन्द्रका १७ जना स्वास्थ्यकर्मी संक्रमित छन् । वडा नम्बर १४ र २० को स्वास्थ्य केन्द्र बन्द नै गर्नुपरेको धरान उपमहानगरपालिकाका स्वास्थ्य महाशाखा प्रमुख उमेश मेहताले जानकारी दिए ।

दुई स्वास्थ्यकर्मीसहित ३९ जनालाई कोरोना

### ■ सामान्य बिरामीलाई अस्पताल नआउन आग्रह

**नरेन्द्रसिंह कार्की**/दार्चुला

दार्चुलामा दुई स्वास्थ्यकर्मीसहित ३९ जनालाई कोरोना संक्रमण पुष्टि भएको छ । भारतबाट आउने अधिकांशमा संक्रमण पुष्टि भएको हो । कोरोना देखिएकोमा दुईजना जिल्ला अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी रहेको स्वास्थ्य कार्यालय दार्चुलाका सूचना अधिकारी खगेन्द्र कार्कीले जानकारी दिए । संक्रमण पुष्टि भएपछि अहिले भारतसँग सीमा जोडिएका नाकाहरूमा एन्टिजेन परीक्षण सुरु गरिएको उनको भनाइ छ ।

अहिले पुलघाट, जोलजीवी र दत्तुमा चेकजाँचको व्यवस्था मिलाइएको छ । सीमामा आउने सबैको अनिवार्य चेकजाँचको व्यवस्था मिलाइएको उनले बताए । जिल्ला प्रशासन कार्यालय दार्चुलाले सामान्य र पछि जाँच गराउँदा पनि निको हुने बिरामीलाई तत्काल अस्पताल नआउन आग्रह गरेको छ । जिल्ला अस्पतालका डा.आदर्श लिम्बूले सामान्य प्रकृतिका बिरामीलाई तत्काल अस्पताल नआउन भनेको बताए । विगत केही दिनदेखि जिल्लामा कोरोना संक्रमित बढ्दै गएकाले सामान्य बिरामी नआउन आग्रह गरिएको उनले बताए । कोरोना संक्रमित बिरामीलाई राख्न ठाउँ अभाव हुने भएकाले तत्काल अस्पताल नआउन आग्रह गरिएको अस्पताल प्रशासनले जनाएको छ । पछिल्लो समय अस्पतालमा चिसोबाट प्रभावित भएर उपचारका लागि अस्पताल आइपुग्ने बिरामीको संख्या पनि ह्वात्तै बढेको अस्पतालले जनाएको छ ।

कोरोना जोखिम बढ्दै गएपछि जिल्ला कारागारमा कैदीबन्दी भेटघाट बन्द गरिएको छ । जिल्ला कारागारले कोरोनाको उच्च जोखिमलाई ध्यानमा राखेर कैदीबन्दी भेटघाट बन्द गरेको हो । कारागार प्रशासनले गत वर्ष पनि कोरोना संक्रमण उच्च हुँदा केही समयलाई कैदीबन्दी भेटघाट बन्द गरेको थियो । कोरोना जोखिम कम हुँदै गएपछि कैदीबन्दी भेटघाट खुला गरिएकामा हाल जोखिम तीव्र गतिमा बढेकाले भेटघाटलाई पूर्णरूपमा बन्द गरिएको जिल्ला कारागारका जेलर वीरेन्द्रसिंह धामीले जानकारी दिए ।

### ■ मध्यबिन्दु अस्पतालका २५ कर्मचारीलाई कोरोना, ओपिडी सेवा बन्द

**रामकुमार श्रेष्ठ**/नवलपरासी

पूर्वी नवलपरासीको मध्यबिन्दु जिल्ला अस्पतालमा कार्यरत कर्मचारीमध्ये एकचौथाइ कर्मचारीमा कोरोना संक्रमण देखिएको छ । मध्यबिन्दु जिल्ला अस्पताल डण्डाका सूचना अधिकारी छविलाल सुवेदीका अनुसार अस्पतालका सबै शाखाका गरी एक सय कर्मचारीमध्ये २५ जनामा कोरोना देखिएको हो । अस्पतालका एकचौथाइ कर्मचारीमा कोरोना देखिएपछि अस्पतालको ओपिडी सेवा र पिसिआर परीक्षण सेवा बन्द भएको उनले बताए । अस्पतालमा इमर्जेन्सी सेवा र कोरोना परीक्षणका लागि एन्टिजेन प्रविधिबाट परीक्षण भने भइरहेको छ । अस्पतालको पिसिआर परीक्षण शाखाका कर्मचारीहरूलाई कोरोना देखिएपछि परीक्षणमा जटिलता थपिएको छ ।








नेपालगंज उप–महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके जिल्ला
लुम्बिनी प्रदेश, नेपाल

**आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति : २०७८/१०/०७

यस कार्यालयको आ.व.२०७८/०७९ मिति २०७८/०८/१२ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका तथा E-Bid मार्फत प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार NSMC/NCB/W05/078-079 **को** Construction Of Road At Various Places कार्यको लागि बिद्युतीय बोलपत्र प्रणाली मार्फत दाखिला भएका प्राबिधिक मूल्याङ्कनमा सफल भएका तपशिल बमोजिमका बोलपत्रदाताको आर्थिक प्रस्ताव मिति २०७८/१०/१४ गतेका दिन दिनको २:०० बजे खोलिने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तपशिल

| क्र.सं. | प्राविधिक प्रस्तावमा सफल भएका फर्म | कैफियत (Adress) |
|---|---|---|
| 1. | **Khadka Nirman Sewa** | Chisapani-3, Banke phone: 9858020632 |
| 2. | **Mahadev Khimti - Yadav JV** | Putalisadak 32 Kathmandu 014439272 9851065907 mahadevkhimtinirmansewa@gmail.com phone: 9851065907 |
| 3. | **Puspanjali/P.S J.V.** | NAubasta, Banke, Lumbini Province , Nepal phone: 9858024583 |
| 4. | **Bikas/Abhiyan JV** | Manma-06,Kalikot, Karnali Province,Nepal phone: 9851311787 |
| 5. | **Mahalaxmi-Narayanam JV** | Nepalgunj-24,Banke,Lumbini Province phone: 9851158853 |

**Chharka Tangsong Rural Municipality**
**Office Of The Rural Municipal Executive**
Kagkot, Dolpa
Karnali Province, Nepal

**INVITATION FOR ELECTRONICS BIDS**

Contract Identification No: **CTRM/DOLPA/WORKS/NCB/ 05, 06-078/079**
Date of publication: **21-01-2022 (2078-10-07)**

1. The government of Nepal has allocated found towards the cost of contracts Description Table (CDT) at end of the Notice and intends to apply part of the fund to cover eligible payment under the contract for the construction of work in the following project for which this tender invitation is issued.
2. The ChharkaTangsong Rural Municipality office of the Rural Municipal Executive Kagkot, Dolpa invites electronics bids from eligible bidders for the following work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Chharka Tangsong Rural Municipality, Kagkot Dolpa Karnali Province Nepal*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of **Below table** bidding document in the Project's Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank : **Rastriya Banijya Bank Ltd.**
   Name of Office : **Chharka Tangsong Rural Municipality, Dolpa**
   Office Code no. : ……………..
   Office Account no. : **4530100301010002**
   Rajaswa (revenue) Shirshak no. : **14229**
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00*** on ***20-02-2022(2078-11-08)***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***20-02-2022(2078-11-08)14:00*** at the office of ***Chharka Tangsong Rural Municipality, Dolpa***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **below table**, which shall be valid for 30 days beyond the validity period of the bid.

   **Bidder who choose to deposit cash as bid security account is mentioned below:**
   Name of the Bank : **Rastriya Banijya Bank Ltd.**
   Name of Office : **Chharka Tangsong Rural Municipality, Dolpa**
   Office Code no. : ……………..
   Office Account no. : **4530100303000002**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and other prevailing rules and regulations of Nepal.

**Contracts Description Table (CDT)**

| S. N | *Contract* No. | *Description* of Work | *Estimated* Amount NRs(*Inclusive of VAT and Contingencies*) | *BidSecurity* Amount (*NRs*) | *Fee for bid Procurement NRs* |
|---|---|---|---|---|---|
| 1 | *CTRM/DOLPA/WORKS/NCB/05-078/079* | *Chymar Bhir Bato Nirman* | ***1,10,08,651.83*** | *2,36,000.00* | *3,000.00* |
| 2 | *CTRM/DOLPA/WORKS/NCB/06-078/*079 | *Chharang, Dhukot to Terang Road Construction* | ***1,00,03,839.66*** | *2,14,000.00* | *3,000.00* |

**Chief AdministrativeOfficer**


# ६ करोड लागतको खानेपानी योजना सम्पन्न भएको तीन वर्षमै प्रयोगविहीन

**केशव गुरुङ/नयाँ पत्रिका**
**गोरखा, ६ माघ**



गुप्सीपाखा खानेपानी आयोजनाको फुटेको पाइप।

६ करोड रुपैयाँको लागतमा तीन वर्षअघि निर्माण सम्पन्न गरिएको गुप्सीको एकीकृत बस्तीमा सञ्चालित खानेपानी आयोजना प्रयोगविहीन भएको छ। २१ किलोमिटर परबाट ल्याइएको खानेपानीको पाइप धेरै ठाउँमा क्षतिग्रस्त भएपछि आयोजना प्रयोगविहीन भएको हो।

तीन हजार आठ सय ५० मिटर उचाइमा रहेको भुल्मचेतको मुहानबाट ल्याएको खानेपानी पाइपमा हिउँ जमी जहाँतहीँ फुटेर हैरान पारेको भुल्मचेत खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष सुकबहादुर गुरुङले जानकारी दिए। 'हिउँ पर्न थालेपछि पाइपभित्रै पानी जम्न थाल्छ। त्यसपछि फलामको पाइप जहाँतहीँ फुट्छ,' गुरुङले भने, 'बनाउनेबित्तिकै यस्तो समस्या देखिएको हो। यसपालि पनि पाइप फुटेर पानी नआएको डेढ महिना भइसक्यो।'

आयोजनाको समथर ठाउँमा कालो पाइप र भिरालोमा फलामे पाइप प्रयोग गरिएको छ। प्राविधिक कारणले फलामका पाइपहरू फुट्नाले स्थानीय पानी उपभोग गर्नबाट वञ्चित भएका छन्। धेरै टाढाबाट कष्टपूर्वक ल्याइएको खानेपानी प्रयोग गर्न नपाउँदा दुःख लागेको उनको भनाइ छ। यसअघि ठाउँठाउँमा टालटुल गरेर काम चलाइएको भए पनि अहिले भने पाइपमा धेरै नै क्षति पुगेकाले बनाउन असम्भव रहेको गुरुङ बताउँछन्। 'खानेपानी मर्मत गर्न जान एकदिन, फर्कन अर्को एकदिन लाग्छ। सजिलाका लागि बीचतिर एउटा घर निर्माण गरिएको थियो। त्यो पनि नचिनेका मान्छेले भत्काइदिएछन्,' उनले भने, 'त्यहाँका जेनेरेटरलगायत सबै सामान पनि फुटाइदिएछन्। त्यो सामान नौजनाले तीनदिन लगाएर ढुवानी गरेका थिए। अब मर्मत गर्न समितिसँग बजेट छैन।'

## २१ किलोमिटर दूरीमा १२ वटा ट्यांकी निर्माण

केयर नेपाल र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय गोरखाको आर्थिक सहयोग र स्वाँरा सघन ग्रामीण विकास केन्द्रको साझेदारीमा खानेपानी परियोजना सम्पन्न भएको हो। नेपाल भूकम्प पुनर्लाभ तथा पुनर्स्थापना परियोजनाअन्तर्गत पाँच करोड ८७ लाख २० हजार रुपैयाँ लागतमा खानेपानी परियोजना सम्पन्न भएको स्वाँरा सघनका कार्यक्रम संयोजक द्रोणाचार्य तिमल्सिनाले बताए। गैरआवासीय नेपाली संघ (एनआरएनए) ले निर्माण गरेको पाँच सय ७३ घर रहेको एकीकृत बस्तीमा आयोजनाबाट ल्याइएको खानेपानी वितरण गरिएको छ।

'खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयबाट पाइप खरिद र फिटिङ गर्न एक करोड ८७ लाख तीन हजार ७६ रुपैयाँ र केयर नेपालको तर्फबाट अन्य सामग्री खरिद, सामान ढुवानी र कामदारको ज्यालाका लागि तीन करोड ७० लाख २५ हजार रुपैयाँ खर्च भएको थियो,' तिमल्सिनाले भने। हिमाली क्षेत्रमा खानेपानी पाइप सबै हेलीमार्फत ढुवानी गर्नुपरेकाले पनि धेरै लागत लागेको उनको भनाइ छ। ग्रामीण भूगोल र हिमाली क्षेत्र भएकाले खानेपानी निर्माणमा खटिने कामदारको ज्यालामा मात्र एक करोड ५९ लाख खर्च भएको उनले जानकारी दिए। १४ चैत ०७३ बाट सुरु भएको आयोजना ०७५ फागुनमा सम्पन्न भएको थियो। वडाध्यक्ष राज गुरुङले विकासको आशा देखाएर उपभोक्तालाई दुःख दिने काम भएको भन्दै आपत्ति प्रकट गरे।

## वैकल्पिक मुहानको खोजी

खानेपानी आयोजनामा पटक-पटक समस्या आएपछि वैकल्पिक मुहानको खोजी भएको छ। 'धेरै उचाइमा रहेको र लामो दूरी रहेकाले समस्या भएको हो, त्यसैले छोटो दूरी र कम उचाइमा रहेको मान्द्रा खोलाबाट खानेपानी ल्याउने भनेर वैकल्पिक मुहान खोजेका छौँ,' अध्यक्ष गुरुङले भने। वैकल्पिक नयाँ मुहानको डिपिआर तयार पारेर प्रदेश सरकारलाई पठाइसकेको उनले बताए। नयाँ मुहानबाट पानी ल्याउन सके फलामका पाइपहरू चिसोबाट नफुट्ने उनको भनाइ छ। वैकल्पिक मुहान २८ सय १८ मिटरको उचाइमा रहेको उनले बताए। मुहानबाट ल्याइएको पानी यसअघि निर्माण गरिएको लाम्रमा रहेको खानेपानी ट्यांकीमा आएर जोडिनेसमेत उनले बताए।

# उजुङ गाउँका घरघरमा पानीका धारा

**टोपलाल अर्याल/नयाँ पत्रिका**
**गुल्मी, ६ माघ**

इस्मा गाउँपालिका- १ उजुङका ७७ वर्षीय टीकाबहादुर कुँवरलाई घरछेउमा पानी आउला भन्ने कल्पना पनि थिएन। अघिल्ला थुप्रै पुस्ताले खानेपानीका लागि खोला र पँधेरा धाए। उनी स्वयंले पनि पानीका लागि आधा रातमै पँधेरा झर्नुपरेको थियो, कैयौँपटक झगडा नै गर्नुपरेको थियो। तर, अब ती स्मृतिमा मात्र छन्। सामुन्ने छ, खानेपानीको धारा।

'घरकै छेउमा पानी आउने आस नै थिएन। पानी बोक्दा कैयौँ पुस्ताका जुग गए,' उनले भने, 'प्रविधि र विकासले अहिले घरमै पानी झर्‍यो।' सोही गाउँकी ४८ वर्षीया लक्ष्मी कुँवरसँग पानीका लागि राति २ बजे खोला झरेका अनुभव छन्। कैयौँ बिहान खोला र पँधेरामा बिते। रातमा पनि निद्रा पर्दैनथ्यो। 'राति निद्रामा पनि खोला र पँधेराको सम्झना आउँथ्यो। एक बिहानमा एक गाग्रो पानी घर आउँथ्यो,' उनले भनिन्, 'अहिले घरमै पानी आउँछ, ढुक्कले निदाउन पाएका छौँ।' पानीकै कारण कैयौँका जनजीवन प्रभावित थिए। विद्यार्थी विद्यालय पुग्ने वेला खोला र पँधेरामा हुन्थे। जनज्योति निमाविका प्रधानाध्यापक चुमा कुँवरका अनुसार विद्यार्थीले विद्यालय आउँदा पनि डोको र गाग्री बोकेर आउँथे। शनिबार विद्यालयको पोसाक धुन पनि सोच्नुपर्ने स्थिति थियो। अहिले गाउँमा पानी आएपछि सबैका जीवन फेरिएका छन्। पानी घरमै आएपछि समयको बचत, सरसफाइ र सानोतिनो तरकारी खेतीमार्फत आयआर्जनमा टेवा पुगेको सोही गाउँकी राधा परियारले बताइन्।

उजुङवासीको खानेपानी समस्या नयाँ होइन। नजिकमा खोला र मूल थिएनन्। धेरै पुस्ताले घन्टौँ हिँडेर पानी बोके। ०७० मा दुन्दुरखोला-हर्पुकोट लिफ्ट खानेपानी आयोजना पर्‍यो। लामो समयपछि आयोजना सम्पन्न भएको छ। यो आयोजनामार्फत दुई सय ८४ घरमा 'एक घर एक धारा' सम्पन्न भएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका कार्यालय प्रमुख अनुज उपाध्यायले जानकारी दिए। अहिलेसम्म करिब चार करोड खर्च भएको छ। नेपाल सरकारको तीन करोड १६ लाख ४१ हजार र स्थानीय तह र उपभोक्ताको जनश्रमदान ७९ लाख ३६ हजार दुई सय ६१ गरेर कुल तीन करोड ९५ लाख ७७ हजार दुई सय ६६ रुपैयाँ खर्च भएको उपाध्यायले बताए। उनले आयोजना व्यवस्थित बनाएर उपयोग गर्न उपभोक्तालाई सुझाव दिए। प्रविधिले खोलाको पानी डाँडोमा आएकाले निगरानी, सरसफाइ र मर्मतसम्भार नभए समस्या हुने भएकाले राम्रो व्यवस्थापकीय पक्षमा ध्यान दिन उपाध्यायले आग्रह गरे।

त्यस्तै, इस्मा गाउँपालिका- ५ इस्मा रजस्थलको जुकेपानी-बजाउने डाँडा-वनगाउँ लिफ्ट खानेपानी योजनामार्फत पनि ६८ घर परिवारलाई 'एक घर, एक धारा' पुर्‍याइएको छ। खानेपानी योजना ०७६ पुसमा सम्झौता भएर ०७७ चैतमा सम्पन्न भएको थियो। यो योजनाको लागत ६४ लाख बढी रहेको योजना अध्यक्ष लीलबहादुर विष्टले जानकारी दिए। जुकेपानी-बजाउने डाँडा-वनगाउँ लिफ्ट खानेपानी योजनाका उपभोक्ता रामबहादुर विष्टले जुग फेरिएको महसुस भएको बताए। हिउँद र बर्खा घन्टौँ हिँडेर खोला तथा पँधेरा चहार्ने नागरिकको ठूलो सपना पूरा भएको विष्टले बताए।


Invitation for Bids
Panchajanya Madhyamik Bidhyalaya
Padanaha, Bardiya
Lumbini Province, Nepal

**Invitation for National Competitive Bidding for the Construction Work on the Following Project**

Date of publication: 2078/10/07

1) Panchajanya Madhyamik Bidhyalaya, Padanaha -Bardiya invites National Competitive Bidding (NCB) from registered contractors for the construction of following works.
2) The Estimated amount for the works is as specified on the following Table.
3) Eligible Bidders may get further information on telephone: 9842667009 email: panchajanya2019@gmail.com.
4) Bidders shall have submit their bid electronically only. No hard copy will be provided or accepted in the office.
5) Bid shall be opened in the presence or in the absence of Bidders' representatives chosen by Bidders to attend at 14:00 hour and 2078/11/08 at the school of Panchajanya Madhyamik Bidhyalaya, Padanaha -Bardiya
6) Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for 30 days beyond the bid validity period.
7) If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit School Account No.B241499063524001 at NIC ASIA Bank, Magragadhi Branch and submit the receipt of the deposited amount of cash along with the bid document and School Account no: .B241499063524001 (for Bid document cost).
8) If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9) Bidders are advised to visit site and assess the actual site conditions before submitting their bids.
10) The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, what so ever.

Table:-

| SN | Contract ID | Contract name | Bid Security Amount | Bid Document Cost | Estimated Amount ( Including VAT ) |
|---|---|---|---|---|---|
| 1 | MG/W/NCB/BMO/ Panchajanya-01/2078-079 | Panchajanya MV Model School Construction Work (RCC 8-Room, 2-Storey) | 3,50,000.00 | 3,000.00 | NRs:1,40,64,969.02 |

Head Master
Panchajanya Madyamik Bidhyalaya
Padnaha, Bardiya
Lumbini Province, Nepal

## नयाँ बसपार्क सामूहिक बलात्कार प्रकरण

# तीन होटेल सञ्चालकविरुद्ध पनि मुद्दा

नयाँ पत्रिका
काठमाडौं, ६ माघ

तीन साताअघि नयाँ बसपार्कमा एक महिलामाथि नौजनाबाट भएको सामूहिक बलात्कार घटनामा प्रहरीले होटेल सञ्चालकलाई समेत जिम्मेवार बनाएको छ। प्रहरीले तीन होटेल सञ्चालकलाई समेत पक्राउ गरी मुद्दा दायर गरेको छ।

होटेल सञ्चालकहरू जानुका घिमिरे पोखरेल, मञ्जु खरेल न्यौपाने र द्रोणाचार्य पौडेललाई पक्राउ गरी घटनाका मतियारमा रूपमा अभियोग लगाएको छ।
यस्ता अपराधमा होटेल सञ्चालकलाई समेत उत्तरदायी बनाउन सरकारी वकिल कार्यालयकै परामर्शमा उनीहरूलाई पक्राउ गरी मतियारका रूपमा मुद्दा दायर गरिएको महानगरीय प्रहरी परिसर काठमाडौंका एसएसपी सुदीप गिरीले बताए। 'होटेलमा आउनेको रेकर्ड राम्रोसँग राखिएको देखिएन,' एसएसपी गिरीले नयाँ पत्रिकासँग भने, 'त्यत्रो घटना हुँदा पनि प्रहरीलाई कुनै जानकारीसमेत गराइएन, होटेल सञ्चालकको काम ग्राहकसँग पैसा उठाउने मात्र होइन नि ! होटेलभित्र के भइरहेको छ भनेर जानकारी पनि राख्नु हो। त्यही भएर सञ्चालकलाई पनि मतियार बनाएका हौं।'

महिलामाथि फरक-फरक तीनवटा होटेलमा सामूहिक बलात्कार भएको प्रहरीले जनाएको छ। पहिलो होटेलमा ६ जनाबाट, दोस्रोमा दुई र तेस्रोमा एकजनाबाट बलात्कार भएको प्रहरीको अनुसन्धानमा खुलेको छ। गत १२ र १३ पुसमा नयाँ बसपार्कमा सुर्खेतबाट काठमाडौं आएकी एक महिलालाई १६ घन्टासम्म नियन्त्रणमा राखेर नौजनाले सामूहिक बलात्कार गरेका थिए। प्रहरीले सिसिक्यामेराको सहयोगमा घटनाको २४ घन्टाभित्रै आरोपीलाई पक्राउ गरेको थियो। अनुसन्धान पूरा गरी नौजना मुख्य आरोपी र तीनजना मतियार गरेर १२ जनाविरुद्ध बुधबार जिल्ला अदालतमा मुद्दा दायर भएको छ। बिहीबारदेखि अदालतमा आरोपीको बयान सुरु भएको छ।

पीडित महिला घटनाकै दिन सुर्खेतबाट काठमाडौं आएकी थिइन्। सहयोग गर्ने आश्वासनमा आफूलाई होटेलमा लगेर बलात्कार गरिएको पीडितको भनाइ छ। प्रहरीले मुगुको छायाँनाथ नगरपालिकाका हिक्मत नेपाली, रतन नेपाली, शिवहरि बुढा, सुरेश सेजुवाल, दीपक नेपाली, युवराज बडुवाल, हस्त नेपाली र चन्द्र साउद तथा अर्घाखाँची स्थायी घर भई कपिलवस्तुको बुद्धभूमिमा गोपालकुमार शिरीषविरुद्ध मुद्दा दायर भएको छ। उनीहरूमध्ये सबैजसो वैदेशिक रोजगारको प्रक्रियाका लागि नयाँ बसपार्कका गेस्टहाउसमा बसेका थिए।

गत १३ पुसमा पीडित महिला आफूमाथि नौ-दशजनाले सामूहिक बलात्कार गरेको भन्दै उजुरी लिएर नयाँ बसपार्कस्थित प्रहरी प्रभागमा पुगेपछि प्रहरीले घटनाको जानकारी पाएको थियो। तत्कालै प्रहरीले सिसिक्यामेराको सहयोगमा अनुसन्धान गर्दा महिलालाई युवकहरूले लिएर गएको होटेल पहिचान गरी पक्राउ गरेको थियो। पक्राउको तीन हप्तापछि प्रहरीले सरकारी वकिल कार्यालयमार्फत अदालतमा मुद्दा दायर गरेको हो। उनीहरूलाई १५ वर्षसम्म कैद सजायको माग गरी मुद्दा दायर गरिएको छ। मुलुकी अपराध संहिता, २०७४ को करणीसम्बन्धी कसुरअनुसार १८ वर्षभन्दा बढी उमेरको महिलामाथि बलात्कारमा १० वर्षसम्म कैद तथा सामूहिक बलात्कारमा थप पाँच वर्ष सजाय हुने कानुनी प्रावधान छ। उनीहरूलाई अधिकतम सजाय माग गरी मुद्दा दायर गरिएको प्रहरीले जनाएको छ।


फाइल तस्बिर



● एसएसपी सुदीप गिरी
महानगरीय प्रहरी परिसर काठमाडौं
यस्ता अपराधमा होटल सञ्चालकलाई समेत उत्तरदायी बनाउन सरकारी वकिल कार्यालयको परामर्शमा उनीहरूलाई पक्राउ गरी मतियारका रुपमा मुद्दा दायर गरेका हौं।

# नेपालबाट अमेरिका, युरोपमा अनलाइन जुवा

नयाँ पत्रिका
काठमाडौं, ६ माघ

नेपालमा बसेर चीनमा जुवा खेलाउने एक सय २२ चिनियाँलाई गत वर्ष नेपाल प्रहरीले पक्राउ गरी निष्कासन गरेको थियो। चीनमा मात्र होइन, नेपालमार्फत युरोपियन तथा अमेरिकालगायत देशमा पनि यसरी अनलाइन जुवा खेलाउने गरिएको प्रहरीले पत्ता लगाएको छ।

बुधबार प्रहरीले अन्तर्राष्ट्रिय गिरोहसँग मिलेर यस्तो धन्दामा संलग्न १२ जना नेपालीलाई पक्राउ गरेको छ। उनीहरूले तीनवटा घर भाडामा लिएर २४सै घन्टा अनलाइन जुवा खेलाउने गरेको महानगरीय अपराध महाशाखाका प्रमुख एसएसपी वसन्तबहादुर कुँवरले बताए। 'दुई सिफ्टमा कर्मचारी राखेर २४सै घन्टा अनलाइन जुवा खेलाउने गरेको देखियो,' एसएसपी कुँवरले भने, 'जुवामा भएको हार-जितअनुसार उनीहरूले निश्चित कमिसन पाउने रहेछन्।' चोभारका सुजेन्द्र थापा, प्रदीपमानसिंह बस्नेत र बुद्ध महर्जनले यसरी जुवा खेलाउने गरेको प्रहरीले जनाएको छ। पक्राउ परेका अन्य नौजनालाई उनीहरूले कर्मचारीका रूपमा राखेका थिए।

विगत १० महिनादेखि उनीहरूले यो धन्दा चलाएको प्रहरी दाबी छ। उनीहरूले जुवा, फायर किरिङ, रिभर स्विप्स, रिभर मोनस्टर, भेगास-एस जस्ता एपमार्फत जुवा खेलाउने गर्दथे। जुवा भने विदेशीलाई नै खेलाउँदै आएका थिए। उनीहरूले जुवा खेलाउन सातवटा एप प्रयोग गरेको र एउटाबाट मासिक दुईदेखि तीन हजार डलरसम्म लिने गरेको प्रहरीले जनाएको छ। पक्राउ परेकाले महिनामै एक लाखभन्दा धेरै डलरको हारजित हुने गरी आफूहरूले जुवा खेलाउँदै आएको बताएका छन्। सो गिरोहको मुख्य नाइके भने पत्ता लागिनसकेको प्रहरीले जनाएको छ।

पक्राउ परेका अन्यमा मनीष थापा, समीर थापा, कविता थापा, रविन खड्का, रोजा महर्जन, साहिल महर्जन, हनिशा महर्जन, विनोद ठगुन्ना, रमादेवी श्रेष्ठ छन्। उनीहरूलाई जुवा ऐनअनुसार प्रहरीले कारबाही अघि बढाएको छ। उनीहरूबाट १४ वटा ल्यापटप र १७ वटा मोबाइल पनि प्रहरीले बरामद गरेको छ।

प्रहरीलाई प्राप्त सूचनाअनुसार यसरी नेपालमार्फत अनलाइन जुवा खेलाउने दर्जनौं समूह यहाँ सक्रिय छन्। अनलाइन जुवा खेलाउँदा नियमित रूपमा कर्मचारी चाहिने र नेपालमार्फत गर्दा सस्तो पर्ने भएकाले धेरैवटा अन्तर्राष्ट्रिय समूहले नेपाललाई सेल्टर बनाएका छन्। महाशाखाका एसएसपी कुँवर भन्छन्, 'अरू धेरैवटा समूह सक्रिय छन् भन्ने सूचना छन्, हामी अनुसन्धान गरिरहेका छौं।'



दुई सिफ्टमा कर्मचारी राखेर २४सै घन्टा अनलाइन जुवा खेलाउने गरेको देखियो। जुवामा भएको हार-जितअनुसार उनीहरूले निश्चित कमिसन पाउने रहेछन्।
● एसएसपी वसन्तबहादुर कुँवर
प्रमुख, महानगरीय अपराध महाशाखा

## केशर पुस्तकालयमा चोरी गर्ने दुई पक्राउ

केशरमहलस्थित केशर पुस्तकालयमा चोरी गर्ने दुई युवक पक्राउ परेका छन्। दाङका सुमन शर्मा र रुकुम पश्चिमका वीरबहादुर सुनारलाई महानगरीय अपराध महाशाखाले पक्राउ गरेको हो। उनीहरूले पुस्तकालयबाट दुईवटा तरबार तथा बाघको टाउको आकृतिको पुरातात्त्विक वस्तु चोरी गरेका थिए। चोरी गरेको सामान पुस्तकालयकै कम्पाउन्डमा बोरामा राखेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। केशरमहलमा पुनर्निर्माणमा संलग्न कामदारकै मिलेमतोमा चोरी भएको हो।

# कर्णाली राजमार्गमा दुर्घटनासँगै मावीय क्षति बढ्दो


फाइल तस्बिर

मानदत्त रावल/नयाँ पत्रिका

०६२ मा ट्र्याक खुलेको कर्णाली राजमार्गमा सडक दुर्घटना बढ्दै गएको छ। सो राजमार्गको सुर्खेत, दैलेख, कालिकोट हुँदै जुम्ला पुग्ने सडकखण्डमा दुर्घटना बढेको हो।

कर्णाली राजमार्गमा बर्सेनि औसतमा दुई हजारभन्दा बढीले ज्यान गुमाउने गरेको प्रहरी तथ्यांकले देखाएको छ। तर, बढ्दो मानवीय क्षति रोक्न खासै पहल भएको छैन। नागरिक समाजका अध्यक्ष राजबहादुर महत दुर्घटना न्यून गराउन सम्बन्धित पक्षले खासै ध्यान नदिएको बताउँछन्। महतका अनुसार सडकको स्तर वृद्धि नहुनु, चालकले लापरबाही गर्नु, क्षमताभन्दा बढी यात्रु बोक्नु, पुराना भइसकेका सवारीसाधन पनि चलाइनु र सुरक्षाकर्मीले कडाइका साथ चेकजाँच नगर्नुले दुर्घटना बढेका हुन्।

सडक दुर्घटना कम गर्न निरन्तर अभियान चलाइरहेको प्रहरीको दाबी आउने गरेको छ। तर, ट्राफिक प्रहरीको विवरण हेर्ने हो भने जुम्लामा सडक दुर्घटनाबाट हरेक महिनामा औसतमा सातजनाको ज्यान जाने गरेको छ। दुर्घटनाको कारण खोजी न्यूनीकरण गर्न कसैले चासो नराखेको उनले दाबी गरे। 'सडक दुर्घटनाको अनुसन्धान पनि हुँदैन। कोही ठूलाबडा परिहाले भने अनुसन्धान हुने हो। त्यो पनि विज्ञहरू राखेर हुँदैन। त्यसले के प्रस्ट हुन्छ भने कर्णाली राजमार्ग मात्र नभई देशमै सडक सुरक्षालाई राज्यले प्राथमिकतामा राखेको देखिँदैन,' महतले नयाँ पत्रिकासँग भने।

प्रहरीको तथ्यांकअनुसार जुम्ला सडकखण्डमा आर्थिक वर्ष ०७१/७२ मा ६ वटा सवारी दुघर्टनामा २४ जनाको मुत्यु भएको थियो भने ३४ जना गम्भीर घाइते भएका थिए। ०७२/७३ मा ६ को मुत्यु, १७ जना घाइत, ०७३/७४ मा ११ जनाको मृत्यु, १० जना घाइते भए। ०७४/७५ मा १३ जनाको मृत्यु भयो भने ०७५/७६ मा ६ जनाले ज्यान गुमाए, नौजना घाइते भए। ०७६/७७ मा १५ वटा सवारी दुर्घटना हुँदा पाँचजनाको मृत्यु भयो भने सातजना घाइते भए। ०७७/७८ मा ३२ सवारी दुर्घटना भयो। जसमा, चारजनाको मृत्यु र ४० जना घाइते भए। चालू आर्थिक वर्षको हालसम्म सवारी दुघर्टनाबाट नौजनाको मृत्यु भइसकेको छ भने त्यति नै घाइते भएका छन्।

जुम्ला खण्डमा ०७१ देखि हालसम्म सवारी दुर्घटनाबाट ७८ जनाको मृत्यु भएको जिल्ला ट्राफिक कार्यालय जुम्लाले बताएको छ। एक सय २५ जना घाइते भएका छन्। ट्राफिक कार्यालय कर्णाली प्रदेशका अनुसार ०६६/६७ देखि चालू आर्थिक वर्षको हालसम्म चार सय ३२ सवारी दुर्घटना भएका छन्। उक्त दुर्घटनाबाट एक सय ५५ पुरुष, ३१ महिला, ११ नाबालक गरी एक सय ९७ जनाको मृत्यु भएको ट्राफिक कार्यालय कर्णाली प्रदेशका सूचना अधिकारी वीरेन्द्रवीर विश्वकर्माले जानकारी दिए।

यो तथ्यांक कर्णाली राजमार्गको दैलेख, कालिकोट र जुम्लाको मात्र भएको जिल्ला ट्राफिक कार्यालय जुम्लाका प्रहरी सहायक निरीक्षक विमलकुमार रावतले बताए। उनका अनुसार सबैभन्दा दुर्घटना जुम्लाको कच्ची सडकमा हुने गरेको छ। कच्ची सडक त्यसैमा साँघुरो एवं तीव्र गतिमा सवारी गुडाउनु र सडकमा खाल्डो छल्न खोज्दा दुर्घटना हुने गरेको छ।

# राष्ट्रिय सभा निर्वाचनमा स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य

**काठमाडौं**/ निर्वाचन आयोगले १२ माघमा हुने राष्ट्रिय सभा सदस्य निर्वाचनमा स्वास्थ्य मापदण्डको पालना गर्न-गराउन मतदान तथा मतगणना कार्यमा संलग्न हुने सबैलाई आग्रह गरेको छ। सरकारले जारी गरेको स्वास्थ्य मापदण्डको पालना गर्दै निर्वाचनलाई व्यवस्थित र सुरक्षित बनाउन आयोगको आग्रह छ।

आयोगले जारी गरेको निर्वाचनसम्वन्धी स्वास्थ्य सुरक्षा मापदण्डमा मतदानस्थल तथा मतदान केन्द्रमा प्रवेश गर्न अनुमति पाएका सबै व्यक्तिले पूर्ण खोप लगाएको प्रमाण देखाई मास्क लगाएर मात्र प्रवेश गर्न भनिएको छ। प्रवेश गर्नुअघि अनिवार्य रूपमा साबुनपानीले हात धुने र स्यानिटाइजर प्रयोग गनुपर्ने मापदण्ड छ।

आयोगका अनुसार मतदानस्थलमा तापक्रम मापन गर्ने थर्मलगन र आवश्यक स्वास्थ्य सामग्रीसहित दुई स्वास्थ्यकर्मी रहेको हेल्थ डेस्कको व्यवस्था हुनेछ। मतदानस्थल तथा केन्द्रमा खटिने सवैले आवश्यक सामाजिक दूरी कायम गर्नुपर्नेछ।

पूर्ण खोप लगाएका कर्मचारी तथा सुरक्षाकर्मीलाई मात्र मतदानस्थल, मतदान केन्द्र र मतगणनास्थलमा खटाइने र मतदान केन्द्र र मतगणनास्थलमा खटिने कर्मचारी, सुरक्षाकर्मी र स्वयंसेवकलगायत सबैले अनिवार्य रूपमा फेससिल्ड, पन्जा र मास्क लगाउनुपर्ने आयोगले जनाएको छ।



मतदाताले मतपत्र प्राप्त गरी गोप्य कक्षमा गई मतदान गरिसकेपछि अनिवार्य रूपमा स्यानिटाइजरको प्रयोग गर्न तथा मतदान अधिकृतले गोप्य मतदान कक्षमा प्रयोग भएका स्वस्तिक छापलगायत मतदान सामग्रीको अनिवार्य रूपमा निसंक्रमण गर्ने व्यवस्था मिलाउन आयोगको विज्ञप्तिमा छ।

मतदान सम्पन्न भएपछि मतपेटिका सिल गर्नुअघि निसंक्रमण गर्ने र मतगणनास्थलमा मतपेटिका खोल्नुअघि अनिवार्य रूपमा निसंक्रमण गर्न पनि आयोगले भनेको छ। मतदानस्थल र मतगणनास्थलमा अनावश्यक भिडभाड हुन नदिने र प्रवेशलाई कडाइका साथ नियन्त्रण गर्ने व्यवस्था मिलाउन तथा मतदानस्थलमा अनिवार्य रूपमा आवश्यक उपकरणसहितको एक एम्बुलेन्सको व्यवस्था गर्न भनिएको छ।

प्रत्येक मतदाता मतदान केन्द्रमा प्रवेश गर्नुअघि तापक्रम जाँच गर्नुपर्नेछ। तापक्रम जाँच गर्दा मतदान केन्द्रमा मतदाताको उच्च तापक्रम देखिएमा र कोभिड-१९ संक्रमणको कुनै लक्षण देखिएमा छुट्टै व्यवस्था गरी मतदान गर्ने व्यवस्था मिलाइनेछ।

संक्रमण देखिएका मतदातालाई मतदान गर्न छुट्टै मतपेटिका राख्न आवश्यक देखिएमा निर्वाचन अधिकृतको स्वीकृतिमा मतदान अधिकृतले छुट्टै मतपेटिकाको व्यवस्था गरी मतदान गराउन सकिनेछ।

आयोगले कोभिड संक्रमण पुष्टि भएको मतदाता मतदान गर्न आएमा त्यस्ता मतदातालाई प्राथमिकताका साथ छुट्टै लाइनमा राखी अन्यको मतदानको कार्य केही समयका लागि स्थगन गरी हातमा पन्जा, मास्क र फेससिल्ड लगाई मतदान गर्न लगाई उनीहरूले प्रयोग गरेका मतदानस्थलमा सामग्री निसंक्रमण गरी पुनः नियमित मतदानको कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउन भनेको छ।

आयोगका सहायक प्रवक्ता कोमलप्रसाद धमलाका अनुसार निर्धारण गरेको मापदण्डसमेतको आधारमा सम्बन्धित निर्वाचन अधिकृतले मतदानस्थल तथा केन्द्रको अवस्थाअनुसार थप स्वास्थ्य सुरक्षासम्बन्धी विशेष व्यवस्था गर्न सक्नेछ। आसन्न निर्वाचनलाई सुरक्षित र व्यवस्थित रूपमा सम्पन्न गर्न गराउन आवश्यक सहयोगका सबैसँग आयोगले आग्रह गरेको छ।


## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भकुण्डेवेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### बोलपत्र आव्हानको सुचना
प्रथम पटक प्रकाशन मितिः २०७८/१०/०७

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको निर्माण कार्यहरु गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनिले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजे भित्र e-bid मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ।

तपसिलः

| ठेक्का नं. | कार्यको विवरण | लागत अनुमान (भ्याट र PS सहित) | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| NMUN/NCB/ WORK/078/079-17 | सोती खोला जलाधार व्यवस्थापन कार्य | रु.१,२१,५०,३०५।१६ | रु. ३,४०,००० | रु. ३,००० |

नेपाल सरकार
अर्थ मन्त्रालय
## महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना
*प्रकाशित मिति : २०७८/१०/७*

यस कार्यालय अन्तर्गत Procurement of Renewal of License, Support and Subscription of Firewall Devices सम्वन्धी कार्यको लागि मिति २०७८/०८/२७ गतेको द काठमाडौं पोष्ट राष्ट्रिय दैनिक एवं **https://bolpatra.gov.np/egp** मा प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका वोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही तपसिल बमोजिमको वोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्वन्धित सबै वोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | छनौट भएको वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (मु.अ.कर समेत) |
|---|---|---|---|
| १ | 4/078/79 | M/S MAX International, Kamaladi, Kathmandu | १,००,९९,९९८।७६ |

खरिद इकाई

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Hydrology and Meteorology (DHM)
Babarmahal, Kathmandu
**Date of 2nd Publication: 2078/10/07**

**Re-Invitation for Electronic Bids**

DHM invites electronic bids only from eligible bidders for the procurement under following separate IFB numbers for goods (1) "*Supply and Delivery of Motorcycles and Scooter* (DHM/G/SQ/01-2078/79) and (2) Supply and Delivery of Computing Facilities for Aviation Weather Services (DHM/G/SQ/02-2078/79) as specified in Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064.

For details, please visit http://dhm.gov.np/notices/ or https://bolpatra.gov.np/.
Contact :01-4215131

## ग्रामीण स्वावलम्बन विकास केन्द्र (RSDC)
बालुवाटार, काठमाण्डौ

### कर्मचारीको आवश्यकता
प्रकाशित मिति : २०७८/१०/०७

ग्रामीण स्वावलम्बन विकास केन्द्र (आरएसडिसी) २०४८ सालमा स्थापित एउटा गैरनाफामूलक सामाजिक संस्था हो। यस्ले मुलुकका विभिन्न भेगमा ग्रामीण विकासका लागि बहुआयामिक क्षेत्रमा काम गर्दै आएको छ। यस केन्द्रले दातृनिकायहरुसँग मिलेर काठमाण्डौको बूढानीलकण्ठ नगरपालिकामा प्लाष्टिक पुनर्प्रशोधन तथा पुनर्प्रयोग सम्बन्धी परियोजना सञ्चालन गर्न लागेको छ। आर्थिक-सामाजिकरुपले पछाडी परेका महिलाहरुलाई वातावरणीय अनुकुलनका लागि सशक्तिकरण गर्दै प्लाष्टिकको उचित व्यवस्थापन सहित उनीहरुलाई उत्पादनमूलक कार्यमा संलग्न गराई स्वरोजगार बन्नमा सहयोग पुऱ्याउनु यस परियोजनाको मुख्य उद्देश्य रहेको छ। उक्त परियोजनाको लागि तपशिल वमोजिमका कर्मचारीहरु आवश्यक परेकोले यो सूचना प्रकाशित गरिएको छ। योग्य इच्छुक व्यक्तिहरुले आफ्नो व्यक्तिगत विवरण (Biodata) सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तल उल्लेखित इमेल ठेगानामा आवेदन दिनुहुन अनुरोध छ। रितपूर्वक आवेदन परेका उम्मेदवारहरुमध्येबाट उपयुक्त उम्मेदवारहरु प्रतिस्पर्धाका लागि छनौट गरिने छ र यसरी छनौट भएका उम्मेदवारहरुलाई लिखित र मौखिक परीक्षा लिई सो परीक्षामा सफल हुनेलाई कर्मचारीमा छनौट गरिने छ।

**परियोजना संयोजक संख्या : १ पूर्णकालीन**
- वातावरण विज्ञान वा तत्सम्बन्धी विषयमा स्नातक उत्तीर्ण गरी फोहोर तथा प्लाष्टिक व्यवस्थापनको क्षेत्रमा कम्तिमा ५ वर्ष नेतृत्वदायी जिम्मेवारी निर्वाह गरेको अनुभव,
- नेपाली र अंग्रेजी दुबै भाषामा संचार, संवाद गर्ने र प्रतिवेदन तयार गर्न सक्ने दक्षता,
- समुदायमा आउने वाधा, चुनौती व्यवस्थापन गर्दै मिलेर काम गर्ने रुची र सवारी साधन चलाउन सक्ने क्षमतालाई थप योग्यता मानिने छ।

**परियोजना सल्लाहकार संख्या : १ आंशिक**
- वातावरण विज्ञान वा तत्सम्वन्धी विषयमा स्नाकोत्तर उत्तीर्ण वा सो सरह,
- फोहोर तथा प्लाष्टिक व्यवस्थापनको क्षेत्रमा ५ वर्ष काम गरेको अनुभव,
- नेपाली र अंग्रेजी दुबै भाषामा संचार, संवाद र लेखनमा दक्षता,
- फोहोर व्यवस्थापन तर्फ खोजमूलक अध्ययन, अनुसन्धान गर्ने अभिरुची,
- प्लाष्टिकजन्य फोहोर प्रशोधनमा राष्ट्रिय नीतिगत सुधारको काममा भूमिका निर्वाह गर्न सक्ने।

**उद्यमशील अधिकृत संख्या : १ पूर्णकालीक**
- व्यावस्थापन विषयमा स्नातक उत्तीर्ण वा सो सरह
- उद्यमशीलतामा मद्धत पुग्नेगरी प्लाष्टिकजन्य फोहोरलाई व्यवस्थापन गर्ने कार्यमा ३ वर्षको अनुभव
- दुइपाँग्रे सवारी चलाउने दक्षता
- संवाद/संचार राम्रोसँग गर्न सक्ने, विषयगत कुराहरुलाई उत्प्रेरणात्मक तरिकाले बुझाउने कौशलता

**लेखा तथा प्रशासन सहायक संख्या : १ पूर्णकालीक**
- व्यवस्थापन विषयमा स्नातक उत्तिर्ण वा सो सरह
- सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएकोलाई विशेष ग्राह्यता

नोट : सम्बन्धित कर्मचारीहरुले पदीयरुपमा निर्वाह गर्नुपर्ने जिम्मेवारी र भूमिका (TOR) हेर्न बुझ्न चाहनेहरुका लागि यसै केन्द्रको वेवसाइड **www.rsdc.org.np** मा संलग्न गरिएको छ।
इमेल आइडी : **hr@rsdc.org.np**

# रैथाने ज्ञानको उपयोगिता र 'अर्थशास्त्र'

## औषधिका नाममा अनेक चक्की किनेर पैसा खर्च गर्दा औषधि कम्पनीलाई नाफा भए पनि आफूलाई घाटा हुन्छ



अग्रलेख

● डा. अरुणा उप्रेती

हजुरआमासँग हुर्केकी मैले थाहै नपाई उहाँको रैथाने र परम्परागत ज्ञान आत्मसात् गर्न पुगेकी छु। मेरो बिहानको सुरुवात आलस तिल, ज्वानो र भांगो मिसिएको एक चम्चा मिश्रणबाट हुन्छ। त्यसबाहेक सक्खर, कागती, मरिच र दालचिनी हालेर पकाएको पेयपदार्थ पिउँछु। यिनमा अनेक पोषक तत्त्व क्याल्सियम र ओमेगा ३ पाइन्छ। तीन वर्षजति भयो, यो सुरु गरेको। ६१ वर्षकी हुँदा पनि म ४० वर्षको जस्तो स्वस्थ महसुस गर्छु। कोरोनाका वेला रोगसँग लड्ने शक्ति बढाउन यो राम्रो हतियार बनेको छ।

एक कार्यक्रममा भारत जाँदा डा. मिरा शिवा नामकी एक डाक्टरले मलाई तिल र आलसको महत्त्व बुझाएकी थिइन्। त्यो सिकेर मैले युवती र महिलालाई हड्डी मजबुत पार्न तिल, आलस र मुंग्रेलो खाने सल्लाह दिने गरेकी छु। कति महिला त क्याल्सियम चक्की खाए हाड बलियो हुन्छ भन्ने ठानेर आफैं किनेर खान्छन्। तर, घरमै पाइने स्वस्थकर वस्तु प्रयोग गर्न जान्दैनन्। औषधीमै पैसा बढी खर्च गर्छन्। तर, त्यसले स्वास्थ्यमा फाइदा हुँदैन। औषधीका नाममा अनेक चक्की किनेर पैसा खर्च गर्दा औषधी कम्पनीलाई नाफा भए पनि आफूलाई घाटा हुन्छ। दुई सय रुपैयाँमा आलस, तिल, ज्वानो, मुंग्रेलो किनेर एक-एक चम्चा प्रत्येक दिन खाँदा पनि तीन-चार महिनालाई पुग्छ। तर, दुई सयको क्याल्सियमले कति दिन पुग्छ ?

कस्तुरी मृगझैं आफूसँग रहेको मालको चाल नपाएर बाहिर-बाहिर भौंतारिने बानीले गर्दा हामीले हाम्रो रैथाने ज्ञान बिर्सिंदै छौं, नचाहिने ठाउँमा बढी पैसा तिर्छौं। भिटामिन 'डी'को कमीले गर्दा धेरै महिलाको स्वास्थ्यमा समस्या परेको स्वयं चिकित्सकहरू नै स्विकार्छन्। कतिले त जाँच गराएर भिटामिन 'डी' चक्की खान दिइहाल्छन्, तर ८० प्रतिशत भिटामिन 'डी' घामबाट प्राप्त हुन्छ भनेर चाहिँ कतै छलफल गरिन्न। मेरी आमा ८५ वर्षकी हुनुभयो। उहाँ शाकाहारी हुनुहुन्छ। त्यसैले, उनको भोजनमा बडो ध्यान दिनुपर्छ। उहाँलाई हरेक दिन घाममा बस्नुपर्छ। यसरी घाममा बस्दा ढाड, खुट्टा र हातको नांगो छालामा घामको किरण पर्नुपर्छ उहाँको 'घुँडा, पुठ्ठा, हाडमा समस्या छैन। घामको केही दिनको बसाइले उहाँलाई निकै फाइदा गरेको छ। सायद सूर्यलाई बिहान नमस्कार गर्नुको अर्थ नै हाम्रा पुर्खाले उसको ऊर्जाका लागि धन्यवाद दिएका होलान्।

तर, सूर्यलाई एक सेकेन्डमा नमस्कार गरेर घरभित्र पस्दैमा फाइदा हुँदैन। अहिलेका आमाहरूले शिशुलाई परम्परागत चलनअनुसार घाममा राखेर तेल लगाउनुको सट्टा कोठामा राखेर पाउडर दल्छन् अनि शिशुलाई क्याल्सियम र भिटामिन 'डी' किनेर खुवाउँछन्। आँगनको औषधी लत्याएर महँगो चक्की किन किन्नु ?

महिलालाई भिटामिन 'डी'को कमी हुँदा डाक्टरले जब उनलाई भिटामिन 'डी'को चक्की दिन्छन्, तब उनीहरू खुसीसाथ पैसा तिरेर सेवन गर्छन्। तर, सित्तैंमा प्राप्त हुने भिटामिन 'डी'चाहिँ प्रयोग गर्दैनन्, अचम्म होइन र ? यी शब्द लेखिरहँदा हजुरआमालाई सम्झिन्छु, जसले निरक्षर भएर पनि परम्परागत ज्ञान प्रयोग गरेर धेरै नातिनातिना हुर्काउनुभयो। उहाँले शिशुलाई पखाला लाग्दा मेथी, लसुन हालेर जाउलो पकाउनुहुन्थ्यो। पहिले-पहिले हजुरआमाले बच्चालाई 'लपक्क छातीमा' टाँसेर सुताउनुपर्छ भन्दा अचम्म लाग्थ्यो, आधुनिक विज्ञानले त यसरी छातीमा टाँस्ने प्रक्रियालाई 'कंगारु मेथड' भनेर नामै दिएको छ। विश्व स्वास्थ्य संगठनले पनि यसलाई स्विकारेको छ।

६० वर्षीया ज्योतिले केही वर्षअघि भनेकी थिइन्, 'मैले धेरै वर्षसम्म अन्तर्राष्ट्रिय क्षेत्रमा काम गरेँ। ढाड र हाड दुखे पनि कुप्रेर, सहेर कम्प्युटरमा ४-५ घन्टा लगातार काम गरेँ। डाक्टरलाई देखाउँदा भिटामिन 'डी'को कमी भएको भनेर मलाई घाममा बस्न सल्लाह दिए। तर, बिहानदेखि बेलुका कोठाभित्र बसेर काम गर्दा घाममा बस्न सकिनँ। अहिले मेरो ढाड, घुँडा दुख्छ। औषधी खाँदा पनि दुखिरहन्छ। सायद कामका साथै मैले आफ्नो शरीरका लागि समय छुट्याएको भए मेरो दुखाइ यति हुँदैनथ्यो कि ?' उनको यस भनाइले महिलाका लागि प्रत्येक दिन घाममा बस्नु आफ्नो स्वास्थ्यको वास्ता गर्नु हो भनेर ज्ञान दिन्छ। पहिले-पहिले घरबाहिर बसेर काम गरिन्थ्यो, घाममा हिँडिन्थ्यो, तर आधुनिक जीवनमा त्यो कम भएर अनेक समस्या सिर्जना हुन थालेको छ। त्यसैले प्रकृतितिर फर्किने हो कि अब ?

प्राकृतिक भिटामिन खाने कि कोरोनाका वेला ? अहिले भिटामिन 'सी'ले रोगसँग लड्ने शक्ति दिन्छ भनेर यसको ट्याबलेट किनेर खाने फेसन चलेको छ। तर, भिटामिन 'सी' पाइने अमला, अम्बा, कागती र टुसा उमारेका खानेकुराको चाहिँ वास्ता गरिन्न। 'नजिकको तीर्थ हेला' भनेको यही होला। स्वास्थ्यवर्धक वस्तुलाई हेपेर औषधीको मात्र भर पर्ने हो भने त्यसबाट पैसा र समय दुवैको बर्बादी मात्र हुने छ र शरीर भने कमजोरको कमजोर नै रहनेछ।

हजुरआमाले बिरामी बालकलाई छिटो तंग्रियोस् भनेर मुंगको जाउलो बनाएर दिनुहुन्थ्यो। मुंग सजिलै पच्छ र छिटो तंग्रिन मद्दत गर्छ भनेर आधुनिक विज्ञानले सिद्ध गरेको छ। खोकी लाग्दा मह र अदुवाको रस बालबालिकालाई फाइदा गर्छ भन्ने ज्ञान हजुरआमाले प्रयोग गर्नुहुन्थ्यो। अहिले विश्व स्वास्थ्य संगठनले पनि खोकी लाग्दा बच्चालाई अदुवाको रस र मह दिन सकिन्छ भनेर स्विकारेको छ।

यस्ता हजारौं उदाहरण छन्, जहाँ परम्परागत ज्ञानले मानव स्वास्थ्यमा गर्ने फाइदालाई विज्ञानले सिद्ध गरेको छ। यस ज्ञानमा कुनै एक व्यक्तिको अधिकार छैन। हजारौं वर्षदेखि चलिआएको यो ज्ञान एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको हो।

'कागती र अदुवाको रुख भएको ठाउँबाट रोग भाग्छ' भन्ने पुरानो चलन छ। तराईतिर गर्मीमा कागतीको सर्बत पिइन्छ। तर, अहिले ठूला होटेलमा लेमन टी, लेमोनेड भनी महँगो मूल्य तिरेर खाने चलन छ। घरको कागतीको रस अपहेलित हुन्छ। घरमा १०-१५ रुपैयाँ खर्च गरेर तीन-चारजनाले कागतीको चिया पिउनुको साटो होटेलमा चार-पाँच गुणा बढी पैसा तिरिन्छ। कागतीको रस मात्र होइन, बोक्रा पनि त्यति नै लाभदायक हुन्छ भन्ने चाहिँ कमैलाई थाहा हुन सक्छ। कागतीको टुक्रामा नुन हालेर घाममा राखेपछि केही दिनमा मिठो 'संकत्रो' (निम्की) बन्छ। कागतीको बोक्रालाई टुक्रा-टुक्रा पारेर चपाउँदा पनि यसमा रहेको रेसादार पदार्थका साथै सूक्ष्म पोषण तत्त्वको फाइदा शरीरले पाउँछ।

पानी, कागती र बिरेनुनमा चनाको सातु मिसाएर बिहानै नास्ता गर्ने तराईको चलन थियो, यसले गर्दा छिट्टै भोक लाग्दैन। शरीरमा प्रोटिन र सूक्ष्म पोषक तत्त्व पुग्छ। गर्मीमा शरीरबाट पसिना धेरै बग्दा रिंगटा लाग्ने समस्या न्यून हुन्छ। बिस्तारै सत्तु पिउने चलन फेरि फर्केको छ। कागती-पानीको सर्बत किन्दा पसलमा ३०-४० रुपैयाँ पर्छ। घरमै बनाए दुई-तीन रुपैयाँमै तयार हुन्छ। सस्तोमा पाइने स्वस्थवर्धक खानेकुराको महत्त्व बुझे स्वास्थ्य राम्रो रहन्छ र पैसाको पनि बचत हुन्छ।

भिटामिन 'सी'ले विभिन्न संक्रमणबाट हामीलाई बचाउँछ। रुघाखोकी लागेका वेलामा तातोपानी वा चियामा कागती र मह हालेर पिउँदा सहज अनुभव हुन्छ। वाकवाकी लाग्दा, (विशेषगरी गर्भवती अवस्थामा हुने) कागती र अदुवाको प्रयोग गर्ने चलन थियो। अहिलेको विज्ञानले यो ठीक हो भनेर सिद्ध गरेको छ। मासको दाल, गेडागुडी र साग खाँदा कागतीको रस वा अचार पनि प्रयोग गर्दा यसले रक्तअल्पतालाई कम गर्न मद्दत गर्छ। भिटामिन 'सी'ले लौहतत्त्वको शोषणमा मद्दत गर्छ भनेर विज्ञानले सिद्ध गरेको छ। यही वैज्ञानिक तथ्यलाई ध्यानमा राखेर लौहतत्त्व पाइने औषधीमा भिटामिन 'सी' पनि मिसाइन्छ। तर, औषधी मिसाइएको भन्दा प्राकृतिक रूपले भोजनमा पाइने कागती, अमला, अम्बा सस्तो, गुणकारी र स्वादिष्ट हुन्छ। यस्तो परम्परागत ज्ञान गाउँघरका महिला-पुरुषसँग सिकेर यिनलाई जीवनमा प्रयोग गर्न सकिन्छ।

आधुनिकताको दौडमा यस्ता महत्वपूर्ण, परम्परागत, रैथाने ज्ञान बिर्सेर चक्की, क्याप्सुलको पछि लाग्ने बानी हटाएकै बेस हुन्छ। यसको अर्थ आधुनिक चिकित्सा विज्ञानको महत्त्व नकार्नुचाहिँ अवश्य होइन। जब अस्पताल र चिकित्सकको जरुरत पर्छ, तब हामीले प्रयोग गर्नैपर्छ। तर, कतिपय सहज रूपले प्रयोग गर्न सकिने भोजन र स्वस्थ हुन सक्ने बानीको पनि विकास गर्नुपर्छ। यसले पैसा र परम्परा दुवै बचाउँछ।

*(उप्रेती जनस्वास्थ्यविद् हुन्)*



आधुनिकताको दौडमा महत्त्वपूर्ण परम्परागत रैथाने ज्ञानलाई बिर्सेर चक्की र क्याप्सुलको पछि लाग्ने बानी हटाउन सकियो भने यसबाट पैसा, हाम्रो रैथाने ज्ञान र परम्परा पनि जोगाउन सकिन्छ

# कोभिड संकटमा बढ्दो आर्थिक असमानता

## महामारीले एकातिर ठूलो बेरोजगारी र गरिबी सिर्जना गराएको छ भने अर्कातिर केही धनाढ्यको सम्पत्ति दोब्बर गराएको छ



● नन्दलाल खरेल

कोरोना महामारीयता विश्व आर्थिक असमानताको डरलाग्दो खाडलतिर अगाडि बढिरहेको छ। शक्ति-सम्पन्न अमेरिकादेखि नेपालजस्ता राष्ट्रहरू आर्थिक विसमताको खाडलमा भासिइरहेका छन्। विश्वका धनाढ्यहरू झन्-झन् धनी बनेका छन् भने विपन्नहरू झन्-झन् चरम गरिबीमा धकेलिएका छन्। विश्वव्यापी गरिबी निवारणमा क्रियाशील संस्था अक्सफाम इन्टरनेसनलको प्रतिवेदनअनुसार सबैभन्दा गरिबको न्यून आय भएकै कारण प्रत्येक दिन २१ हजारले ज्यान गुमाउनुपरेको छ। तर, विश्वका १० धनी व्यक्तिको सम्पत्ति भने दोब्बरले बढेको छ। मार्च २०२० यता धनी व्यक्तिको सम्पत्ति बढ्दै गएको देखिन्छ।

अक्सफामले उद्धृत गरेको फोर्ब्सको तथ्यांकअनुसार महामारीमा सम्पत्ति दोब्बर भएका व्यक्तिहरूमा इलोन मस्क, जेफ बेजोस, वर्नाल्ड अरनाल्ट एन्ड फेमिली, बिल गेट्स, ल्यारी एलिसन, ल्यारी पेन, सरजी ब्रिन, मार्क जुकरबर्ग, स्टिम ब्लामर र वारेन बफेट छन्। संयुक्त रूपमा उनीहरूको सम्पत्ति सात सय अर्ब अमेरिकी डलरबाट १५ सय अर्ब डलरसम्म पुगेको छ। महामारीले एकातिर ठूलो बेरोजगारी र गरिबी सिर्जना गराएको छ भने अर्कातिर केही धनाढ्यको सम्पत्ति दोब्बर भएको छ। यो विश्व समाजका लागि निकै चिन्ताको विषय हो।

महामारीले अल्पविकसित मुलुकमा राष्ट्रिय ऋण बढ्दै जाँदा सामाजिक खर्च घटाउन बाध्य पारिरहेको छ। लैंगिक असमानता उत्कर्षमा पुऱ्याएको छ। सन् २०१९ को तुलनामा अहिले एक करोड ३० लाख कम महिला काममा छन्। अझ डरलाग्दो तथ्यांक के छ भने दुई करोडभन्दा बढी किशोरी कहिल्यै विद्यालय नफर्किने जोखिममा छन्। यति मात्र होइन, जातीय अल्पसंख्यक समूहहरू महामारीबाट सबैभन्दा बढी प्रभावित छन्। जसमा बेलायत, बंगलादेश र अमेरिकाका काला वर्णका जनसंख्या समावेश छन्।

भाइरस संक्रमण बढेसँगै विश्वका केन्द्रीय बैंकले आर्थिक वृद्धिलाई जीवित राख्न अर्थतन्त्रमा नौ बिलियन डलर रकम हालिसकेका छन्। यसमध्ये अधिकांश रकम वित्तीय बजारमा गएको छ र त्यहाँबाट अन्ततः त्यो रकम विश्वका ठूला धनाढ्यको सम्पत्तिमा गएर थपिएको छ। एलन मस्कको सम्पत्ति एक हजार प्रतिशतभन्दा बढीले बढेको छ। गेट्सको सम्पत्ति ३० प्रतिशतले बढेको जनाइएको छ।

अक्सफामका अनुसार आर्थिक असमानता बढ्नुमा कोराना मात्रै जिम्मेवार छैन, वर्तमान विश्वव्यापी पुँजीवादी अर्थव्यवस्था बढी जिम्मेवार छ। कोराना नहुँदा पनि आर्थिक असमानताको खाडल बढेकै थियो। तर, अहिले महामारीको कारण थप बढ्न गएको मात्र हो। पुँजीवादी राजनीतिक तथा आर्थिक व्यवस्थाले धनाढ्यलाई थप धन आर्जन गर्न सक्षम बनाएको छ भने करोडौंको जीवन नरकतुल्य पनि यही व्यवस्थाले गराएको छ। अब पनि यस्तो व्यवस्थाको विकल्प खोज्नुपर्दैन ?

अक्सफामका प्रमुख कार्यकारी ड्यानी श्रीशकन्दराजाले धनी र गरिबबीचको खाडललाई न्यूनीकरण गर्न केही सुझाव दिएका छन्। उनी भन्छन्, 'नयाँ सम्पत्ति कर लगाएर अर्बपतिले कमाएको लाभलाई फिर्ता लिनुपर्छ। त्यस्तो रकमलाई स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, जलवायु परिवर्तन र लैंगिक हिंसा रोकथाम कार्यक्रममा खर्च गर्नुपर्छ। महिला, जातीय र अन्य उत्पीडित समूहको सबै क्षेत्रमा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ। धनी राष्ट्रका सरकारले महामारी अन्त्यका लागि थप देशलाई सुरक्षित र प्रभावकारी खोप उत्पादन अनुमति दिन कोरोना खोपमाथिको बौद्धिक सम्पत्ति अधिकार तुरुन्तै खारेज गर्नुपर्छ।'

हरेक वर्ष स्विट्जरल्यान्डको डाभोसमा जनवरी २१ देखि २४ तारिखसम्म विश्व आर्थिक मञ्चको बैठक हुने गर्छ। धनी राष्ट्रका सरकार प्रमुख बहुराष्ट्रिय कम्पनी र अन्तर्राष्ट्रिय वित्तीय संस्थाका प्रमुख तथा प्रतिनिधि हरेक वर्ष भेला हुने गर्छन्। तर, त्यहाँ असमानता घटाउनेबारे छलफल हुँदैन। यिनीहरू अझै कसरी स्रोत-साधन आफ्ना पक्षमा पार्न सकिन्छ भन्नेबारे मन्थन गर्छन्। अझ स्पष्ट भन्नुपर्दा उनीहरूको प्रयास विश्वमा व्याप्त असमानताको खाडल अझै कसरी बढाउन सकिन्छ भन्नेमा केन्द्रित हुन्छ।

प्रकृतिले विश्वका मानव जातिका लागि जल, जंगल, जमिन, पूर्ण रूपमा निःशुल्क उपहार दिएको थियो। तर, आज निश्चित मानिसले आफ्नो कब्जामा लिई त्यसको भरपूर उपयोग गरेका छन्। आज राष्ट्र-राष्ट्रबीच मात्र होइन, एउटै देशका नागरिकबीच पनि असमानताको खाडल चरम उत्कर्षमा छ। यसो हुनुको प्रमुख कारण धनी मानिस नै राज्यको सत्ता सञ्चालन तहमा पुग्नु र यिनले नै मुलुकको स्रोत-साधन विनियोजन र उपयोगसम्बन्धी नीति निर्माण आफ्नो हितअनुकूल हुने गरी लागू गर्नु देखिन्छ। अनि ठूलो संख्यामा रहने बाँकी जनताको भागमा भने दयामुखी र रहलपहल स्रोत मात्र पर्ने गर्छन्।

आज विश्वमा धनी र गरिबबीचको खाडल बढ्नुमा लोकतान्त्रिक शासनभित्रको पुँजीवादी अर्थव्यवस्था जिम्मेवार छ। यो खाडल पुर्न यही व्यवस्थाबाट सम्भव छैन किनभने पुँजीवादले खुला व्यापार नीतिको समर्थन गर्छ। यस नीतिमा जसले जति पनि र जसरी पनि कमाउन सक्छ। राज्यले खासै त्यसमा अंकुश लगाउन मिल्दैन। जब निश्चित मान्छेहरू अझै आराम र मोजमस्तीमा लाग्छन्, बाँकी ठूलो हिस्सा गरिबी, बेरोजगारी, भोकै मर्नुपर्ने अवस्था आउँछ। तब थोरै मानिसको हित रक्षाका लागि स्थापित यो पुँजीवादी राज्य व्यवस्था टिक्दैन, अर्थात् जनता आफैँले यो व्यवस्था फ्याँक्नेछन्।

*(खरेल अर्थ-राजनीतिक विश्लेषक हुन्)*

# महामारी अर्बपतिका लागि अति लाभदायक

## महामारी सुरु भएयता अर्बपतिको सम्पत्तिमा भएको वृद्धि त्यसअघिका १४ वर्षमा भएको समग्र वृद्धिभन्दा बढी हो



हामी क्रूर महामारीको तेस्रो वर्षमा प्रवेश गरेका छौं। महामारीले सिर्जना गरेको उथलपुथलबीच पनि हामी अझै संसारको पुनर्कल्पना गर्ने प्रयास गरिरहेका छौं। महामारीको सुरुवाती चरणमा रोगको डरले धनी र गरिब एक भएका थिए। त्यस समय शक्तिशाली राजनीतिज्ञले राष्ट्रवादी संकीर्णताको निन्दा गरे, अति लोभी कर्पोरेट आचरणको उपहास गरे र खोपमाथि सबैको पहुँच हुने प्रतिबद्धता जनाए। बृहत्तर ऐक्यबद्धता महसुस भएको थियो, तर यो भावना सुरुवाती चरणमा मात्र देखियो।

आधिकारिक तथ्यांकअनुसार कोभिड-१९ ले ५५ लाखभन्दा बढीको ज्यान लिइसकेको छ। तर, मृतकको वास्तविक संख्या १.९ करोडभन्दा बढी हुन सक्ने अनुमान गरिएको छ। मानिसले तिनको मृतक आफन्तप्रति शोक व्यक्त गरिरहँदा पनि धनाढ्यहरूमा लोभको भावना घटेको छैन। सन् २०२२ को सुरुवातमा सार्वजनिक भएको तथ्यांकले अर्बपतिको धनवृद्धि त्यस्तो खालको तथ्यांक राख्न थालिएयताकै सबैभन्दा उच्च देखाएको छ। विश्वका १० सबैभन्दा धनी व्यक्तिको सम्पत्ति यस अवधिमा दोब्बर भएको छ। तिनको सम्पत्ति प्रतिसेकेन्ड १५ हजार डलरका दरले बढेको पाइयो। जबकि, यही अवधिमा विश्वका ९९ प्रतिशत मानिसलाई कोभिडले नकारात्मक असर पुऱ्यायो।

असमानता आफैँमा जनस्वास्थ्य समस्या हो। कुनै व्यक्ति कोभिड-१९ बाट मर्छ कि मर्दैन भन्ने कुरालाई उसको बुढ्यौलीले भन्दा आय असमानताले राम्ररी इंगित गरेको पाइयो। सन् २०२१ मा गरिब देशका लाखौं मानिस खोप पाउन नसकेकाले मरे। मानिसहरू मरिरहे भने औषधी निर्माता कम्पनीको सिन्डिकेटले धनी मुलुकको आशीर्वादमा खोपको आपूर्तिलाई रोकेर बसिरहे। अर्बौं मानिसलाई खोपमाथिको पहुँच नदिएर खोप महँगो बनाएरसमेत कतिपय मानिस अर्बपति बने।



देश/परदेश

● नबिल अहमद

(केन्या बस्ने आर्थिक समानताका अभियन्ता नबिल अक्सफाम इन्टरनेसनलका कार्यकारी रणनीतिकार तथा सञ्चार प्रमुख हुन्)

असमानताले हामी सबैलाई हानि गर्छ भन्ने तथ्यांक नयाँ-नयाँ भेरियन्टको आगमनले देखाउँछ। मानव निर्मित खोप विभेदका कारण महामारी लम्बिइरहँदा नयाँ-नयाँ भेरियन्ट देखिइरहेको छ र सबैलाई खतरामा पारिरहेको छ। त्यसैगरी हामी कुलीन वर्गबाट लोकतन्त्रलाई जोगाउने संघर्षमा हारिरहेका छौं। अति धनाढ्य एक प्रतिशतको अति उपभोगबाट उत्पन्न जलवायु संकटविरुद्ध पनि हामी कमजोर देखिएका थियौं। अबको अन्तरद्वन्द्व धनी र गरिबबीचको रहेन, यो अति धनी र हामी सबैबीचको संघर्ष बनेको छ।

अक्सफामको नयाँ प्रक्षेपणअनुसार असमानताका कारण प्रत्येक चार सेकेन्डमा कम्तीमा एकजनाको मृत्यु हुन्छ। यस परिघटनालाई सधैँजस्तै धनाढ्यहरूले प्रगति गरेको रूपमा हेर्न उद्यत हुने धेरै हुनेछन्। तर, अहिले असमानताको दर विगतमा नदेखेको स्तरमा पुगिसकेको छ। महामारी सुरु भएयता अर्बपतिको सम्पत्तिमा भएको वृद्धि त्यसअघिका १४ वर्षमा भएको समग्र वृद्धिभन्दा बढी हो।

अति धनीका लागि महामारी निकै लाभदायक साबित भएको छ। अर्थतन्त्र जोगाउन केन्द्रीय बैंकहरूले वित्तीय बजारमा खन्याएका खर्बौं डलर सेयर बजारको वृद्धिमा सवार भएर अर्बपतिकै खल्तीमा पुगेको छ। अर्बपतिलाई फाइदा हुने गरी यस अवधिमा एकाधिकार शक्तिमा वृद्धि भयो, निजीकरण बढ्दै गयो, श्रमिकको अधिकारमा ठूलो ह्रास आयो भने सम्पत्ति तथा कर्पोरेटमाथिको करमा क्षय भयो।

हामी सबै गलत कुरामा इतिहास रचिरहेका छौं। असमानताको स्तर अहिले २०औँ शताब्दीको प्रारम्भमा पश्चिमी साम्राज्यवाद आफ्नो शिखरमा हुँदाको स्तरमा पुगेको छ। नवउदारवादको असफल र संकीर्ण पकेटबाट परिवर्तन आउँछ भन्ने आशा गर्नु आफैँमा पागलपनको परिभाषा हो। आजको संकटको अभूतपूर्व प्रकृतिले असाधारण र व्यवस्थित कदमको माग गर्छ। साथमा राजनीतिक परिकल्पनामा सक्दो परिवर्तनको माग पनि भइरहेको छ।

अहिले प्रत्येक सरकारलाई बृहत् आर्थिक समानता हासिल गर्ने र लैंगिक तथा जातीय असमानताविरुद्ध लड्ने २१औँ शताब्दीलाई उपयुक्त हुने योजनाको आवश्यकता छ। यो सामाजिक आन्दोलनको माग हो। सम्पत्तिको असमानतालाई थप आधारभूत रूपमा सम्बोधन गर्न हामीलाई पुँजी र सम्पत्तिमा स्थायी प्रगतिशील कर चाहिन्छ। इतिहास साक्षी छ, दोस्रो विश्वयुद्धको समयमा अमेरिकी राष्ट्रपति फ्र्यांकलिन डी रुजवेल्टले ९४ प्रतिशतसम्मको शीर्ष सीमान्त आयकर दर तोकेका थिए (जुन १९८१ सम्म औसत ८१ प्रतिशत थियो)। सरकारले प्रगतिशील करमार्फत उठेको राजस्वलाई समान, स्वस्थ र स्वतन्त्र समाज निर्माण गर्छ भनेर प्रमाणित, शक्तिशाली माध्यममा लगानी गर्न सक्छ।

तर, आर्थिक पुनर्वितरण मात्र पर्याप्त हुनेछैन। हामीले बजार, निजी क्षेत्र र भूमण्डलीकरणका नियममा आधारभूत परिवर्तन गरेर तीमार्फत हुने विशाल असमानता रोक्नुपर्छ। यसका लागि शक्ति बदल्नुपर्छ, मजदुरहरूको अधिकार सुदृढ तथा संरक्षण गर्नुपर्छ। करिब तीन अर्ब महिलालाई पुरुषबराबर काम गर्न रोक्ने लिंगभेदी कानुनहरू अन्त्य गर्नुपर्छ। र, लोकतन्त्रमाथि खतरा निम्त्याउने एकाधिकारलाई सम्बोधन गर्नुपर्छ।

अहिलेको विश्वव्यापी आपतकालबाट कसरी बाहिर निस्किने भन्ने कुरा हामीमा निर्भर छ। हामीसामु दुइटा विकल्प छन् : अहिलेको अर्बपतिको हित गर्ने र घातक असमानता बढाइराख्ने हिंस्रक अर्थतन्त्रहरू कायम राख्ने कि कोही गरिब वा अकल्पनीय अर्बपति नरहने समानतामा आधारित अर्थतन्त्र बनाउने। छनोट हाम्रै हातमा छ।

*अलजजिराबाट*

## भत्ता खान मूल्यवृद्धि ?

'डिजेलको भाउ अहिलेसम्मकै महँगो, पेट्रोलको मूल्य पनि 'रेकर्ड ब्रेक' गर्ने अंकनजिक' शीर्षकको समाचार पढेपछि केही नलेखी बस्नै सकिएन।

नेपाल आयल निगम जनताको सेवाका लागि भन्दा पनि लुटपाटका लागि खुलेको संस्थाजस्तो बन्दै गएको छ। अनेक बहानामा इन्धनको मूल्य बढाउने र जनताको ढाड सेक्ने निगमले कर्मचारीलाई अनेक शीर्षकमा भत्ता दिन कसरी मिल्छ ? नाफा भए पो भत्ता, नभए केको भत्ता ? के निगमले व्यवस्थापक र कर्मचारीलाई भत्ता र बोनस बाँड्नैका लागि यो पटक-पटकको मूल्यवृद्धि गराइरहेको छ हो ? हैन भने अन्तर्राष्ट्रिय बजारमा मूल्य घट्दा नघट्ने तर बढ्दाचाहिँ बढिहाल्ने कहाँको नियम हो ?

● **गौरव तामाङ**, अनामनगर, काठमाडौं

**टिप्पणी**

लेखकका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrika.com
nayapatrikaofficial
@naya_patrika

## खोप केन्द्र व्यवस्थित बनाऊ

विश्वभर कोरोनाको ओमिक्रोन भेरियन्ट व्यापक रूपमा फैलिएको छ। अझ छिमेकी राष्ट्र भारतमा यसले बिकराल रूप लिइसकेको छ। खुला सिमाना हुनाले पनि नेपालमा पनि यसको बिकराल प्रभाव परिसकेको छ। नेपालमा कोरोना संक्रमणको तेस्रो लहर ओमिक्रोन दिन दुईगुना, रात चौगुनाको गतिमा बढिरहेको छ। हाल सरकारले 'स्मार्ट' लकडाउन लागू गरेको छ। तर, सहर-बजारमा मानिसको भिड भने घटेको छैन। यसर्थ, भिड नियन्त्रणमा कडाइ गर्नुपऱ्यो।

हाल कोरोनाविरुद्धको खोप लगाउने कार्य चलि नै रहेको छ। तर, खोप लगाउने केन्द्रका रूपमा सीमित अस्पताल मात्र तोकिएको हुनाले ती अस्पतालमा खोप लगाउनेको भिडभाड निकै देखिएको छ। सबैलाई पछि कतै खोप लाउन पाइँदैन कि भन्ने डरले पनि आजै खोप लगाऊँ भन्ने हतार देखिन्छ। यसर्थ, खोप लगाउने अस्पतालको संख्या यथाशीघ्र बढाउनुका साथै खोप लगाउने समय पनि बिहान ७ बजेदेखि नै सुरु गर्नु आवश्यक देखिन्छ। यसो गर्दा धेरैभन्दा धेरैले खोप पनि लगाउन पाउँछन् र खोपकेन्द्रहरूमा भिडभाड पनि कम हुने थियो।

● **अच्युतमान सिंह प्रधान** 'उत्सुक', बालुवाटार, काठमाडौं

## जनतालाई कति सताउँछौ सरकार ?

सरकार, फेरि पनि पेट्रोलियम पदार्थको भाउ बढेछ। शेरबहादुर देउवाको नेतृत्वमा नयाँ सरकार गठन भएपछि पेट्रोलियम पदार्थको भाउ कतिपटक र कति कतिका दरले बढ्यो, हामी जनताले त्यसको हिसाबकिताब राख्न पनि छाडिसक्यौं। किनकि, आज यतिले बढ्यो भन्दाभन्दै भोलि फेरि बढिसकेको हुन्छ, अनि हिसाबकिताब पनि कसरी राख्न सम्भव होस्, हैन त ?

हुन त यहाँनेर विगतमा केपी ओली नेतृत्वको सरकारले पनि त बढाएको थियो भनेर पन्छिने कोसिस पनि हुन सक्छ। देउवा सरकारका जोदाहा रक्षकहरू मविरुद्ध खनिन पनि सक्छन्। तर, यहाँ देउवा या ओलीको होइन, समग्रमा सरकारको विरोध गरिएको हो। सरकारले निगमका पदाधिकारीलाई छाडा साँढेजस्तो बेलगाम छाडिदिएको छ। जसले गर्दा ऊ पटक-पटक कुस्त नाफा भइरहँदा पनि घाटा भयो घाटा भनेर कुर्लिरहन्छ र फेरि भाउ बढाउँछ। अनि, पदाधिकारी र कर्मचारीलाई भत्ताका शीर्षक थप्छ , भत्ता बाँड्छ। मौका मिलाएर बोरामा हालेर पैसा बोक्नुपर्ने गरी बोनस पनि बाँड्छ। अनि फेरि कराउँछ, घाटा धान्नै नसकिने भयो, सरकार मौन साक्षी बसिदिन्छ। अनि, उसले फेरि भाउ बढाउँछ। जनताको ढाड भाँचिने गरी महँगीको भारी बोकाउँछ। मूल्यवृद्धिले च्यापिएका जनताले विरोधमा मुख खोल्नसमेत सक्दैनन्।

यो चक्र निरन्तर चलिरहेको छ। विगतमा अन्तर्राष्ट्रिय बजारमा अकल्पनीय रूपमा कच्चा तेलको मूल्यमा गिरावट आयो। तर, निगमले भाउ पटक्कै घटाएन। त्यतिवेला उसले मनग्य नाफा कमायो र भत्ता, बोनस केकेजाति हो, सबै बाँड्यो। उसले भाउ घटाउन आवश्यक सम्झेन। अहिले अन्तर्राष्ट्रिय बजारमा भाउ बढ्यो भन्दै उसले फेरि मूल्य बढाएको छ। जसमा सरकारले फड्के किनाराको साक्षी बसेर ल्याप्चे लगाइदिएको छ। के जता पनि र जसरी पनि जनता नै मारमा परिरहनुपर्ने हो सरकार ?

● **सुमिता नगरकोटी**, बाफल, काठमाडौं

कोरोनाविरुद्ध सचेतना
रुमालको सट्टा
टिस्यु पेपर प्रयोग गरौँ



# युवा संघमा एमाले 'हाई कमान्ड'को गुट छाया

## नवौँ महाधिवेशन आयोजक कमिटी गठनप्रति असन्तुष्टि, ओली र पोखरेललाई उजुरी दिएको असन्तुष्ट समूहले दियो समानान्तर गतिविधि गर्ने चेतावनी

■ ०६९ फागुनमा बुटवलमा आठौँ महाधिवेशन सम्पन्न भययता युवा संघमा नौ वर्षसम्म महाधिवेशन सम्पन्न हुन सकेको छैन

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

एमालेको युवा भ्रातृ संगठन राष्ट्रिय युवा संघमा हालै चितवनमा सम्पन्न पार्टीको दशौँ महाधिवेशनका दुई गुटको छाया देखिएको छ। नवौँ महाधिवेशन आयोजक कमिटी गठन गर्न बसेको केन्द्रीय सचिवालय बैठक एक पक्षले बहिष्कार गरेसँगै पार्टीका दुई गुटको छाया युवा संघमा प्रस्ट रूपमा बाहिर आएको हो।

दशौँ महाधिवेशनमा ईश्वर पोखरेललाई वरिष्ठ उपाध्यक्ष र शंकर पोखरेललाई महासचिव बनाउनुपर्ने पक्षमा उभिएका युवा संघका नेता अहिले असन्तुष्ट समूहका रूपमा संगठित बनेका छन्। यसले दुई गुटको शक्तिसंघर्ष सुरु भएको छ। कोरम नै नपुगेको केन्द्रीय सचिवालय बैठकले विधानविपरीत एकलौटी रूपमा नवौँ महाधिवेशन आयोजक कमिटी गठन गरेको भन्दै असन्तुष्ट समूहले पार्टीमा उजुरी गरेका छन्।

असन्तुष्ट समूहको नेतृत्व संघका उपाध्यक्षहरू रोशन बस्नेत, उर्मिला सुनुवार, अमित लामाले गरेका छन्। सो समूहमा सचिवालयका तीन दर्जनजति नेताको साथ छ। उनीहरूले २८-३० पुसमा पोखरामा सम्पन्न बैठकका निर्णयमाथि प्रश्न उठाएका छन्। असन्तुष्ट समूहले अध्यक्ष केपी ओली, महासचिव पोखरेल, मोर्चा संगठनका प्रमुख भानुभक्त ढकाल, संगठन विभागका प्रमुख खगराज अधिकारीलगायतलाई भेटेर ध्यानाकर्षणपत्र बुझाएको छ।

संघका अध्यक्ष किरण पौडेल, महासचिव रमेश आचार्यको नेतृत्वमा रहेको बहुमत पक्षलाई संघका पूर्वअध्यक्ष महेश बस्नेतको साथ छ। पार्टीमा भने यो समूहले दसौँ महाधिवेशनमा सुवास नेम्वाङ, विष्णु पौडेललगायतलाई नेतृत्वमा ल्याउन जोड गरेको थियो। बहुमत पक्षले भने असन्तुष्ट समूहको आरोपको प्रतिवाद गरेको छ।

संघका महासचिव रमेश आचार्यले बुधबार विज्ञप्ति प्रकाशित गरी आयोजक कमिटीमा रहेका र नरहेका केही व्यक्तिले सचिवालय बैठकको निर्णय तोडमोड गर्दै भ्रमित पार्ने कोसिस गरेको बताएका छन्। 'नवौँ राष्ट्रिय महाधिवेशन आयोजक कमिटीको प्रथम पूर्ण बैठकले गरेको नवौँ राष्ट्रिय महाधिवेशन आयोजक कमिटी गठन र १० प्रतिशत मनोनीत तथा पाँच प्रतिशत समायोजन हुन बाँकीको सम्बोधनसम्बन्धी निर्णयलाई तोडमोड गर्दै आयोजक कमिटीमा रहेका र आयोजक कमिटीमै नरहेका केही व्यक्तिले संगठनको स्थापित मूल्य-मान्यता, विधि र पद्धतिलाई लत्याउँदै संगठनका असल र इमानदार कार्यकर्तालाई भ्रमित पार्ने कोसिस गरिरहेका छन्,' आचार्यले भनेका छन्, 'यी र यस्ता हर्कत किमार्थ स्वीकार्य र क्षमायोग्य छैनन्, तपसिल वास्तविकतालाई आत्मसात् गरी संगठनको निर्णयअनुसार संगठनको काममा सक्रिय हुने प्रतिबद्धता व्यक्त गर्दै अन्य सबैलाई पनि सोहीअनुसार अघि बढ्न अनुरोध गर्दछु।'

उनले विज्ञप्तिमा पार्टी निर्देशनअनुसार नै महाधिवेशन आयोजक कमिटीको सदस्य, सचिवालय, स्थायी कमिटी, पदाधिकारी र कार्यालय कमिटीको संख्या घटाइएको, उमेरहद पार गरेकालाई महाधिवेशन आयोजक कमिटीमा नराखिएको, पार्टीको भौगोलिक प्रदेश र जिल्ला कमिटी पदाधिकारी र पालिका कमिटीमा अध्यक्ष र सचिवको जिम्मेवारीमा रहेकालाई नराखिएको प्रस्ट्याएका छन्। त्यस्तै, संगठनको मूल नेतृत्व र नीतिविरुद्ध लाग्ने, ६ महिनाभन्दा बढी समय निष्क्रिय रहेकाहरूलाई लाई आयोजक कमिटीमा नराखिएको तथा आयोजक कमिटी निर्माण गर्दा समावेशी सिद्धान्तलाई पूर्ण पालना गरिएको दाबी पनि गरेका छन्।

तर, असन्तुष्ट समूहकी उपाध्यक्ष उर्मिला सुनुवारले भने संगठनको नीति, विधिलाई लत्याएर जबर्जस्ती गरिएपछि असन्तुष्टहरूले बैठक बहिष्कार गरेको बताइन्। उनले विधि र पद्धतिअनुसार महाधिवेशन आयोजक कमिटी गठनको निर्णय सच्चिनुपर्ने जिकिर गरिन्। 'संघको नीति, विधिको आधारमा होइन, जबर्जस्त ढंगले जान खोजेपछि पोखरा बैठक बहिष्कार गरेर हिँडेका हौँ, संघको केन्द्रीय कार्यालय बैठकले गरेको निर्णयलाई लत्याउँदै महाधिवेशनबाट निर्वाचित भएको कमिटीजस्तै गरी फरक ढंगले आयोजक कमिटी गठन गरिएकोमा असहमति छ,' सुनुवारले नयाँ पत्रिकासँग भनिन्, 'यस विषयमा अध्यक्षसहित नेताहरूको ध्यानाकर्षण पनि गराइसकेका छौँ, सर्कुलर सार्वजनिक नभएकाले निर्णय संशोधन हुने सम्भावना छ, सच्याउनेबाहेकको अर्को विकल्प पनि छैन।'

संस्थापन समूहलाई संघका पूर्वअध्यक्ष बस्नेतसँगै निरुदेवी पाललगायतको साथ छ भने बहिष्कार गर्ने समूहलाई पनि पूर्वअध्यक्ष रमेश पौडेल, पूर्वउपाध्यक्ष पर्शुराम बस्नेतलगायतले साथ दिएका छन्। असन्तुष्ट समूहमा उपाध्यक्षहरू अमित लामा, रोशन बस्नेत, उर्मिला सुनुवार, विष्णुप्रसाद घिमिरे (उज्वल), तिरण गौतम, रवीन थापा, कुमार हुमागाईं, उपमहासचिव प्रकाश गौतम, राजन थापा, शिवचन्द्र सिंह, सुमित्रा बोगटी, वेगबहादुर पाण्डे, मिलन सिंह, राकेश लामालगायत तीन दर्जन नेता संगठित छन्।

पार्टीको दशौँ महाधिवेशनमा संघबाट पाँचमध्ये चारजना प्रतिनिधि नेम्वाङ र पौडेललाई समर्थन गर्ने छनोट भएका थिए। अहिले असन्तुष्ट समूहका रूपमा संगठित संघका नेताहरूको समूहले त्यतिवेला प्रतिनिधि छनोटप्रति पनि असन्तुष्टि जनाउँदै केन्द्रीय कार्यालयमा उजुरी गरेको थियो। उजुरी गर्नेमध्येकी उर्मिला सुनुवार मनोनीत प्रतिनिधि बनेकी थिइन्। दशबुँदे समूहबाट क्रान्ति बुर्लाकोटी प्रतिनिधि छानिएकी थिइन्।

११ फागुनमा महाधिवेशन गर्ने सर्वसम्मत निर्णय गरेर आयोजक कमिटी बनाउने वेलामा युवा संघभित्र पोलिटब्युरो सदस्य महेश बस्नेत हाबी भएपछि विवाद उत्पन्न भएको थियो। संघमा विवाद उत्पन्न भएपछि धेरैजसो नेताले केन्द्रीय कमिटी बैठक नै बहिष्कार गरेर निस्केका थिए। पोखराको बैठकमा पूर्वअध्यक्ष बस्नेतले नाम झिकेर भटाभट पढ्न थालेपछि विवाद भएको उपाध्यक्ष रोशन बस्नेतले बताए।

'बैठकमा छलफल भएर सहमतिमा नाम प्रस्ताव हुनुपर्थ्यो, तर इन्चार्जले एकलौटी नाम प्रस्ताव गरेपछि विवाद भएको हो, उहाँले युवा संघलाई निजी कम्पनीजस्तो ठान्नुभयो,' उपाध्यक्ष बस्नेतले भने, 'एउटा निजी कम्पनीमा त अडिट गर्नुपर्छ, अडिट नमिल्दा नवीकरण हुँदैन, युवा संघ त जनहित लागि बनेको युवाहरूको पक्षमा बनेको विशाल संगठन हो, यसमा कोही एक व्यक्ति हाबी हुन सक्दैन।'

### ■ संस्थापन पक्ष


किरण पौडेल


रमेश आचार्य

### ■ असन्तुष्ट पक्ष


रोशन बस्नेत


उर्मिला सुनुवार

> पार्टी अध्यक्ष ओलीलाई बुझाइएको ज्ञापनपत्रमा असन्तुष्ट पक्षले भनेको छ- समयमै गलत निर्णय नसच्याए हामी संघलाई विधि, पद्धति र प्रक्रियाअनुरूप अगाडि बढाउन थप पाइला चाल्न बाध्य हुनेछौं।

### ओलीलाई बुझाएको पत्रमा के छ ?

असन्तुष्टहरूले पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई बुझाएको ध्यानाकर्षणपत्रमा संघमा पूर्वअध्यक्ष महेस बस्नेत हाबी भएको उल्लेख गरेका छन्। यस्तै, एकलौटी निर्णय नसच्चिए समानान्तर गतिविधि गर्नुपर्ने अवस्था आउनेसम्मको चेतावनी दिएका छन्। 'पार्टीको मूल विचार मार्क्सवाद, लेनिनवाद, जनताको बहुदलीय जनवाद, लेनिनवादी संगठनात्मक सिद्धान्त र लोकतान्त्रिक विधि, पद्धतिविपरीत संघको संगठनात्मक जीवनमा व्यक्तिवाद हाबी हुँदै गएको हामीले महसुस गरेका छौँ,' सो पत्रमा छ, 'तसर्थ संघको विद्यमान पूर्ण सचिवालय कमिटीलाई नै महाधिवेशन आयोजक कमिटीमा रूपान्तरण गर्न पार्टीबाट स्पष्ट निर्देशन गरियोस् भनी कमरेडसमक्ष यो ध्यानाकर्षणपत्र दर्ज गराएका छौँ, समयमै गलत निर्णय नसच्याए हामी संघलाई विधि, पद्धति र प्रक्रियाअनुरूप अगाडि बढाउन थप पाइला चाल्न बाध्य हुने विषयसमेत अवगत गराउँदछौँ।'

पोखरामा भएको युवा संघको बैठकमा विवाद भएपछि पार्टी महासचिव शंकर पोखरेलले काठमाडौंबाट फोन गरेर सबैलाई मिलाएर बैठक सञ्चालन गर्न इन्चार्ज बस्नेतलाई निर्देशन दिएका थिए। निर्देशनको बेवास्ता गर्दै महाधिवेशन आयोजक कमिटी घोषणा भएको असन्तुष्टहरूको दाबी छ। संस्थापनले तीन सय ५१ सदस्यीय आयोजक कमिटी घोषणा गरेको छ। तर, असन्तुष्ट पक्षले भने महाधिवेशन सम्पन्न नभएसम्म अहिलेको चार सय १९ सदस्यीय केन्द्रीय सचिवालयलाई आयोजक कमिटी मान्नुपर्ने तर्क गर्दै आएको छ।

### नौ वर्षदेखि युवा संघमा भद्रगोल

०६९ फागुनमा बुटवलमा आठौँ महाधिवेशन सम्पन्न भययता युवा संघमा नौ वर्षसम्म महाधिवेशन सम्पन्न हुन सकेको छैन। नौ वर्षसम्म युवा संघ महाधिवेशन र विधानविनै भद्रगोल तरिकाले सञ्चालन भएपछि एमाले विभाजनअघि दिलु पन्त, नरेश शाही, हस्त शाही, क्रान्ति बुर्लाकोटीलगायतको समूहले संस्थापनसँग अन्तर्संघर्ष गर्दै आएको थियो। बुर्लाकोटी अहिले एमालेमै रहे पनि अरू माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीमा छन्। महाधिवेशन नभएका कारण राष्ट्रिय युवा संघमा विधान र अधिवेशनविनै टिके नियुक्तिमा आठजना अध्यक्ष फेरिएका छन्।

अबको ११ फागुनमा महाधिवेशन सम्पन्न हुँदा नौ वर्षमा अधिवेशन र विधानविनै नौ अध्यक्ष फेरेर कीर्तिमान कायम गर्ने जनसंगठनका रूपमा राष्ट्रिय युवा संघ दर्ज हुनेछ। १८ फागुन ०६९ मा महेश बस्नेत दोस्रोपटक अध्यक्ष भएका थिए। त्यसलगत्तै बस्नेतकै प्रस्तावमा निरु पाल अध्यक्ष भइन्। त्यसपछि क्रमशः राजीव पहारी, रमेश पौडेल अध्यक्ष भए। पार्टी एकतापछि पौडेल सहसंयोजक थिए भने संयोजकमा पूर्वमाओवादी समूहको वाइसिएलबाट रामप्रसाद सापकोटा 'दीपशिखा' चयन भएका थिए। एकता भंग भएपछि पुनः रमेश पौडेल, त्यसपछि वचन सिंह अध्यक्ष बने। छोटो समय अध्यक्ष बनेका सिंहले राजीनामा दिएपछि किरण पौडेल अध्यक्ष बने। दशौँ महाधिवेशनबाट पार्टी केन्द्रीय सदस्य बनेका पौडेल संघको नवौँ महाधिवेशन सम्पन्न गराएर बिदा हुँदै छन्। त्यससँगै संघले ०६९ यता नवौँ अध्यक्ष चयन गर्नेछ।

## संक्षेप

### बागमती प्रदेशले श्वेतपत्र जारी गर्ने

**हेटौँडा**/ बागमती प्रदेशले श्वेतपत्र जारी गर्ने भएको छ। बिहीबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले प्रदेश सरकार गठन भएदेखि हालसम्मको समीक्षा गर्दै श्वेतपत्र जारी गर्ने निर्णय गरेको हो। श्वेतपत्र जारी गर्न आर्थिक मामिला तथा योजनामन्त्री शालिकराम जम्मकट्टेलको संयोजकत्वमा श्वेतपत्र लेखन समितिसमेत निर्माण गरिएको छ। मुख्यमन्त्री पाण्डेको संयोजकत्वमा उच्चस्तरीय अनुगमन समितिसमेत गठन गरिएको छ।

प्रदेश सरकारले हालसम्म गरेको कामको अनुभवसहित प्रगति, कमीकमजोरी र वर्तमान अवस्थालाई समेटेर श्वेतपत्र जारी गरिने सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णप्रसाद शर्मा खनालले जानकारी दिए। मन्त्रीहरू नै संयोजक रहने गरी राजनीतिक, प्रशासन तथा विधेयक, आर्थिक सामाजिक तथा पूर्वाधार समिति बैठकले गठन गरेको पनि उनले जानकारी दिए। मन्त्रिपरिषद्को बैठकले मन्त्रालयको कर्मचारी संगठन संरचना र दरबन्दी स्वीकृत गरेको छ। प्रादेशिक संरचना निर्माण गर्न प्रदेशका प्रमुख सचिवको संयोजकत्वमा जग्गा पहिचान समिति गठन गरिएको छ। समितिलाई प्रतिवेदन बुझाउन सात दिनको समयसीमा दिइएको छ। बैठकले प्रदेशको वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि, २०७८ समेत स्वीकृत गरेको छ।

### चौथो दिन पनि मुख्यमन्त्रीविरुद्ध प्रदर्शन

वीरगन्ज/ मधेस प्रदेशको स्थायी राजधानी जनकपुर तोकिएको विरोधमा बिहीबार पनि वीरगन्जमा प्रदर्शन भएको छ। बिहीबार 'वीरगन्ज राजधानी बनाऊ संघर्ष समिति'को नेतृत्वमा मुख्यमन्त्रीविरुद्ध प्रदर्शन भएको हो। मधेस प्रदेशको सभामा भएको मतदानका साथ दुईतिहाइ बहुमतले स्थायी राजधानी जनकपुर तोकिएपछि पछिल्लो चार दिनदेखि लगातार वीरगन्ज आन्दोलित छ। वीरगन्जवासीले प्रदेश-२ को स्थायी राजधानी जनकपुर स्वीकार नगर्ने अडान कायम राख्दै मुख्यमन्त्री लालबाबु राउतको पुत्ला दहन गर्दै प्रदर्शन गरिरहेका छन्। चार वर्ष बित्न लाग्दा पनि प्रदेशको नाम र स्थायी राजधानी तय गर्न नसकेको भनी आलोचित भइरहेको प्रदेश-२ सभाले गत सोमबार दुवै कार्य सम्पन्न गरेको थियो। बिहीबारको प्रदर्शनमा जिल्लाका प्रमुख राजनीतिक दलका युवा तथा विद्यार्थी संगठनका नेता-कार्यकर्ता सहभागी थिए। संघर्ष समितिका संयोजक महम्मद निजामुद्दिनको अगुवाइमा घन्टाघर चोकमा सहभागी भएर उनीहरूले मधेस आन्दोलनका वेला वीरगन्जलाई नै राजधानी बनाउने वाचा गरेका मधेसका नेताहरूले सत्तामा पुगेपछि वाचा भुलेको आरोप लगाए।

### स्थानीय तह रिक्त हुने गरी चुनाव सार्नु असंवैधानिक हुन्छ : थापा

काठमाडौं/ कांग्रेसका महामन्त्री गगन थापाले सरकारले गर्ने हरेक निर्णय संविधानको कसीमा सही हुनैपर्ने बताएका छन्। बिहीबार ट्विटमार्फत महामन्त्री थापाले स्थानीय तहलाई रिक्त राखेर संघीय निर्वाचन हुन नसक्ने बताए। सत्तारूढ गठबन्धनमा स्थानीय निर्वाचनभन्दा पहिले नै संघीय निर्वाचन गर्ने विषय प्रवेश भएपछि थापाले निर्वाचनबारे निर्णय गर्दा स्थानीय तह रिक्त हुन पुग्छ भने त्यो असंवैधानिक नै हुने बताएका हुन्।

उनले ट्विटमा भनेका छन्, 'हामीले बनाएको संविधानले स्थानीय तहमा जनप्रतिनिधिको रिक्तताको कल्पना नै गरेको छैन। अतः निर्वाचनबारे कुनै पनि निर्णय गर्दा स्थानीय तह रिक्त हुन पुग्छ भने त्यो असंवैधानिक नै हुन्छ।' असंवैधानिक कदमविरुद्धको संघर्षबाट बनेको यो सरकारका हरेक निर्णय संवैधानिक हुनुपर्ने महामन्त्री थापाले बताएका छन्। 'कांग्रेस प्रस्ट छ, असंवैधानिक कदमविरुद्धको संघर्षबाट बनेको यो सरकारका हरेक निर्णय संविधानको कसीमा सही हुनैपर्छ,' थापाले भनेका छन्। बुधबारको सत्तागठबन्धन बैठकमा वैशाखमा संसदीय र कात्तिकमा स्थानीय तह निर्वाचन गर्ने प्रस्ताव छलफलमा आएपछि थापाको प्रतिक्रिया आएको हो।

### ■ राजधानी माग्दै प्रदर्शन



मधेस प्रदेशको स्थायी राजधानी जनकपुरधामलाई तोकेको विरोधमा 'वीरगन्ज राजधानी बनाऊ संघर्ष समिति'को आह्वानमा वीरगन्जमा चौथो दिन बिहीबार पनि प्रदर्शन भएको छ। वीरगन्जलाई स्थायी राजधानी बनाउनुपर्ने प्रदर्शनकारीको माग छ। | तस्बिर : **तिवारी यादव**/ **नयाँ पत्रिका**

### भाषा, धर्म र संस्कृतिको रक्षा गर्ने चुनौती थपियो : देव गुरुङ

काठमाडौं/ माओवादी नेता देव गुरुङले देशमा सांस्कृतिक अतिक्रमण हुने खतरा रहेकाले त्यसका विरुद्ध सजग हुनुपर्ने बताएका छन्। बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै नेता गुरुङले विश्वव्यापीकरणका कारण देशको भाषा, धर्म र संस्कृतिको रक्षा गर्ने चुनौती थपिएको बताएका हुन्। अन्तर्राष्ट्रिय रूपमा हावी भइरहेका संस्कार, संस्कृति र चिन्तनहरूले नेपाली संस्कार र संस्कृतिलाई विस्थापित अथवा निरुत्साहित पार्ने खतरा रहेको उनको भनाइ छ। सांस्कृतिक अतिक्रमणविरुद्ध सजग रहनुपर्ने बताएका गुरुङले देशभित्रका पनि एउटा समुदायले अर्को समुदायको संस्कार र संस्कृतिको अतिक्रमण गरिरहेको जिकिर गरे। नेपाली जनताले अंगीकार गरेको सबै भाषा, संस्कृतिलाई समान रूपमा मान्यता स्थापित गर्दै संस्कार र संस्कृतिको संरक्षण गर्नुपर्ने उनको भनाइ छ।

### समाजवादी प्रेस संगठनको सचिवालय विस्तार

काठमाडौं/ समाजवादी प्रेस संगठनको १५ सदस्यीय सचिवालय गठन भएको छ। बिहीबार संगठनका अध्यक्ष शम्भु श्रेष्ठको अध्यक्षतामा काठमाडौंमा उपलब्ध पदाधिकारीहरूको बैठकले सो निर्णय गरेको हो। बैठकले ३० कात्तिकमा गठन भएको सचिवालयलाई प्रस्तावित विधानअनुसार विस्तार गरी १५ सदस्यीय बनाउने निर्णय गरेको छ। विस्तारित सचिवालयमा शम्भु श्रेष्ठ, विश्वमणि सुवेदी, प्रकाश खतिवडा, नरेन्द्र साउद, शान्तराम बिडारी, भवानी कार्की, नवराज छत्कुली, बुद्धवीर बाहिङ राई, भुपराज खड्का, रामकुमार एलन, तेजप्रसाद वाग्ले, उर्मिला कुँवर, कृष्णराज गौतम, गौविन्द चौलागाईं र सुभाषप्रसाद साह छन्। बैठकले विभिन्न विभागीय जिम्मेवारीसमेत तोकेको छ भने फागुन ७ गतेका लागि तोकिएको राष्ट्रिय भेला तयारी समितिहरूसमेत गठन गरेको छ।

## राष्ट्रिय सभा निर्वाचन : प्रदेश २ मा एमाले र लोसपाबीच तालमेल

**हदिस खुद्दार**/नयाँ पत्रिका

राष्ट्रिय सभाको आसन्न निर्वाचनका लागि मधेस प्रदेशमा एमाले र लोकतान्त्रिक समाजवादीले तालमेल गरेका छन्। मधेस प्रदेशबाट प्रतिनिधित्व गर्ने रिक्त दुई सदस्य चयन गर्न १२ माघमा हुने मतदानका लागि एमाले र लोसपाले तालमेल गरेका हुन्।

बिहीबार जनकपुधारममा दुई पार्टीले संयुक्त पत्रकार सम्मेलन आयोजना गरी तालमेल घोषणा गरे। पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार दुई सदस्यमध्ये अन्यतर्फ एमालेका उसमान अन्सारी र महिलातर्फ रुपा यादव दुई दलीय गठबन्धको साझा उम्मेदवार बनेका छन्। महिलातर्फ नै एमालेबाट उम्मेदवारी दर्ता गरेकी बिनादेवी साहले यादवलाई समर्थन गरेको घोषणा गरिन्। 'पार्टी केन्द्रले नै लोसपासँग गठबन्धन बनाएर जाने निर्णय गरेकाले मेरो उम्मेदवारी अब कायम रहेन। मैले लोसपाबाट उम्मेदवारी दर्ता गराउनुभएकी रुपा यादवलाई समर्थन गरेको छु,' पत्रकार सम्मेलनमा साहले भनिन्।




सचिव रघुवीर महासेठले तत्काल राष्ट्रिय सभा निर्वाचनका लागि भएको गठबन्धन अन्य निर्वाचनसम्म पनि जान सक्ने बताए। राष्ट्रियताको सवालमा एमाले र लोसपाबीच समनाता रहेको र विचारहरू मिल्दै गएको चर्चा गर्दै महासेठले दुई पार्टीको गठबन्धन लामो समयसम्म चल्ने धारणा व्यक्त गरे।

लोसपाका प्रदेश अध्यक्ष तथा मधेस संसदीय दलका नेता जीतेन्द्र सोनलले मधेसका सवालमा एमाले अन्य राष्ट्रिय पार्टीभन्दा स्पष्ट र प्रगतिशील रहेको दाबी गरे। 'मधेश आन्दोलनकारीमाथि लागेको मुद्धा फिर्ता, जन्मसिद्ध नागरिकका सन्तानका लागि नागरिकता, संविधान संशोधन लगायतका विषयमा एमाले सकारात्मक छ,' सोनलले भने, 'त्यसैले पनि तत्कालीन समयमा लोसपाले प्रधानमन्त्रीमा केपी ओलीलाई समर्थन गरेको थियो।' गठबन्धन घोषणा कार्यक्रममा एमाले नेता लीलानाथ श्रेष्ठ, जुली महतो, लोसपा सांसदहरू परमेशर साह, जयनुल राइन, रानी शर्मा तिवारीलगायत सहभागी थिए। आगामी २० फागुनबाट मधेश प्रदेशबाट राष्ट्रिय सभामा प्रतिनिधित्व गरेका शशिकला दाहाल र समनराज प्याकुरेलको कार्यकाल सकिने भएकाले १२ माघमा मतदान हुन लागेको हो।

मधेस प्रदेशमा एमाले र लोसपाका अलावा, सत्ता गठबन्धनका तर्फबाट महिलातर्फ माओवादीकी उर्मिला अर्याल र खुलातर्फ जसपाका महमद खालिद उम्मेदवार छन्। नौ हजार आठ सय १६ मतभार रहेको मधेसमा प्रदेश सभा सदस्य एक सय चारजना छन् भने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र नगरपालिका प्रमुख, उपप्रमुख दुई सय ६८ जना छन्। प्रदेश सांसद र पालिकाका प्रमुख-उपप्रमुख तथा अध्यक्ष-उपाध्यक्ष मतदाता हुन्। प्रदेश सांसदको ४८ र पालिकाका प्रमुख-उपप्रमुख तथा अध्यक्ष-उपाध्यक्षको मतभार १८-१८ हुन्छ।




# केएमसी र नोबेल मेडिकल कलेजका विद्यार्थीको संयुक्त आन्दोलन सुरु

**नयाँ पत्रिका**
**काठमाडौं, ६ माघ**

विराटनगरस्थित नोबेल मेडिकल कलेजका विद्यार्थीले काठमाडौंमा आएर आन्दोलन सुरु गरेका छन् । पीडित विद्यार्थीको समस्या समाधान नभएपछि नोबेल कलेजका विद्यार्थी काठमाडौं आएर केएमसीका विद्यार्थीसँगै संयुक्त आन्दोलन थालेका हुन् ।

दुई मेडिकल कलेजका विद्यार्थीहरूले बिहीबार माइतीघर मण्डलामा प्रदर्शन गरेका छन् । कोभिड संक्रमणको जोखिम उच्च भए पनि पीडित विद्यार्थीहरूले स्वास्थ्य मापदण्डलाई पालना गरी आन्दोलन गरेको चिकित्सा शिक्षा संघर्ष समिति अभियानका संयोजक मनीष भट्टराईले बताए । कलेज प्रशासनले समस्या समाधान नगरेपछि विद्यार्थीहरू रिले आमरण अनशन बस्ने तयारी गरेको उनको भनाइ छ ।

काठमाडौं र नोबेल मेडिकल कलेजले होस्टेल शुल्क र अतिरिक्त शुल्क माग गरेका कारण विद्यार्थीहरू आन्दोलनमा उत्रेका छन् । भट्टराईका अनुसार नोबेलले १५ देखि २० लाख रुपैयाँ अतिरिक्त शुल्क मागेको छ ।

गत ३० पुसमा सरोकार पक्षबीच छलफल र निर्णय भए पनि विवादित कलेजले निर्णय कार्यान्वयन गरेका छैनन् । चिकित्सा शिक्षा आयोग, त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, काठमाडौं मेडिकल कलेज, नोबेल मेडिकल कलेज, अभिभावक तथा विद्यार्थीबीच भएको निर्णय कार्यान्वयन नभएपछि कानुनी कारबाही अघि बढाउने विषयमा छलफल भएको छ ।

शिक्षामन्त्री देवेन्द्र पौडेल र गृहमन्त्री बालकृष्ण खाँडबीच आन्दोलित एमबिबिएस विद्यार्थीको समस्या समाधानका लागि थप कदम चाल्ने विषयमा छलफल भएको छ । बुधबार दुई मन्त्रीबीच चिकित्सा शिक्षा आयोगले तोकेको शुल्कभन्दा बढी शुल्क लिने शिक्षण संस्थाहरूमाथि कारबाही अघि बढाउने विषयमा छलफल भएको हो । शिक्षामन्त्री पौडेल पटक-पटक कलेज पुगेर अनुगमन र छलफलसमेत गरेका थिए । तर, प्रशासनले बेवास्ता गरेको छ ।

नोबेल, काठमाडौं मेडिकल कलेजमा अतिरिक्त शुल्क र होस्टेल शुल्कका विषयमा विवाद छ । कलेजले समस्या समाधान गर्नुभन्दा केही अभिभावकलाई प्रभावमा पारेर सहमति गराउने प्रयास गरेकोसमेत विद्यार्थीहरूले गुनासो गरेका छन् ।

# अखेटोपहार र बन्दुकसहित एक पक्राउ

**कास्की**/ प्रहरीले वन्यजन्तुको अखेटोपहार र बन्दुकसहित एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पोखरा महानगरपालिका-२२ पुम्दीभुम्दी बस्ने २८ वर्षीय खोबहादुर थापा रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता सुन्दर तिवारीले जानकारी दिए ।

अवैध रूपमा वन्यजन्तुको छाला घरमा लुकाइछिपाइ राखेको भन्ने गोप्य सूचनाको आधारमा प्रहरी टोलीले थापालाई पक्राउ गरेको उनले बताए । प्रहरी टोलीले पुम्दीभुम्दीमा रहेको थापाको घरबाट चितुवाको जस्तो देखिने छाला ७ फिट लम्बाइ, २ फिट ६ इन्च चौडाइ भएको पुच्छरसहितको टाटेपाटे आकारको खैरो रङको छाला एक थान र चितुवाको जस्तो देखिने दुईवटा दाह्रासहितको दाँतको भागको टुक्रा एक थान बरामद गरेको थियो ।

प्रहरीले थापाको घरबाट हतियार नम्बर ७८१३४ नम्बरको ३ फिट १०.०५ इन्च लम्बाइ भएको भिर्ने फित्ता (सिलिङ)सहितको दुई नाले कारतुस बन्दुक एक थान, सोही बन्दुकमा लाग्ने प्रयोग भइसकेको खाली खोका ४५ थान, बन्दुकमा लाग्ने धातुका छर्रा १९१ थान, बन्दुकमा प्रयोग हुने बारुद ३१५ ग्राम, बन्दुकमा प्रयोग हुने धातुका सानो छर्रा १५० ग्राम, छर्रा बनाउन प्रयोग हुने सिसाको धातुको विभिन्न आकारको डल्लो पदार्थ तीन थान (तौल गर्दा २ के.जी. ९०५ ग्राम) र सानो पटाका रहेको रातो रंगको पत्ता एक थान फेला पारेको थियो ।




लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited

## Unaudited Financial Results (Quarterly)

**Condensed Consolidated Statement of Financial Position**
As on Quarter ended 30 Poush 2078 (14 January 2022)
Amount in Rs. '000

| Assets | Group: This Quarter Ending | Group: Immediate Previous Year Ending | Bank: This Quarter Ending | Bank: Immediate Previous Year Ending |
|---|---|---|---|---|
| Cash and Cash Equivalent | 13,421,105 | 9,564,440 | 13,413,417 | 10,940,570 |
| Due from Nepal Rastra Bank | 3,464,646 | 9,463,992 | 3,432,338 | 7,256,233 |
| Placements with Bank and Financial Institutions | 69,638 | 281,585 | - | - |
| Derivative financial instruments | 3,549,368 | 6,224,514 | 3,549,368 | 6,073,905 |
| Other Trading Assets | 5,990 | 16,120 | 5,990 | - |
| Loans and advances to B/FIs | 1,546,227 | 490,170 | 4,278,227 | 3,272,948 |
| Loans and advances to customers | 133,310,069 | 92,835,960 | 126,184,824 | 105,213,372 |
| Investment Securities | 13,042,730 | 9,217,043 | 12,789,652 | 13,004,406 |
| Current tax assets | 81,421 | 134,162 | 90,065 | 72,556 |
| Investment in Subsidiaries | - | - | 417,000 | 417,000 |
| Investment in Associates | 2,361,734 | 2,361,734 | 2,659,449 | 2,818,221 |
| Investment Property | 97,536 | 108,977 | 97,536 | 105,943 |
| Property and Equipment | 1,423,085 | 1,455,793 | 1,340,150 | 1,335,674 |
| Goodwill and Intangible assets | 86,478 | 92,104 | 85,655 | 76,490 |
| Deferred tax assets | - | - | - | - |
| Other Assets | 1,285,135 | 1,227,476 | 1,000,588 | 1,653,543 |
| **Total Assets** | **173,745,162** | **133,474,069** | **169,344,260** | **152,240,860** |
| **Liabilities** | | | | |
| Due to Bank and Financial Institutions | 3,293,422 | 4,350,050 | 1,706,943 | 2,826,268 |
| Due to Nepal Rastra Bank | 4,479,879 | 500,461 | 4,479,879 | 4,364,945 |
| Derivative financial instruments | 3,513,061 | 6,181,977 | 3,513,061 | 6,050,418 |
| Deposits from customers | 133,108,496 | 99,625,267 | 130,814,652 | 114,605,492 |
| Borrowing | 5,949,416 | 3,634,800 | 5,949,416 | 3,591,573 |
| Current Tax Liabilities | 9,596 | - | - | - |
| Provisions | - | - | - | - |
| Deferred Tax Liabilities | 761,921 | 233,857 | 761,989 | 888,955 |
| Other Liabilities | 1,392,177 | 1,586,169 | 1,211,842 | 1,008,229 |
| Debt securities issued | 4,014,192 | 2,008,197 | 4,014,192 | 2,008,219 |
| Subordinated Liabilities | - | - | - | - |
| **Total Liabilities** | **156,522,160** | **118,120,777** | **152,451,974** | **135,344,099** |
| **Equity** | | | | |
| Share Capital | 11,551,345 | 9,812,560 | 11,551,345 | 10,695,690 |
| Share Premium | - | - | - | - |
| Retained Earning | 1,136,086 | 2,453,221 | 850,332 | 1,262,938 |
| Reserves | 4,310,254 | 2,927,967 | 4,490,609 | 4,938,133 |
| **Total equity attributable to equity holders** | **16,997,685** | **15,193,748** | **16,892,286** | **16,896,761** |
| Non Controlling Interests | 225,316 | 159,544 | - | - |
| **Total equity** | **17,223,002** | **15,353,292** | **16,892,286** | **16,896,761** |
| **Total Liabilities and Equity** | **173,745,162** | **133,474,069** | **169,344,260** | **152,240,860** |

**Condensed Consolidated Statement of Profit or Loss**
As on Quarter ended 30 Poush 2078 (14 January 2022)
Amount in Rs. '000

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) |
| Interest Income | 3,075,224 | 5,835,444 | 2,374,260 | 4,938,913 | 2,866,979 | 5,425,519 | 2,210,190 | 4,611,169 |
| Interest Expenses | (2,223,371) | (3,956,280) | (1,509,599) | (3,199,699) | (2,151,254) | (3,818,076) | (1,457,237) | (3,095,890) |
| **Net Interest Income** | **851,853** | **1,879,164** | **864,662** | **1,739,214** | **715,725** | **1,607,443** | **752,953** | **1,515,278** |
| Fees & commission Income | 344,337 | 701,744 | 288,847 | 535,279 | 296,244 | 597,367 | 236,394 | 437,801 |
| Fees & commission Expenses | (52,023) | (95,660) | (28,133) | (47,526) | (52,023) | (95,660) | (28,133) | (47,526) |
| **Net Fee and Commission Income** | **292,314** | **606,083** | **260,714** | **487,753** | **244,221** | **501,707** | **208,260** | **390,275** |
| **Net Interest, Fee and Commission Income** | **1,144,167** | **2,485,247** | **1,125,376** | **2,226,967** | **959,946** | **2,109,149** | **961,213** | **1,905,553** |
| Net Trading Income | 118,370 | 181,097 | 82,277 | 160,075 | 118,370 | 181,097 | 82,277 | 160,075 |
| Other operating income | 120,145 | 400,791 | 128,364 | 268,468 | 108,886 | 383,859 | 122,621 | 257,540 |
| **Total Operating income** | **1,382,682** | **3,067,134** | **1,336,017** | **2,655,510** | **1,187,202** | **2,674,105** | **1,166,111** | **2,323,168** |
| Impairment (Charge)/ reversal for loans and other losses | (239,576) | (354,510) | 71,048 | (168,306) | (226,172) | (318,361) | 62,909 | (151,107) |
| **Net Operating Income** | **1,143,105** | **2,712,624** | **1,407,065** | **2,487,204** | **961,030** | **2,355,744** | **1,229,021** | **2,172,061** |
| **Operating Expenses** | | | | | | | | |
| Personnel Expenses | (431,883) | (904,326) | (402,519) | (769,831) | (354,795) | (750,346) | (341,935) | (651,500) |
| Other Operating Expenses | (216,613) | (411,530) | (164,102) | (312,298) | (196,804) | (376,066) | (150,509) | (286,669) |
| Depreciation & Amortization | (53,934) | (103,642) | (52,377) | (104,059) | (50,727) | (97,425) | (50,243) | (99,555) |
| **Operating profit** | **440,676** | **1,293,127** | **788,067** | **1,301,016** | **358,704** | **1,131,908** | **686,334** | **1,134,336** |
| Non Operating Income | 83 | 442 | 2,226 | 3,266 | 83 | 442 | 852 | 1,892 |
| Non Operating Expenses | (109) | (109) | (193) | (11,234) | (109) | (109) | (193) | (11,234) |
| **Profit before Income Tax** | **440,651** | **1,293,460** | **790,100** | **1,293,048** | **358,679** | **1,132,242** | **686,993** | **1,124,994** |
| Income Tax Expenses | | | | | | | | |
| Current Tax | (118,742) | (363,210) | (223,182) | (368,295) | (94,151) | (314,844) | (192,250) | (317,879) |
| Deferred Tax | | - | | - | - | - | - | - |
| **Profit /(loss) for the period** | **321,909** | **930,251** | **566,918** | **924,753** | **264,528** | **817,398** | **494,743** | **807,115** |
| **Condensed Consolidated Statement of Comprehensive Income** | | | | | | | | |
| Profit /(loss) for the period | 321,909 | 930,251 | 566,918 | 924,753 | 264,528 | 817,398 | 494,743 | 807,115 |
| Other Comprehensive Income | 100,274 | (234,906) | 608,065 | 847,027 | 269,095 | (346,046) | 608,065 | 847,027 |
| **Total Comprehensive Income** | **422,183** | **695,345** | **1,174,984** | **1,771,779** | **533,623** | **471,352** | **1,102,809** | **1,654,142** |
| | | | | | | | | |
| Basic Earning Per Share | 11.15 | 16.11 | 21.20 | 17.29 | 9.16 | 14.15 | 18.50 | 15.09 |
| Diluted Earning Per Share | 11.15 | 16.11 | 21.20 | 17.29 | 9.16 | 14.15 | 18.50 | 15.09 |
| | | | | | | | | |
| **Profit attributable to** | | | | | | | | |
| Equity holders of the bank | 394,450 | 667,613 | 1,147,863 | 1,744,659 | 533,623 | 471,352 | 1,102,809 | 1,654,142 |
| Non-controlling interest | 27,732 | 27,732 | 27,120 | 27,120 | - | - | - | - |
| **Total** | **422,183** | **695,345** | **1,174,984** | **1,771,779** | **533,623** | **471,352** | **1,102,809** | **1,654,142** |

| Ratios as Per NRB Directive | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| Particulars | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) |
| Capital Fund to RWA | | 12.14% | | 12.74% | | 12.20% | | 12.80% |
| Non Performing Loan (NPL) to Total loan | | 0.97% | | 0.82% | | 0.83% | | 0.76% |
| Total Loan Loss Provision to Total NPL | | 214.50% | | 257.14% | | 238.56% | | 263.13% |
| Cost of Funds | | 6.61% | | 5.02% | | 6.54% | | 4.93% |
| Credit to Deposit Ratio* | | 92.34% | | 75.05% | | 88.86% | | 72.39% |
| Base Rate (Monthly) | | 8.87% | | 7.42% | | 8.74% | | 7.24% |
| Interest Rate Spread | | 2.89% | | 4.25% | | 2.88% | | 4.09% |

*Credit to Deposit Ratio for previous year denotes CCD ratio as per the prevalent NRB Directives.

**Notes to Interim Financial Report**
1. The above figures are subject to review by regulatory and statutory auditors.
2. The above financial statements have been prepared in accordance with the NFRS compliant financial statement format provided by Nepal Rastra Bank (NRB) and the principles and policies adopted by the bank in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-out issued by the Institute of Chartered Accountants of Nepal (ICAN).
3. Assets and liabilities have been presented in their fair value wherever possible.
4. Loans and advances have been presented net of impairments. Impairments have been calculated at lower of amount under Loan Loss Provisioning requirements as per NRB Directive #2 or as per NAS 39.
5. Interest income on loans and advances has been calculated on accrual basis.
6. Personnel expenses include employee bonus provision.
7. Detailed Interim Financial Report has been published in the bank's website www.laxmibank.com.

**Related Party Disclosures**
1. Group Financial Statements include Laxmi Bank Limited (Parent Company), Laxmi Capital Market Limited (100% Subsidiary) and Laxmi Laghubitta Bittiya Sanstha Limited (70% Subsidiary).
2. The Bank has appointed its subsidiary Laxmi Capital Market Limited as its Registrar to Shares and the Fund Manager to the Mutual Fund Schemes wherein the bank is the Sponsor.
3. All intra group transactions are conducted in arm's length basis.

**Statement of Distributable Profit**

| Particulars | Amount (NPR Thousand) |
|---|---|
| **Opening Retained Earning** | **32,934** |
| **Net Profit/(Loss) as per Statement of Profit or Loss** | **817,398** |
| **1. Appropriations** | |
| ***1.1 Profit required to be appropriated to statutory reserve*** | ***(280,591)*** |
| a. General Reserve | (163,480) |
| b. Debenture Redemption Reserve | (111,111) |
| c. Exchange Fluctuation Fund | (371) |
| d. Corporate Social Responsibility Fund | (5,629) |
| e. Others | - |
| ***1.2 Profit required to be transferred to Regulatory Reserve*** | ***(39,731)*** |
| a. Transfer to Regulatory Reserve | (45,028) |
| b. Transfer from Regulatory Reserve | 5,297 |
| **Net Profit/(Loss) available for distribution** | **530,010** |

**Disclosure as Per Securities Registration and Issuance Regulation, 2073**

**Annexure – 14(Sub rule 1 of rule 26)**
**Quarterly Details as on 14 January 2022**

1. **Financial Highlights of Laxmi Bank Ltd (as per unaudited figures)**
   a. Earning per Share NPR 14.15
   b. Market Value per Share NPR 306
   c. Price Earnings Ratio 21.62
   d. Liquidity (SLR) 12.04%
   e. Return on Average Total Assets 1.02%
   f. Net worth per Share NPR 146.24

2. **Group**
   a. Group comprises of Laxmi Bank Ltd and its Subsidiaries (Laxmi Capital Market Ltd and Laxmi Laghubitta Bittiya Sanstha Ltd).

3. **Related Party Disclosure**
   a. Laxmi Capital Market Ltd. is a wholly owned subsidiary of Laxmi Bank Ltd. Laxmi Bank Ltd. has 70% holding in Laxmi Laghubitta Bittiya Sanstha Ltd while 30% of its shares are held by the public. Laxmi Capital Market Ltd. is operating Merchant Banking activities. Laxmi Laghubitta Bittiya Sanstha Ltd is a "D" class licensed financial institution.
   b. The Bank held call deposits from Laxmi Capital Market and Laxmi Laghubitta Bittiya Sanstha Ltd. as at this quarter end. The Bank has also provided loan facility to Laxmi Laghubitta Bittiya Sanstha Ltd. The Bank has entered into Service Level Agreements with Laxmi Capital Market Ltd for various services such as RTS.

4. **Management Analysis**
   a. There have been changes in the Bank's reserve, income and liquidity position in line with the growth in business volumes.
   b. The Bank aims to achieve its financial goals through sustainable profitability and measured growth in balance sheet size. Our business models remain robust and we continue to seek sound growth.
   c. The Bank's business has been impacted by the global outbreak of Covid-19 pandemic and subsequent lockdown called by the government of Nepal. This has created adverse impact on the revenue and balance sheet growth of the Bank and the impact is expected to persist for the subsequent fiscal year(s). However, the management believes that the Bank has robust risk management process & system and adequate internal capital to absorb the effect of a short run economic downturn.

5. **Details relating to legal action**
   a. Case filed by or against the organized institution during the quarter – There are no other major cases except those arising in normal course of banking business related to lending and income tax.
   b. Case relating to disobedience of prevailing law or commission of criminal offence filed by or against the Promoter or Director of organized institution – No such information has been received.
   c. Case relating to financial crime filed against any Promoter or Director – No such information has been received.

6. **Analysis of share transaction and progress of organized institution**
   a. Management view on share transaction of the organized institution at securities market -- Some effect of the changes in stock index has been observed in the institution's share price during this quarter. However, since price and transaction of the Bank's shares are being determined at Nepal Stock Exchange through open share market operations, management view on this is neutral.
   b. Maximum, minimum and last share price of the organized institution including total transaction number of shares and days of transaction during the quarter.

   Maximum Price: NPR 355
   Minimum Price: NPR 245
   Last Price: NPR 306
   Transaction volume: 745,809,463 shares
   Days of transaction: 59

7. **Problems and Challenges**

   **Internal**
   - Recruitment and retention of quality manpower
   - Increasing cost of operation

   **External**
   - Lack of investment avenues
   - Limited source of deposit mobilization
   - Susceptibility of local and global economy to sudden natural/communal disasters.

   **Strategy**
   - Re-pricing of assets / liabilities as per the market conditions.
   - New products and services being introduced / capitalize on existing array of services
   - Strong risk management approaches / Portfolio management
   - Identify new areas for investment
   - Reinforcement of prudent banking fundamentals
   - Digitization of services and operations

8. **Corporate Governance**
   Laxmi Bank is committed to high standards of corporate governance, business integrity and professionalism in all our activities that assures all stakeholders that the Bank is being managed ethically in compliance with best practices and applicable legislation and within predetermined risk parameters, and is also adding value to and protecting their investment.

9. **Declaration by Chief Executive Officer on the Truthfulness and Accuracy of Information**
   I, as at the date, hereby individually accept responsibility for the accuracy of the information and details contained in this report. To the best of my knowledge and belief, the information contained in this report is true, accurate and complete and there are no other matters concealed, the omission of which shall adversely affect the informed investment decision by the investors.

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited
Laxmi Complex, Hattisar, Kathmandu
Tel.: 4444684/85, P.O.Box No.: 19593
Email: info@laxmibank.com, URL: www.laxmibank.com

# अर्थ पत्रिका

शुक्रबार ७ माघ ०७८, www.nayapatrikadaily.com nayapatrikaofficial @naya_patrika


# आयात नियन्त्रणको नीतिले दिन थाल्यो परिणाम

## शतप्रतिशत मार्जिनमा एलसी खोल्नुपर्ने वस्तुको आयात सवा अर्बले घट्यो

राष्ट्र बैंकले ५ पुसमा २० प्रकारका विलासी वस्तुको आयात गर्न एलसी खोल्दा शतप्रतिशत मार्जिन राख्नुपर्ने नियम बनाएको थियो, त्यसको २५ दिनमै त्यस्ता वस्तुको आयात एक अर्ब १७ करोडले घटेको छ

**जनार्दन बराल/नयाँ पत्रिका**
**काठमाडौं, ६ माघ**

नेपाल राष्ट्र बैंकले गत ५ पुसदेखि लागू गरेको विलासी वस्तुको आयातको एलसी खोल्दा शतप्रतिशत मार्जिन राख्नुपर्ने व्यवस्थाको असर पहिलो महिनामै देखिएको छ। सो व्यवस्था लागू भएपछिको २५ दिनमा अघिल्लो २५ दिनको तुलनामा ती वस्तुको आयात करिब सवा अर्ब रुपैयाँले घटेको छ। भन्सार विभागको तथ्यांकअनुसार ४ पुसदेखि सो महिनाको मसान्तसम्म ती २० वस्तुको आठ अर्ब ४० करोड रुपैयाँबराबर आयात भएको छ, जुन त्यसअघिको २५ दिनको तुलनामा १२ दशमलव ३० प्रतिशतले कम हो। त्यसअघिको २५ दिनमा (१० मंसिरदेखि ५ पुससम्म) ती वस्तुको आयात नौ अर्ब ५८ करोड रुपैयाँबराबर भएको थियो।

मुलुकमा विदेशी मुद्राको सञ्चिति र भुक्तानी सन्तुलन कमजोर बनेपछि नेपाल राष्ट्र बैंकले भन्सार कोडअनुसारका २० प्रकृतिका विलासी वस्तुको आयातमा प्रतीतपत्र (एलसी) खोल्दा शतप्रतिशत मार्जिन राख्नुपर्ने व्यवस्था गरेको थियो। त्यसअघि बैंकहरूले आफ्नै तजबिजीमा यस्ता वस्तु आयातका लागि एलसीको मार्जिन तोक्दै आएका थिए।

राष्ट्र बैंकले कडाइ गरेका वस्तुमा ल्वाङ, चिनी तथा सख्खर, ह्विस्की, वाइन, सुर्तीजन्य वस्तु, पर्फ्युम र ट्वाइलेट पेपरलगायत छन्। त्यस्तै, सौन्दर्य प्रसाधन सामग्री, स्याम्पु, कपाल ट्रिटमेन्टका सामग्री, काठ तथा काष्ठसामग्री तथा जुत्ता बनाउने सामग्री, टोपीलगायत शिर ढाक्न प्रयोग हुने विभिन्न वस्तु, छाता, छडी, विग (नक्कली कपाल), नक्कली दाह्रीजस्ता वस्तु आयातको एलसी खोल्दा पनि शतप्रतिशत मार्जिन राख्नुपर्ने व्यवस्था गरिएको थियो। ईंटा, ब्लक, सेरामिक वस्तु, सिसीका साना बोतललगायत चाँदी तथा चाँदीको धुलो, सवारीसाधन (विद्युतीयबाहेक), मोटरसाइकल, फर्निचरलगायतका सामान र तास आयातमा पनि कडाइ गरिएको छ। सवारीसाधन आयातमा भने ५० प्रतिशत मात्रै मार्जिन राखेर एलसी खोल्न पाइने व्यवस्था गरिएको छ।

चालू आवको ६ महिना अर्थात् पुस मसान्तसम्म त्यस्ता वस्तुको आयात ८४ अर्ब पुगेको छ। त्यसको दुई महिनाअघि अर्थात् कात्तिक मसान्तसम्म ती वस्तुको आयात ६४ अर्ब ७१ करोड रुपैयाँबराबर भएको थियो। एलसी खोलेपछि त्यस्ता सामान मुलुक भित्रिन दुई महिनासम्म लाग्ने अवस्था छ। त्यसो हुँदा राष्ट्र बैंकले नयाँ नीति ल्याएपछि पनि धेरै सामान त्यसअघि खोलिएका एलसीकै आधारमा मुलुक भित्रिएका थिए।







त्यति हुँदाहुँदै पनि नीति ल्याएको पहिलो महिना नै करिब १३ प्रतिशतले त्यस्ता सामानको आयात घट्नु सकारात्मक रहेको अर्थ मन्त्रालयका वरिष्ठ आर्थिक सल्लाहकार डा. सुरेन्द्र उप्रेतीले बताए। 'आयात कडाइमा ल्याएको नीति प्रभावकारी देखियो,' उनले भने, 'भविष्यका दिनमा त्यस्ता सामानको आयात अझै ठूलो मात्रामा घट्ने अपेक्षा गरेका छौं।'

शतप्रतिशत मार्जिन राख्नुपर्ने व्यवस्थाका कारण गएको एक महिनामा विलासी वस्तुको एलसी खोल्ने क्रममा उच्च मात्रामा घटेको एक बैंकरले बताए। 'यो कति घट्यो भन्ने विषय बैंकहरूपिच्छे फरक हुने भयो, तर समग्रमा नै ठूलो मात्रामा घटेको छ,' उनले भने, 'त्यसको प्रभाव अबको महिनाको आयातमा देखिनेछ।' माघ महिनादेखि राष्ट्र बैंकले निरुत्साहन गरेका वस्तुको आयात ठूलै मात्रामा घट्न सक्ने पनि उनले बताए।

## चाँदीको आयातमा ९७ प्रतिशत कमी

महिनामै पौने पाँच अर्बसम्मको चाँदी आयात भइरहेकोमा पुसमा जम्मा १३ करोड ८४ लाख मात्रै




मुलुकभित्र चाँदीको आयात निरुत्साहन गर्न नेपाल राष्ट्र बैंकले शृंखलाबद्ध रूपमा कडाइ गरेपछि सेतो धातुको पैठारी ९७ प्रतिशतले घटेको छ। आर्थिक वर्षको पहिला तीन महिना लगातार उच्च रूपमा चाँदीको आयात भएपछि राष्ट्र बैंकले १० मंसिरमा चाँदी आयात गर्न एकपटकमा ३५ हजार डलरबराबर मात्रै सटही सुविधा दिने व्यवस्था गरेको थियो। त्यसको एक महिनापछि एलसी खोल्दा शतप्रतिशत मार्जिन राख्नुपर्ने वस्तुको सूचीमा समेत चाँदीलाई राखिएको थियो। ती दुई नीति ल्याएपछिका दुई महिना चाँदीको आयातमा पहिरो गएको हो।

भन्सार विभागको तथ्यांकअनुसार पुस महिनामा १३ करोड ८४ लाख ७५ हजारको मात्रै चाँदी आयात भएको छ। त्यो गत भदौ महिनाको तुलनामा ९७ प्रतिशतले कम हो। गत भदौ महिनामा चार अर्ब ७२ करोड ४९ लाख र असोजमा चार अर्ब नौ करोड रुपैयाँको चाँदी आयात भएको थियो। यसरी चाँदीको आयात अस्वाभाविक रूपमा बढेपछि सरकारले लगातार यसको आयात नियन्त्रणको प्रयास गरेको थियो। १० मंसिरको नीतिले नै सो महिना चाँदी आयातलाई एक्कासि ५६ करोड ९४ लाखमा सीमित गरिदिएको थियो। ५ पुसको थप कडाइले यसको एकचौथाइ मात्रै आयात भएको हो।

### आयात नियन्त्रणको विरोधमा निजी क्षेत्र

विलासी वस्तुको आयात नियन्त्रण गर्ने नीतिको निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूले भने विरोध गरिरहेका छन्। नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्सलगायत संस्थाले यो नीतिको विरोध गरेका हुन्। नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले आयात नियन्त्रण सम्बन्धमा राष्ट्र बैंकले जारी गरेको परिपत्रले व्यापारीहरू मर्कामा परेको बताए। 'एलसी खोल्दा शतप्रतिशत मार्जिन राख्नुपर्ने व्यवस्थाले परम्परागत प्रकृतिका व्यवसायलाई समस्या भएको छ। उक्त व्यवस्था बैंक तथा वित्तीय संस्थालाई मात्रै फाइदा पुग्ने खालको भएकाले व्यावहारिक पाटो बुझिदिनुपर्‍यो,' उनले भने। नाडा अटोमोबाइल्स एसोसियसनले पनि गाडीको एलसी खोल्दा ५० प्रतिशत मार्जिन राख्नुपर्ने व्यवस्थाले व्यापार असहज भएको भन्दै त्यसलाई सच्याउन आग्रह गरेको छ।

## पाँच महिनापछि बोर्डले दियो पाँच कम्पनीलाई आइपिओ निष्कासनको अनुमति

**नयाँ पत्रिका**
**काठमाडौं, ६ माघ**

नेपाल धितोपत्र बोर्डले पाँच महिनापछि पाँचवटा कम्पनीहरूलाई आइपिओ निष्कासन गर्ने अनुमति दिएको छ। बोर्डका तत्कालीन अध्यक्ष भीष्मराज ढुंगाना सेयर खरिदमा अनियमितता आरोपमा निलम्बनमा परेपछि नेतृत्वविहीन बनेको बोर्डले आइपिओ निष्कासनको अनुमति दिएको थिएन। कम्पनीहरूले सम्पूर्ण पक्रिया पूरा गरेर पनि निष्कासनको अनुमति नपाएपछि आलोचित बनेको बोर्डले प्रक्रिया पूरा गरेका पाँचवटा कम्पनीको एक अर्ब २१ करोड मूल्यबराबरको एक करोड २१ लाख कित्ता आइपिओ सेयर निष्कासनका लागि अनुमति दिएको हो। अनुमति पाउनेमा तीनवटा लघुवित्त वित्तीय संस्था र दुईवटा हाइड्रोपावर कम्पनी रहेका छन्।

जसमा निस्डो समृद्ध लघुवित्त वित्तीय संस्थाको आठ लाख २८ हजार कित्ता सेयर, जल्पा सामुदायिक लघुवित्त वित्तीय संस्थाको पाँच लाख २२ हजार कित्ता सेयर र राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्थाको आठ लाख ५० हजार कित्ता आइपिओ निष्कासनका लागि बोर्डले अनुमति दिएको छ। त्यस्तै, हाइड्रोपावरतर्फ बलेफी हाइड्रोपावर कम्पनीले ३६ लाख ५५ हजार कित्ता र ग्रिनभेन्जर हाइड्रोपावर कम्पनीले ६२ लाख ५० हजार कित्ताका लागि बोर्डबाट अनुमति पाएका छन्।

### करिब तीन अर्बको आइपिओ पाइपलाइनमा

नेपाल धितोपत्र बोर्डमा करिब तीन अर्ब रुपैयाँबराबरको आइपिओ निष्कासनका लागि तयारी अवस्थामा छन्। समीक्षागत तहमा पुगेर टिप्पणी पठाएका र अन्तिम निष्कासनको मुखमा पुगेर बोर्डबाट अनुमति मात्र बाँकी रहेका कम्पनी गरी दुई अर्ब ९८ करोड मूल्यबराबरको दुई करोड ९८ लाख कित्ता आइपिओ निष्कासन गर्नका लागि बोर्ड अनुमतिको पर्खाइमा रहेका छन्। जसमा तीनवटा लघुवित्त रहेका छन् भने आठवटा हाइड्रोपावर कम्पनीहरू रहेका छन्। एक इस्योरेन्स कम्पनी, दुईवटा माइक्रो फाइनान्स र दुईवटा अन्यअन्तर्गत कम्पनीहरू रहेका छन्। जुन सम्पूर्ण तयारी पूरा गरी अन्तिम तयारी अवस्थामा पुगेका छन्। बोर्डका कार्यकारी निर्देशक नीरज गिरीले तत्काललाई पाँचवटा कम्पनीलाई अनुमति दिएको र आगामी दिनमा यी पक्रिया पुगेका र समीक्षा गर्न बाँकी कम्पनीको काम तीव्र रूपले अघि बढ्ने बताए। 'अहिले हामीले अनुमति दियौं, बोर्डले नेतृत्व पाएपछि थप कम्पनीका फाइलहरू अघि बढ्ने नै छन्,' गिरीले भने।

## नेपाल-भारत विद्युत् व्यापार : तीन महिनामा चार थालनी

# ११ सय मेगावाट भारत निर्यातको प्रक्रिया सुरु

नेपाल पावर एक्सचेन्ज लिमिटेड र भारतको विद्युत् व्यापार कम्पनी मनीकरणबीच ५ सय मेगावाट विद्युत् व्यापारको सम्झौता, विद्युत् प्राधिकरणले ५ सय ७१ मेगावाट विद्युत् निर्यातको प्रस्ताव भारतसँग गर्‍यो

**जीवन बस्नेत/नयाँ पत्रिका**
**काठमाडौं, ६ माघ**

नेपाल-भारत विद्युत् व्यापारमा पछिल्ला तीन महिना उपलब्धिमूलक देखिएका छन्। १५ कात्तिकमा भारतीय पक्षले त्रिशूली र देवीघाट जलविद्युत् आयोजनाबाट उत्पादित कुल ३९ मेगावाट विद्युत्लाई भारतीय ऊर्जा एक्सचेन्ज बजारमा विद्युत् निर्यात गर्न अनुमति दियो। त्यसको दुई दिनपछिदेखि विद्युत् निर्यात पनि थालियो। अहिले पुनः प्राधिकरणले पाँच सय ७१ मेगावाट बर्खायाममा खपत गर्ने गरी निर्यातका लागि भारतीय पक्षसँग प्रस्ताव गरेको छ।

त्यस्तै, यही अवधिमा ऊर्जा मन्त्रालयले विद्युत् प्राधिकरणको सहायक कम्पनीका रूपमा स्थापना भएको विद्युत् व्यापार कम्पनीलाई विद्युत् व्यापारको अनुमतिपत्र दिने निर्णय गरेको छ। यति मात्र होइन, ऊर्जा मन्त्रालयले निजी क्षेत्रलाई अन्तरदेशीय विद्युत् व्यापारका लागि अनुमतिपत्र दिन कार्यविधि मस्यौदा तयारी थालेको छ। यसबाहेक नेपालको निजी क्षेत्रबाट स्थापना भएको विद्युत् व्यापार कम्पनी नेपेक्स (नेपाल पावर एक्सचेन्ज लिमिटेड) र भारतको विद्युत् व्यापार कम्पनी मनीकरणबीच पाँच सय मेगावाट विद्युत् व्यापारका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ। नेपाल र भारतका सहसचिवस्तरीय संयुक्त प्राविधिक समितिको बैठकमा पहिलो अन्तरदेशीय प्रसारण लाइन ढल्केबर-मुजफ्फपुरबाट ६ सय मेगावाट विद्युत् नेपालले निर्यात-आयात गर्न पाउने गरी सहमति भएको छ।



### आन्तरिक खपतलाई वृद्धि गर्न नयाँ विनियमावली कार्यान्वयनमा

नेपाल विद्युत् प्राधिकरणले नयाँ वितरण विनियमावली कार्यान्वयनमा ल्याएर आन्तरिक खपतलाई वृद्धि गर्नेतर्फ काम थालेको छ। चालू वर्षकै बर्खायाममा करिब पाँच अर्ब रुपैयाँबराबरको विद्युत् खेर फालेको नेपाल विद्युत् प्राधिकरणले आन्तरिक खपतलाई तीव्रता दिने नीति लिएको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चालू आवको बर्खामा पाँचदेखि सात सय मेगावाट विद्युत् खेर गएको र त्यसको मूल्य साढे दुई अर्बदेखि पाँच अर्ब रुपैयाँ रहेको बताए। यसबाट हामीले आउने वर्ष यसरी नै खेर जाने अवस्था आउन नदिनका लागि काम गर्नुपर्ने शिक्षा पाएको बताए। यसको तयारीस्वरूप नेपाल विद्युत् प्राधिकरणले आन्तरिक विद्युत् खपतलाई वृद्धि गर्ने गरी नयाँ विद्युत् वितरण विनियमावली, २०७८ कार्यान्वयनमा ल्याएको छ। विनियमावलीमा निजी क्षेत्रलाई चार्जिङ स्टेसन स्थापना गर्न दिनेदेखि अपार्टमेन्टमा बस्नेले प्राधिकरणबाट सीधै विद्युत् लिन सक्नेसम्मको व्यवस्था गरिएको छ। त्यस्तै, दुग्ध चिस्यान केन्द्र तथा शीतभण्डारलाई सुविधा दिनेदेखि महसुल नतिरेर कालोसूचीमा परेकाले पनि किस्तामा महसुल तिरेर लाइन जोड्न पाउने व्यवस्था गरिएको छ।

**पहिलो : नेपेक्स र मनीकरणबीच पाँच सय मेगावाट विद्युत् व्यापार समझदारी**

२६ पुसमा काठमाडौंमा आयोजित नेपाल पावर मार्केट समिट २०२२ मा निजी क्षेत्रबाट स्थापना भएको नेपाल पावर एक्सचेन्ज लिमिटेड (नेपेक्स) र भारतको निजी विद्युत् व्यापार कम्पनी मनीकरण पावर कम्पनीबीच पाँच सय मेगावाट विद्युत् व्यापार गर्ने समझदारीपत्रमा हस्ताक्षर भयो।

समझदारीअनुसार अब नेपेक्सले मनीकरणलाई पाँच सय मेगावाट विद्युत् बिक्री गर्न सक्ने नेपेक्सका प्रबन्ध निर्देशक आशिष गर्गको भनाइ छ। उनका अनुसार बर्खामा खेर गइरहेको पाँच सय मेगावाट विद्युत् भारतीय बजारमा उपयोग हुनेछ। निजी क्षेत्रबाट पनि विद्युत् व्यापारमा समझदारीको विषय अघि बढ्दा विद्युत् व्यापारमा सकारात्मक सन्देश प्रवाह गरेको छ। ऊर्जामन्त्री पम्फा भुसालको उपस्थितिमा नेपेक्सको तर्फबाट आशिष गर्ग र मनीकरणको तर्फबाट नबोजित सिंह कल्सीबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो। यससँगै नेपेक्सले विद्युत् व्यापारका लागि अनुमतिपत्र प्राप्तिको विषयलाई पनि जोडदार पैरवी गरिरहेको छ।

**दोस्रो : नेपाल-भारत ६ सय मेगावाट विद्युत् निर्यात-आयात गर्न सहमत**

नेपाल र भारतका सहसचिवस्तरीय संयुक्त प्राविधिक समितिको बैठक ३ माघ ०७८ मा बसेको थियो। बैठकले ढल्केबर-मुजफ्फपुर अन्तरदेशीय प्रसारण लाइनबाट ६ सय मेगावाट विद्युत् नेपालले निर्यात गर्न पाउने गरी सहमति भएको छ। यसअघिसम्म ढल्केबर-मुजफ्फपुर चार सय केभी प्रसारण लाइनको क्षमता तीन सय ५० मेगावाट विद्युत् नेपालले आयात मात्र गर्न पाउने गरी क्षमता कायम गरिएको थियो। तर, पछिल्लो बैठकले ६ सय मेगावाट विद्युत् आयात तथा निर्यातको क्षमता कायम गरेको छ। यति मात्र होइन, ढल्केबर-मुजफ्फपुर अन्तरदेशीय प्रसारण लाइनको क्षमता पनि क्रमशः बढाउँदै जाने सहमति भएको छ। ढल्केबर-मुजफ्फपुर अन्तरदेशीय प्रसारण लाइनको क्षमता एक हजार मेगावाट छ।

**तेस्रो : थप २४४ मेगावाट निर्यातका लागि भारतसँग पुनः प्रस्ताव, ३९ मेगावाट निर्यात**

नेपाल विद्युत् प्राधिकरणले पुनः दुई सय ४४ मेगावाट विद्युत् निर्यातका लागि भारतीय पक्षसमक्ष प्रस्ताव गरेको छ। प्राधिकरणले यही माघ ३ मा कालीगण्डकी (१४४ मेगावाट), मिडल मर्स्याङ्दी (७० मेगावाट र चमेलिया ३० मेगावाट) आयोजना आउँदो बर्खामा बिक्री गर्ने गरी प्रस्ताव गरेको हो। विद्युत् व्यापार हेर्ने भारतीय नोडल एजेन्सी एनपिटिसीमार्फत एनपिटिसी विद्युत् व्यापार निगम (एनभिभिएन)लाई प्रस्ताव गरिएको हो।

यसअघि जुलाई २०२१ मा माथिल्लो तामाकोसी चार सय ५६ मेगावाट, भोटेकोसी ४५ मेगावाट र मर्स्याङ्दी ७० मेगावाट गरी कुल पाँच सय ७१ मेगावाट विद्युत् भारत निर्यातका लागि प्राधिकरणले प्रस्ताव गरेको थियो। तर, भारतले अनुमति नदिएपछि भारतकै सहायतामा बनेका त्रिशूली २४ मेगावाट र देवीघाट १५ मेगावाट प्रस्ताव गरेको थियो। कुल ३९ मेगावाट (त्रिशूली र देवीघाट)लाई भने १५ कात्तिक (२०२१ नोभेम्बर १) मा भारतीय ऊर्जा एक्सचेन्ज बजारमा विद्युत् निर्यात गर्न अनुमति दियो।

**चौथो : निजी क्षेत्रलाई विद्युत् व्यापारको अनुमतिपत्र दिन कार्यविधिको मस्यौदा गर्दै ऊर्जा मन्त्रालय, सरकारी कम्पनीले पायो विद्युत् व्यापारको अनुमतिपत्र**

ऊर्जामन्त्री पम्फा भुसालले निजी क्षेत्रलाई समेत अन्तरदेशीय विद्युत् व्यापारका लागि अनुमतिपत्र दिने तयारी भइरहेको बताउँदै आएकी छिन्। निजी क्षेत्रलाई अनुमतिपत्र दिनका लागि कार्यविधिको मस्यौदा भइरहेको उनको भनाइ छ। कार्यविधि तयार गरेपछि निजी क्षेत्र र सरोकारवालालाई बोलाएर छलफल गरी कार्यविधि स्वीकृतिको प्रक्रिया लैजाने मन्त्रालयको तयारी छ। अर्कोतर्फ चाँडै संसद्मा विचाराधीन विद्युत् विधेयक पारित भएको खण्डमा त्यसमा भएको व्यवस्थाअनुसार नै अनुमतिपत्र दिने मन्त्री भुसालको भनाइ छ। विधेयक पारित हुन ढिलाइ भएको खण्डमा भने कार्यविधिमार्फत नै अनुमतिपत्र दिने तयारीमा मन्त्रालय देखिन्छ। कार्यविधिमा कति विद्युत् निर्यात गर्ने र निर्यात गर्ने आधारसहितको प्रस्ताव आएको खण्डमा अनुमतिपत्र दिने मन्त्रालयको तयारी छ। निजी क्षेत्रबाट नेपेक्स र विद्युत् व्यापार कम्पनी (निफ्रा) अन्तरदेशीय विद्युत् व्यापारका लागि अनुमतिपत्र लिने तयारीमा छन्।


यसअघि ७ पुसमा नै सरकार (मन्त्रिपरिषद् बैठक)ले नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीका रूपमा स्थापना भएको विद्युत् व्यापार कम्पनीलाई विद्युत् व्यापारको अनुमतिपत्र दिने निर्णय गरिसकेको छ। कम्पनीमा नेपाल विद्युत् प्राधिकरणको ५१ प्रतिशत सेयर हिस्सा हुनेछ। यसबाहेक विद्युत् उत्पादन कम्पनीको, राष्ट्रिय प्रसारण ग्रिड र हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनीको हिस्सा रहनेछ।


**श्री लिक्विडेटरको कार्यालय, क्रिष्टल फाइनान्स लिमिटेड,**
**(श्री उच्च अदालत, पाटनको आदेशानुसार स्थापित) बाट**
**धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना**

**(तेश्रो पटक प्रकाशित मिति: २०७८/१०/७)**

श्री उच्च अदालत, पाटनको मिति २०७२।०७।२० को फैसला र मिति २०७७।०९।१२ को आदेशानुसार क्रिष्टल फाइनान्स लि. लाई खारेजी प्रक्रियामा लैजानका लागि लिक्विडेटर नियुक्ति भई खारेजीको कार्य प्रारम्भ भएको र साविकमा यस संस्थाबाट कर्जा लिई हालसम्म कर्जा नतिर्ने तपसिलका ऋणीलाई कर्जा तिर्नका लागि यस कार्यालयबाट मिति २०७७।११।०८ को गोरखापत्र दैनिकमा १५ दिने सूचना प्रकाशित गरेको र पुन: ऋणीहरुलाई संस्थामा उपलब्ध ठेगानामा ७ दिन भित्र कर्जा तिर्न पत्राचार गरेको, मिति २०७८।०३।११ गतेको कारोबार राष्ट्रिय दैनिक र २०७८।०७।०५ मा अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गरेकोमा (साविक क्रिष्टल फाइनान्स लिमिटेडबाट समेत विभिन्न मितिमा ३५ दिने सूचना र धितो लिलामीको सूचना प्रकाशित भइसकेको) हालसम्म पनि यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज, ब्याजको ब्याज, हर्जाना ब्याज र अन्य सम्बन्धित दै-दस्तुर समेत संस्थामा सम्पर्क राखी नबुझाएको हुनाले तपसीलका ऋणीको तपसील बमोजिमको सम्पत्ति जँहा जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरिने भएको हुँदा उक्त सम्पत्ति खरिद गरी लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत यस लिक्विडेटरको कार्यालयको NMB Bank Ltd., Bagdurbar Branch खाता नं. 1390143114200016 मा रकम बुझाएको प्रमाण संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र फारम रितपूर्वक भरी कार्यालय समय भित्र पेश गर्नु हुन आह्वान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिन संस्थाको कार्यालय बागदरबारमा खोलिने हुँदा तपसीलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, धितो/जमानि दिने तथा सम्बद्ध सबैलाई यसै सूचनाद्धारा सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलामको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । सो बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन आकस्मिक बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको दिनमा संस्थाबाट तोकिए बमोजिम बोलपत्र बुझाउन सकिनेछ । कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्ध गर्ने वा कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा रद्ध गर्ने वा नेगोसियशन गर्ने वा संस्था आफैले सकार गरि लिने समेत सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ । बोलपत्र फारम एक प्रतिको रु.५००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस संस्थामा उपलब्ध छ । अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम लागु हुनेछ । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, शेयरधनि/संचालक, प्रोप्राईटर, जमानी दिनु हुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी, शेयरधनी/सञ्चालक, प्रोप्राईटर, धितो/जमानी दिने तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र धनि बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी-गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न-गराउन हुन समेत विशेष अनुरोध गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना | धितोको विवरण |
|---|---|---|
| १ |  नाम: हिरा महर्जन<br>बाबुको नाम: हेम काजी महर्जन<br>बाजेको नाम: बद्रि राज महर्जन<br>ठेगाना: ललितपुर जि. ठेचो गा.वि.स. वडा नं. ७ बस्ने ।<br>नागरिकता नम्बर: ८०९६<br>जिल्ला प्रशासन कार्यालय ललितपुर | धितो जमानीकर्ता हिरा महर्जन नाममा दर्ता कायम रहेको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११ स्थित कित्ता नं. २२४३ मा बनेको चर्चिल कम्प्लेक्सको पहिलो तल्लाको पसल न. २१ क्षेत्रफल २१० व.फि. र दोस्रो तल्लाको पसल नं. १२ र २१ को क्षेत्रफल १७३.३५ र २१० व.फि. । |
| २ |  नाम: हिरा महर्जन<br>बाबुको नाम: हेम काजी महर्जन<br>बाजेको नाम: बद्रि राज महर्जन<br>ठेगाना: ललितपुर जि. ठेचो गा.वि.स. वडा नं.७ बस्ने ।<br>नागरिकता नम्बर: ८०९६<br>जिल्ला प्रशासन कार्यालय ललितपुर | |
| ३ |  नाम: हिरा महर्जन<br>बाबुको नाम: हेम काजी महर्जन<br>बाजेको नाम: बद्रि राज महर्जन<br>ठेगाना: ललितपुर जि. ठेचो गा.वि.स. वडा नं.७ बस्ने ।<br>नागरिकता नम्बर: ८०९६<br>जिल्ला प्रशासन कार्यालय ललितपुर | |

**बोल पत्र पेश गर्ने**
मिति: २०७८/१०/१३
समय: दिनको ३ बजे सम्म
स्थान: संस्थाको कार्यालय

**बोल पत्र खुल्ने**
मिति: २०७८/१०/१४
समय: दिनको ठिक १ बजे
स्थान: संस्थाको कार्यालय

**लिक्विडेटरको कार्यालय**
क्रिष्टल फाइनान्स लिमिटेड
(श्री उच्च अदालत, पाटनको आदेशानुसार स्थापित)
चर्चिल कम्पेक्स, बागदरबार, काठमाडौं, नेपाल
पोष्ट बक्स नं. ४९०६
फोन नं. ४२१८२६९/४२१८२७०
Email: crystalfll2077@gmail.com

# ४३ जनाले जिते टाटाको बम्पर उपहार




**नयाँ पत्रिका**
**काठमाडौं, ६ माघ**

नेपालका लागि टाटा मोटर्सको अधिकृत विक्रेता सिप्रदी ट्रेडिङ प्रालि र टाटा मोटर्सले संयुक्त रूपमा सञ्चालन गरेको दसैं-तिहार योजनाको बम्पर उपहार ४३ जनाले जितेका छन् । कम्पनीले 'आशा र उमंग बाँडौं, मनाऔं खुसीयाली, यो दसैं र तिहारमा टाटा किन्दा जाँदैन हात खाली' भन्ने नाराका साथ ल्याइएको योजनाको बम्पर पुरस्कार काठमाडौं र पोखराका १४ जना, इटहरीका पाँचजना, हेटौंडाका १४ जना, बुटवलका पाँचजना र नेपालगन्जका पाँचजनाले जितेका हुन् ।

विजेतामध्ये ११ जनालाई सामसङ ट्याब एस सेभेन एफई, ११ जनालाई एलजी डबल डोर फ्रिज, सातजनालाई आठ केजी वासिङ मेसिन, सातजनालाई सामसङ ग्यालेक्सी फ्लिप थ्री मोबाइल र सातजनालाई एमआई ६५ इन्च फोर के टिभी प्रदान गरिएको कमपनीले जनाएको छ । सम्पूर्ण विजेताहरूलाई बधाई तथा योजनामा सहभागीहरूलाई धन्यवाद दिँदै सिप्रदी ट्रेडिङका सिइओ राजनबाबु श्रेष्ठले योजनामा ग्राहकहरूको उल्लेख्य सहभागिताले आफूलगायत कम्पनीलाई नै हर्षित बनाएको बताए । आगामी दिनहरूमा टाटा मोटर्ससँग सहकार्य गर्दै सिप्रदी ट्रेडिङ प्रालिले विभिन्न सुविधासहितको ग्राहकमुखी योजनाहरू लिएर आउने जनाएको छ ।


# दुई दिनको करेक्सनपछि सेयर बजार लयमा फर्किंदै

**नयाँ पत्रिका**
**काठमाडौं, ६ माघ**

दुई दिनको करेक्सनपछि सेयर बजार साताको अन्तिम कारोबार दिन बिहीबार लयमा फर्किएको छ । दुई दिनमा ४९ दशमलव १३ अंकले घटेर नेप्से पुनः लयमा फर्किएको हो । नेप्से सूचक ३३ दशमलव शून्य तीन अंकले बढेर दुई हजार नौ सय ३१ दशमलव ३४ बिन्दुमा पुगेको छ ।

त्यस्तै 'क' वर्गको कम्पनीमापक सेन्सेटिभ इन्डेक्स चार दशमलव शून्य नौ अंकले बढेर पाँच सय ४३ दशमलव ७४ बिन्दुमा पुगेको छ । नेप्सेको प्राविधिक पक्षलाई हेर्दा आजको बजारमा नाफा बुक गर्ने लगानीकर्ताको संख्या अघिल्लो दिनको तुलनामा कम देखिएको छ भने समानान्तर दिशामा सूचक अघि बढेको छ । यसले आगामी दिनमा बजार सकारात्मक रूपमै अघि बढ्ने संकेत गरेको छ ।

फेरि पनि लगानीकर्ता नाफा बुक गर्नतर्फ लाग्न नसक्ने भन्न सकिन्न । प्राविधिक कुरालाई राजनीति र अहिले देखिएको बढ्दो कोरोना भाइरसको संक्रमणको दरले पनि प्रभावित बनाउन सक्छ । त्यसैले लगानीकर्ताले लगानी गर्दा विशेष होसियार अपनाउनु उपयुक्त हुनेछ । अहिले वाणिज्य बैंकहरूको रिपोर्ट पनि सार्वजनिक भएको छ भने सेयर कर्जाहरू सहज पाउन थालिएको अनुमान लगानीकर्ताले गर्न थालेका छन् ।




बजारमा सक्रिय लगानीकर्ता खुलेर बजारप्रति लागेका छन्, त्यसले पनि बजार बढ्नलाई थप बल पुऱ्याएको छ । सेयर कारोबार रकम पनि पछिल्लो समय बढिरहेको छ । करेक्सन हुँदै बजार अघि बढ्नु सकारात्मक हो, सानो करेक्सन हुँदैमा आत्तिन नहुने लगानीकर्ता बताउँछन् । बिहीबार कारोबारमा आएका १३ समूह सूचकमध्ये ११ वटा समूहका सूचक सकारात्मक रहेका छन् । विकास बैंक, फाइनान्स, जलविद्युत् तिर लगानीकर्ताले लगानी बढाएका छन् । अधिकांश कम्पनीहरूले साधारणसभा सम्पन गरी बोनस वितरण केहीले गरिसके भने केहीको बाँकी रहेको अवस्था छ । त्यसैले पनि लगानीकर्ता समूह फेरी-फेरी लगानी बढाइरहेका छन् ।

बिहीबार एक सय ६० वटा स्क्रिप्टको सेयर मूल्य बढेको छ भने २५ वटा स्क्रिप्टको सेयर मूल्य मात्र घटेको छ । दोहोरो अंकले बढेको नेप्सेमा तीनवटा कम्पनीको सेयर मूल्य सर्किट मूल्यमा कारोबार भएको छ । मैलुङ खोला जलविद्युत् कम्पनी, तेह्रथुम पावर कम्पनी, बुद्धभूमि हाइड्रोपावर कम्पनीको सेयर मूल्य १० प्रतिशतले बढेर सर्किट मूल्यमा कारोबार भएको छ । न्यादी हाइड्रोपावर, गुराँस लाइफ इस्योरेन्सको सेयर मूल्य ८ प्रतिशतले बढेको छ ।

धितोपत्र र ऋणपत्र गरी कारोबारमा आएका दुई सय २९ स्क्रिप्टको एक करोड ५९ लाख कित्ता-इकाइ सेयर खरिद-बिक्री हुँदा पाँच अर्ब ७७ करोड रुपैयाँको कारोबार भएको छ । आइएमई जनरल इस्योरेन्स, अपि पावर कम्पनी, शिखर इस्योरेन्स, अरुण भ्याली हाइड्रोपावर, नेपाल दूरसञ्चार कम्पनीको सेयर २२ करोड रुपैयाँदेखि १५ करोड रुपैयाँसम्म सेयर कारोबार भएको छ ।

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मितिः २०७८/१०/०७**


तपसिलमा उल्लेखित तपाई ऋणीहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सिर्जना फाईनान्स लिमिटेड) को राजबिराज शाखा कार्यालयबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तारताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणी संजय कुमार सिंधीको हकमा मिति वि.सं. २०७८/०१/१६ र ऋणी ज्ञानी प्रसाद यादवको हकमा मिति वि.सं. २०७७/०८/२३ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा पैंतीस (३५) दिने सार्वजनिक सूचना, ऋणी ज्ञानी प्रसाद यादवको हकमा मिति २०७७/१२/१० मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिका तथा मिति २०७८/०१/१६ मा नागरिक राष्ट्रिय दैनिक पत्रिका एक्काईस (२१) दिने सार्वजनिक सूचना र ऋणी संजय कुमार सिंधी, ज्ञानी प्रसाद यादव को हकमा मिति वि.सं. २०७८/०७/२२ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्न १५(पन्ध्र) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो पन्ध्र (१५) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको बिराटनगर स्थित प्रादेशिक कार्यालयमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**१. शाखा कार्यालय : राजबिराज**
**कर्जा शिर्षक : सिटिजन्स मोर्गेज कर्जा–अधिविकर्ष कर्जा**

**ऋणीको नाम : संजय कुमार सिंधी**

बाबु : शुभ कारण सिंधी
बाजे : जिबन मल सिंधी
ठेगाना : राजबिराज नगरपालिका वडा नं.०७, सप्तरी
हाल : राजबिराज नगरपालिका वडा नं.०६, सप्तरी
ना.प्र.नं : ९२३३
मिति : २०६१/१२/०४
जि.प्र.का. : सप्तरी

**२.नाम : ईचरज देवी सिंधी**

बाबु : सुरजमल बैंधं
पति : शुभ करण सिंधी
ससुरा : जिबनमल सिंधी
ठेगाना : राजबिराज नगरपालिका वडा नं. ०७, सप्तरी
हाल : राजबिराज नगरपालिका वडा नं. ०६, सप्तरी
ना.प्र.नं : १६-०१-७४-०१९६१
मिति : २०७४/०२/३१
जि.प्र.का.: सप्तरी

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१.नाम : सुनिल कुमार सिंधी**

बाबु : शुभ करण सिंधी
बाजे : जिबन मल सिंधी
ठेगाना : राजबिराज नगरपालिका वडा नं.०७, सप्तरी
हाल : राजबिराज नगरपालिका वडा नं. ०६, सप्तरी
ना.प्र.नं : ९००८
मिति : २०५८/११/२१
जि.प्र.का : सप्तरी

**धितो राखिएको सम्पत्ति विवरण**
**धितो सुरक्षण धनीको नाम : संजय कुमार सिंधी**

| | |
|---|---|
| जिल्ला | सप्तरी |
| न.पा./गा.वि.स. | राजबिराज |
| वडा नं | ६ |
| कि.नं. | ३०१३ |
| क्षेत्रफल (विगाहा) | ०-०-१२ |
| कैफियत | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

**२. शाखा कार्यालय : राजबिराज**
**कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक–अधिविकर्ष कर्जा**

**ऋणीको नाम : ज्ञानी प्रसाद यादव**

बाबु : बौवा लाल यादव
बाजे : फनिलाल यादव
ठेगाना : बनैनिया-०६, सप्तरी
हाल : राजगढ गा.पा.-२,सप्तरी
ना.प्र.नं. : ०७३३९७२६
जारी मिति : बि. सं २०५१/०६/१७
जि.प्र.का. : सप्तरी

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : बौवा लाल यादव**

बाबु : फनिलाल यादव
बाजे : उतिम लाल यादव
ठेगाना : बनैनिया-०६, सप्तरी
हाल : राजगढ गा.पा.-२,सप्तरी
ना.प्र.नं. : ०७३६२५१०
जारी मिति : बि. सं २०३६/०२/१६
जि.प्र.का. : सप्तरी

**२. नाम : श्रीमति सिता देबी यादवनी**

बाबु : धनिक लाल यादव
पती : वौवालाल यादव
ससुरा : फनिलाल यादव
ठेगाना : बनैनिया-०६, सप्तरी
हाल : राजगढ गा.पा.-२,सप्तरी
ना.प्र.नं. : ०७३६२५११
जारी मिति : बि. सं २०४५/०२/१०
जि.प्र.का. : सप्तरी

**३. नाम : शोभा देबी यादव**

पती : सत्य नारायण यादव
पती : ज्ञानी प्रसाद यादव
ससुरा : वौवा लाल यादव
ठेगाना : बनैनिया-०६, सप्तरी
हाल : राजगढ गा.पा.-२,सप्तरी
ना.प्र.नं. : १६३०६९/२१८
जारी मिति : बि. सं २०६३/११/११
जि.प्र.का. : सप्तरी

**धितो राखिएको सम्पत्ति विवरण**
**धितो सुरक्षण धनीको नाम :– श्रीमति सिता देवी यादवनी**

| सि.नं | जिल्ला | न.पा./गा.वि.स. | वडा नं | कि.नं. | क्षेत्रफल (विगाहा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सप्तरी | बनैनिया | ६क | ६८७ | ०-६-१० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्तिदिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत:जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदाबाहेक) पुनःलिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनु हुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय , शाखा कार्यालय, राजबिराज वा बिराटनगर स्थित प्रादेशिक कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०७८/१०/२३ गते, आइतबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको बिराटनगर स्थित प्रादेशिक कार्यालय ।**

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA

# बिओकेका ग्राहकलाई मेडिप्लस अस्पताल र ट्रमा सेन्टरमा छुट




**काठमाडौं**/ बैंक अफ काठमाण्डू र मेडिप्लस अस्पताल तथा ट्रमा सेन्टरबीच सम्झौता भएको छ । सम्झौताअनुसार बैंकका ग्राहकले मेडिप्लस अस्पताल तथा ट्रमा सेन्टरले प्रदान गर्ने विभिन्न स्वास्थ्य सेवाहरूमा १० प्रतिशत छुट पाउनेछन् ।

ग्राहकहरूले उक्त सेवाहरूमा छुट उपयोग गर्नका लागि बैंकको मोबाइल बैंकिङ तथा कार्डहरूको प्रयोग गरी भुक्तानी गर्नुपर्नेछ । मेडिप्लस अस्पताल तथा ट्रमा सेन्टरले कास्की जिल्लाबाट सेवाग्राहीलाई गुणस्तरीय सेवा तथा सुविधा प्रदान गर्दै आइरहेको छ । बैंक अफ काठमाण्डू लिमिटेडले ९४ शाखा कार्यालयहरू, ८४ एटिएम र १० एक्सटेन्सन काउन्टरबाट आफ्ना ग्राहकलाई उत्कृष्ट बैंकिङ सुविधा प्रदान गर्दै आइरहेको छ ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

## निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

(मिति २०७८/१०/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना)

यस बैंक अफ काठमाण्डू लिमिटेडको शाखा कार्यालय **जनकपुर, धनुषा** (यसपछि बैंक भनिएको छ) मा धनुषा जिल्ला सपहि रमदैया गा.बि.स. वडा नं. ०३ स्थायी ठेगाना पत्राचार ठेगाना सपहि गा.बि.स. वडा नं. ०५, भनी खाता खोल्दा ठेगाना खुलाएको र हाल धनुषा जिल्ला लक्ष्मीनीया ग.पा. वडा नं. ४ बस्ने श्री बासुदेव साहको नाती, श्री रामसागर साहु सुडिको छोरा, श्रीमती निलम महतोको पति, **श्री रघुनाथ महतो**ले यस बैंकमा खाता नम्बर **०३१२००००१४५०५२४** को खाता खोली निक्षेप कारोबार गर्दे आउनु भएकोमा निज खातावालको मिति **२०७८/०८/०१** मा देहवसान भएकोले निजको श्रीमतीको नाममा रहेको खाता नम्बर **१५१२००००४१११५२४** मा रकमान्तर गरी भुक्तानी पाऊँ भनी निज मृतकको श्रीमती निलम महतोले मृत्यू दर्ता प्र.प. लगायत अन्य आवश्यकीय कागजातहरू सहित यस बैंकमा **२०७८/०८/२२** मा सो खाताको रकम उपर हकदावीको निवेदन पेश गर्नु भएको ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदै निज निवेदकद्धय बाहेक अन्य कसैको हकदावी लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमका हकवालाहरूले दावी गर्नकालागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचनाको अवधिभित्र कोही कसैको हकदावी पेश नभएमा तथा रित नपुऱ्याई पेश हुन आएको निवेदन उपर कुनै कारवाही नहुने र बैंकको नीति, निर्णय तथा सो उल्लिखित ऐन बमोजिम सम्बन्धित निवेदकद्धयलाई ३६औं वा कार्यालय खोलेको दिनमा आवश्यक प्रकृया बमोजिम गरी खातावालाको खातामा रहेको निक्षेप रकम भुक्तानी भै जाने र सो उपर अन्य कोही कसैको हकदावी नलाग्ने साथै यस बैंक जिम्मेवार नहुने ब्यहोरा समेत जानकारी गराउँदछौं ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
को

## शाखा कार्यालय इटहरीको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मितिः २०७८/१०/०७ गते)**

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकको शाखा कार्यालय इटहरीबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणी र जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, ब्यक्तिगत जमानीकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र जमानीकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**१ ऋणीको विवरण**

नाम : रोशन विश्वास
बाबु : नारायण थारू
बाजे : छथरू थारू
ठेगाना : डग्राहा ०६, मोरङ्
नाप्र.नं. : ४८८३९

**व्यक्तिगत जमानतकर्ता**

नाम : राधा विश्वास
पति : रोशन विश्वास
ससुरा : नारायण थारू
ठेगाना : डग्राहा ०६, मोरङ्
नाप्र.नं. : ०५३०२१/४८

**२ ऋणीको विवरण**

नाम : भोजराज सिंह खवास
बाबु : भीष्म लाल खवास
बाजे : रेसम लाल खवास
ठेगाना : हरैचा-७, मोरङ्
नाप्र.प.नं. : ७३४५, मोरङ्

**व्यक्तिगत जमानतकर्ता**

नाम : शान्ती कुमारी शाक्य
पती : भोजराज सिंह खवास
ससुरा : भीष्म लाल खवास
ठेगाना : धरान-१३, सुनसरी
नाप्र.प.नं. : ४४८७, सुनसरी

# चितवनमा खोरेत समस्या बढेपछि किसानका गोठमा पुगे विज्ञ

**विवेक पोख्रेल/नयाँ पत्रिका**
**भरतपुर, ६ माघ**


खैरहनी नगरपालिका वडा नम्बर ५ दुर्गा मन्दिर टोलकी गीता चौलागाईंको घरमा खोरेत संक्रमण भएको गाई उपचार गर्दै डा. प्रभात न्यौपाने ।

खैरहनी नगरपालिकाको दुर्गा मन्दिर टोलकी गीता चौलागाईं पशुचिकित्सकको टोली औषधिसहित घरमा आउँदा छक्कै परिन् । उनको गोठमा रहेको तीनवटामध्ये दुईवटा गाईको मुख तथा गिजामा पानीफोका र घाउ थियो । जिब्रोमा पनि सामान्य घाउ देखिन्थ्यो । उनीहरूले चिसोको समय भएकाले गाईलाई कुँडोपानी तताएर दिन्थे ।

चिकित्सक पुग्दासमेत उनीहरूलाई थाहाँ थिएन गाईलाई खोरेत भएको छ । हामीलाई त लागेको थियो, तातो पानीले पोलेकाले गाईको मुखमा घाउ भएको हो कि भन्ने, स्थानीय भेटनरीबाट ल्याएको औषधि देखाउँदै कृषक चौलागाईंले चिकित्सकलाई भनिन्, 'तातो पानीले पोल्यो कि भन्ने शंकाले हामीले यो औषधि चलाएका थियौं ।'

चार दिनदेखि गाई बिरामी भएको र दूध दिन छाडेको सुनिसकेपछि भेटनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र चितवनका निमित्त प्रमुख कार्यकारी डा. प्रभात न्यौपानेले परीक्षण गरी औषधिका बारेमा जनकारी गराए ।

छिमेकीकोमा चिकित्सक आएको देखेपछि खैरहनी-६, सर्तनीका अर्जुन बस्ताकोटीले पनि आफ्नो गाईका बारेमा पशुचिकित्सकलाई जानकारी गराए । दुई हप्ताअघि खोरेत देखिएपछि उनले स्थानीय पशुचिकित्सकलाई देखाएर उपचार गराएका रहेछन् । 'पहिले नै जानकारी भएको भए निःशुल्क उपचार हुँदो रहेछ,' बस्ताकोटीले भने, 'ढिलो भए पनि विज्ञ चिकित्सकहरू गोठमानै अएर पशुको अवस्था हेर्नुभयो, ढुक्क भयो ।'

बिहीबार दिनैभरि विज्ञकेन्द्रको यो टिम पूर्वी चितवनका विभिन्न गाउँमा खोरेत रोगसहित पशु स्वास्थ्य सचेतनामा व्यस्त रह्यो । जिल्लामा पछिल्लोमा समय खोरेत भएका पशुको संख्या बढेको छ । 'खोरेत देखिएपछि के-के उपचार गर्ने भन्ने जानकारी दिन र अवस्था बुझ्न हामी फिल्डमा नै गएका आएका हौं,' प्रमुख न्यौपानेले भने । उनका अनुसार जिल्लाकामा गाई, भैंसी, बंगुरलगायतमा खोरेतको संक्रमण देखिएको छ । बितेका पाँच महिनामा मात्र चितनका करिब आठ हजार पशुमा यो रोग देखिएको र एक सय गाईभैंसी र नौ सय बंगुरको मृत्यु भएको अनुमानित तथ्यांक उनीसँग छ । न्यौपानेले भने, 'खोरेतले प्रत्यक्ष रूपमा दूध उत्पादन घटेको देखिन्छ ।' खोरेतका कारण दैनिक पाँच हजार लिटर दूध उत्पादन कम भएको उनी बताउँछन् । सचेतनासँगै निःशुल्क रूपमा खोरेतविरुद्धको खोप अभियान पनि आफूहरूले सञ्चालन गरेको उनले बताए ।

जिल्ला दुग्ध उत्पादक सहकारी संघ चितवनका सचिव किशोर बगालेका अनुसार चितवनमा ६८ हजार ६ सय ११ दुधालु गाई र भैंसी छन् । जसबाट दैनिक तीन लाखभन्दा बढी लिटर दूध उत्पादन हुन्छ । चितवन जिल्ला दूधमा आत्मनिर्भर जिल्ला पनि हो । जिल्लामा खोरेतका कारण बर्सेनि उत्पादनमा असर पर्ने गरेको भन्दै नीतिगत रूपमा नै राज्यले खोरेत नियन्त्रणमा चासो देखाउनुपर्ने उनी बताउँछन् ।

■ के हो खोरेत ?

पशु विकास अधिकृत डा. रामचन्द्र आचार्यका अनुसार खोरेत खुरफट्टा जनावरहरूमा लाग्ने अति छिटो सर्ने पिकोर्ना जातिको विषाणुबाट सर्ने सरुवा रोग हो । पशुमा ज्वरो आउने, ऱ्याल चुहाउने, लंगडाउने, दुधालु गाईभैंसीको दूध उत्पादन घट्ने, मुख-खुरको कापको साथै थुतुनो र थुनमा पानीजस्तो तरल पदार्थ भरिएका स-साना फोकाहरू देखिएमा खोरेत हुन सक्छ । यो समयमा पशुले खान मन गर्दैन ।

खोरेत रोग लागेको जनावरसँग सम्पर्क भएमा वा दूषित दाना, पानी र हावाका माध्यमबाट महामारीका रूपमा फैलने गर्छ । खोरेत देखिएमा उक्त पशुको छुट्टै स्याहार गर्नु राम्रो हुन्छ । यो रोगका कारण अन्यको तुलनामा बाच्छाबाच्छी, पाडापाडी र बंगुरका पाठापाठीहरू अत्यधिक संख्यामा मर्ने गर्छन् । यसका लागि जैविक सुरक्षामा ध्यान दिनुपर्ने डा. आचार्य बताउँछन् ।

## हकदावीको सूचना

सर्लाही जिल्ला रामनगर बहुवर्वा गा.बि.स.वडा नं. २ (हाल सर्लाही जिल्ला रामनगर गाउँपालिका वडा नं ३, प्रदेश नं २) बस्ने कोदई राय को नाति, जनक राय को छोरा, पाँचु राय यादव को मिति २०७७/०६/०३ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ०४४०५०५०२९३९०७ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती उषा देवी ले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जान ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

शाखा कार्यालय,
बरहथवा, सर्लाही
फोन नः- ०४६- ५४०२९५
५४०२९६
फ्याक्स :- ०४६- ५४०२९९

## हकदावीको सूचना

प्रदेश नं.१, सोलुखुम्बु जिल्ला, खुम्बु पासाङल्हामु गाउँपालिका, वडा नं. ०५ बस्ने श्री आङ फुरी शेर्पाको नाति, श्री माइला शेर्पाको छोरा श्री दावा तेन्जीङ शेर्पाको मिति २०७८/०९/२३ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको बचत खाता नं. ००१०५०१००५५५२७ र मुद्दती खाता नं. ०२७०३२००२५१७५४ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती आङ फुर्वा शेर्पाले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

प्रधान कार्यालय
दरवारमार्ग, काठमाण्डौं
फोन नः- ४२४२५३०
४२२८२२९
फ्याक्स :- ४२२६३४९
४२२८९२७

# संखुवासभा उद्योग वाणिज्य संघको अध्यक्षमा प्रधान



**संखुवासभा**/ संखुवासभा उद्योग वाणिज्य संघको अध्यक्षमा कृष्णभगत प्रधान सर्वसम्मत भएका छन् । संघको १४औं जिल्ला अधिवेशनबाट समितिका वरिष्ठ उपाध्यक्ष डेगराज बस्नेत, उपाध्यक्षहरू सञ्जीवकुमार श्रेष्ठ, नवीनकुमार गौली र डाक्टरप्रसाद पराजुली निर्वाचित भएका छन् । त्यस्तै, महासचिव सरोजकुमार बज्राचार्य, उपमहासचिव प्रवीण श्रेष्ठ, सचिव हिमाल श्रेष्ठ र राजकुमार श्रेष्ठ चयन भएका हुन् । कोषाध्यक्षमा जनक पौडेली र सहकोषाध्यक्षमा राजीव श्रेष्ठ चयन भएका छन् । उक्त समितिमा २९ जना सदस्यहरू निर्वाचित भएको निर्वाचन अधिकृत श्यामसुन्दर उदासले जानकारी दिए ।

संखुवासभा उद्योग वाणिज्य संघ व्यापारीहरूको साझा संस्था हो । यसले विभिन्न सामाजिक क्रियाकलापसमेत गर्दै आएको छ । नवनिर्वाचित अध्यक्ष प्रधानले व्यापारीहरूको हकहितका लागि नयाँ कार्ययोजना बनाएर लागिपर्ने बताए ।

मोबाइल, रिमोट र किबोर्डलाई स्यानिटाइज गरौँ

कोरोनाविरुद्ध सचेतना



# दोलखामा १४ वटा सिँचाइ आयोजना निर्माण हुँदै

**श्याम खतिवडा/नयाँ पत्रिका**
**दोलखा, ६ माघ**

पहाडी जिल्ला दोलखामा खेतीयोग्य जमिन सिञ्चित गर्न चालू आर्थिक वर्षभित्रै १४ वटा सिँचाइ आयोजना निर्माण सुरु हुने भएका छन् । बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले जिल्लाभर साना तथा मझौला गरी १४ वटा सिँचाइ आयोजना निर्माण सुरु गर्न लागेको हो । कार्यालयका प्रमुख डिभिजन इन्जिनियर मनीष महर्जनले छनोटमा परेका योजनाहरूको गुरुयोजना निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने काम भइरहेको जानकारी दिए ।

निर्माण सुरु हुन लागेका अधिकांश योजनाहरू बहुवर्षीय ठेक्का प्रणालीअनुसार अघि बढाइने उनले बताए । आगामी आर्थिक वर्षको अन्तिमसम्म सबै योजनाको निर्माण कार्य सम्पन्न गर्ने गरी कार्यालयले काम थालेको छ । निर्माण सुरु हुन लागेका योजनाहरूमा घ्याङखोला सिँचाइ योजना मेलुङ, उपल्लो डिही टहले कात्तिके सिँचाइ योजना भीमेश्वर, मसाने खोला सिँचाइ बिगु, महादेव खोला सिँचाइ जिरी, ओख्रे खोला सिँचाइ सैलुङ, तामाकोसी किर्ने लिफ्ट सिँचाइ योजनालगायत छन् । १४ वटै सिँचाइ आयोजनाको निर्माण सुरु गर्न कार्यालयलाई झन्डै चार करोड बजेटको अख्तियारी प्राप्त भएको कार्यालयले जनाएको छ । डिभिजन प्रमुख महर्जनले पर्याप्त कर्मचारीको पदपूर्ति नहुँदा तोकिएकै समयमा योजनाहरूको निर्माण कार्य थालनी गर्न असहज भएको सुनाउँदै केही समयभित्रै सुरु हुने जनाएका छन् ।

■ ६ वटा सिँचाइ आयोजनाको निर्माण सकियो, चार निर्माणाधीन

कार्यालयले यसअघि निर्माण सुरु गरेका ६ वटा सिँचाइ आयोजनाको निर्माण सम्पन्न गरेको छ । सम्पन्न भएका आयोजनाहरूमा गलगले सिँचाइ आयोजना बोच, होसिंगा सिँचाइ आयोजना जिरी, फेदी कुडार सिँचाइ आयोजना जिरी, च्यासे छहरा सिँचाइ योजना भीमेश्वर, ज्याग्वे खोला सिँचाइ योजना बिगु र अँधेरी खोला झोरघट्टा सिँचाइ सैलुङ रहेको कार्यालयका अर्का इन्जिनियर नेत्र पौडेलले जानकारी दिए । उनका अनुसार गुमु खोला तोरीखेत सिँचाइ आयोजना कालिञ्चोक, फड्के खोला पौवा सिँचाइ आयोजना मेलुङ, धुम्बा लाटिखेत सिँचाइ बैतेश्वर र चोक्टे रुप्थाङ खोला सिँचाइ योजना बिगु भने यही आर्थिक वर्षभित्र सम्पन्न हुने गरी निर्माण भइरहेका छन् ।


दोलखाको शैलुङ गाउँपालिका- ७ मा निर्माण भएको अँधेरी खोला-झोरघट्ट सिँचाइ आयोजना

विगत दुई वर्षदेखि लगातार लापिलाङमा आएको विशाल पहिरोले गुमु खोला तोरीखेत सिँचाइ आयोजनाको मुहान पुरिएको कार्यालयले जनाएको छ । कालिञ्चोक गाउँपालिका वडा नम्बर ६ र ७ का किसानहरूको खेतीयोग्य जमिन सिञ्चित गर्ने उद्देश्यले निर्माण सुरु भएको उक्त आयोजनाको मुहान पहिरोले पुरेपछि सरोकारवाला र स्थानीय कृषकहरू चिन्तित बनेका छन् । योजना निर्माणको काम अन्तिम चरणमा पुग्दा पहिरोले मुहान नै पुरिदिएपछि मुहानको विकल्प खोजी भइरहेको डिभिजन प्रमुख महर्जनले जानकारी दिए । उनका अनुसार पहिरोले पुरिएको क्षेत्रभन्दा तल वा माथि मुहान छनोट गर्न प्राविधिक र स्थानीयहरू लागिरहेका छन् । उनले भने, 'उपयुक्त ठाउँ छनोट गरी अस्थायी प्रकृतिको मुहान बनाएर भए पनि आयोजना सञ्चालनमा ल्याइनेछ ।'

# छनोटमा परेका होमस्टेलाई प्रदेश सरकारले ३० लाख दिने



**लमजुङ**/ गण्डकी प्रदेशको होमस्टे परियोजनाका लागि लमजुङका तीनवटा होमस्टे छनोट भएका छन् । गण्डकी प्रदेश सरकार, पर्यटन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले लमजुङका तीनवटा होमस्टेलाई होमस्टे परियोजनाका लागि छनोट गरेको हो ।

प्रदेशभित्रका ६२ वटा होमस्टेले परियोजनाका लागि माग दाबी गरेकोमा प्रदेशस्तरीय मन्त्रिपरिषद्को निर्णयले तीनवटा होमस्टेलाई परियोजनामा छनोट गरेको हो । तीनवटा होमस्टे छनोट भएकोमा लमजुङको राइनास नगरपालिका- ३ मा रहेको कुडुले सामुदायिक होमस्टे, बेँसीसहर नगरपालिका- ६ मा रहेको पुमागाउँ सामुदायिक होमस्टे र बेँसीसहर नगरपालिका- ३ मा रहेको काउलेपानी सामुदायिक होमस्टे रहेका छन् ।

काउलेपानी र राइनास होमस्टेको सामुदायिक भवन निर्माण र पुमागाउँ होमस्टेको पदमार्ग निर्माणका लागि छनोट गरिएको हो । छनोटमा परेका तीनवटा होमस्टेलाई प्रतिहोमस्टे १० लाखका दरले ३० लाख नगद अनुदान उपलब्ध गराइनेछ ।

# १५ दिनभित्र अरुण तेस्रो पीडितहरूको समस्या समाधान हुने


अरुण तेस्रो पावरहाउस पुखुवा

**नवीन गुरुङ/नयाँ पत्रिका**
**संखुवासभा, ६ माघ**

संखुवासभामा निर्माणाधीन नौ सय मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजनाका पीडितहरूको समस्या १५ दिनभित्र समाधान हुने भएको छ । बिहीबार संखुवासभाका प्रमुख जिल्ला अधिकारी नूरहरि खतिवडाको कार्यकक्षमा भएको छलफलमा लगानी बोर्डका उपसचिव रमेश अधिकारीले बढीमा १५ दिनभित्र पीडितहरूलाई दिइने मुआब्जाको विषयमा मन्त्रिपरिषद्बाट टुंगो लाग्ने प्रतिबद्धता व्यक्त गरेका छन् । यसअघि बुधबारबाट करिब पाँच सय पीडितहरूको उपस्थितिमा पावरहाउस जाने सडक बन्द गर्दै चरणबद्ध आन्दोलनको घोषणा गरेका थिए । अरुण तेस्रो परियोजना निर्माणको काम ५० प्रतिशत सम्पन्न हुँदासमेत मुआब्जा नपाएपछि आन्दोलन सुरु गरिएको संघर्ष समितिका अरुण तेस्रो प्रवेशमार्ग मुआब्जा पीडित समितिका संयोजक जनीकुमार राईले बताए । तर, बिहीबार भएको छलफलमा सकारात्मक जवाफ पाएपछि आन्दोलनका सबै कार्यक्रम स्थगित गरिएको उनले जानकारी दिए ।

अरुण तेस्रोबाट छ्याङकुटी डाँडादेखि पुखुवा पावरहाउस साढे २४ किमि सडकका स्थानीय प्रभावित भएका छन् । लगानी बोर्डले छ्याङकुटीदेखि पावरहाउस क्षेत्रमा झन्डै पाँच सय २४ रोपनी जग्गाको मुआब्जा दिएको छैन ।

मुआब्जा दररेट र बजेटबारे जिल्ला प्रशासन कार्यालय संखुवासभालाई चार महिनाअघि नै जानकारी भए पनि प्रशासनले कुनै सुनुवाइ नगरेको पीडितहरूको भनाइ छ । संखुवासभाका सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेको संयोजकत्वमा बनेको कार्यदलले प्रतिवेदन लगानी बोर्डमा पठाए पनि मुआब्जा नदिएको पीडितको गुनासो छ । जिल्लादेखि केन्द्रसम्म प्रधानमन्त्री कार्यालयमा पटक-पटक धाउँदासमेत मुआब्जा नपाएको उनीहरूको भनाइ छ । पीडितहरूले प्रतिरोपनी कम्तीमा १२ लाख मुआब्जा पाउनुपर्ने माग राख्दै आएका छन् ।

अरुण तेस्रो जलविद्युत् आयोजनाको काम तीव्र गतिमा भइरहेको छ । भारतीय सतलज एसजेबिएन कम्पनीले निर्माणको काम गरिरहेको छ । मकालु गाउँपालिका-५, फ्याक्सिन्दामा बाँधस्थलको काम भइरहेको छ भने चिचिला गाउँपालिका-२, दिदिङमा पुखुवा पावरहाउस निर्माण भइरहेको छ । सन् २०२३ भित्र काम सम्पन्न गर्ने लक्ष्यका साथ काम अगाडि बढाइएको छ ।

# नियमित बिजुली माग गर्दै बाजुरा प्राधिकरणमा तालाबन्दी



**गगन अयडी/नयाँ पत्रिका**
**बाजुरा, ६ माघ**

जिल्लामा रहेको नेपाल विद्युत् प्राधिकरण बाजुरा वितरण केन्द्र र त्रिवेणी साना जलविद्युत् कार्यालयमा मंगलबारदेखि नागरिक समाजले बन्दी गरेका छन् । कार्यालयमा नियमित विद्युत्को माग गर्दै तालाबन्दी गरेका हुन् । पटक-पटक जिल्ला प्रशासन कार्यालयलगायत सरोकार निकायमा नियमित विद्युत्को माग गर्दा कुनै सुनुवाइ नभएपछि त्रिवेणी बचत तथा ऋण सहकारी संस्थाद्वारा सञ्चालित बाजुरा साना विद्युत् केन्द्रको कार्यालयमा समेत तालाबन्दी गरेको नागरिक समाजका सदस्य सुरेन्द्रनाथले जानकारी दिए ।

बिद्युत् प्राधिकरण र बाजुरा साना जलविद्युत् केन्द्रका कार्यालयमामा लगाएको ताला ठोस निर्णय नआएसम्म र केन्द्रीय प्रसारण लाइन मार्तडीमा जडान गर्ने ग्यारेन्टी नभएसम्म ताला नखोल्ने नागरिक समाजका अगुवाहरूले एक विज्ञप्तिमार्फत जानकारी गराएका छन् । केही दिनअगाडि जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्रसमेत बुझाएको नागरिक समाजले विद्युत् नियमितसम्बन्धी प्रशासन र विद्युत् प्राधिकरणको ध्यान नगएको भन्दै चरणबद्ध आन्दोलनको घोषणा गरेका छन् ।

कार्यालय स्थापना भएको तीन वर्षसम्म विद्युत्का पोल गाड्नेबाहेक प्रगति नगरेको प्राधिकरणले बिजुली बाल्ने ग्यारेन्टी नदेखाएसम्म ताला नखोल्ने अडानमा रहेको नागरिक समाजका अगुवा गोपाल कार्कीले बताए । सदरमुकाम मार्तडीवासी दैनिक १० घन्टा लोडसेडिङको मारमा परेका छन् । सदरमुकाम मार्तडीजस्तो ठाउँमा नियमित विद्युत् नहुँदा कार्यालयका कामहरूमा अवरुद्ध भएको छ ।

जिल्ला प्राधिकरण कार्यालय बाजुरा प्रमुख ललितकुमार मण्डलले केन्द्रीय कार्यालय काठमाडौंलाई नागरिक समाजको मागसम्बन्धी जानकारी गराएको तर, केन्द्रीय कार्यालयबाट कुनै सुनुवाइ नगरेको बताए । केन्द्रीय कार्यालयबाट कुनै जानकारी नआउँदासम्म आफू केही गर्न नसक्ने उनको भनाइ छ । कार्यालय प्रमुख मण्डलले त्रिवेणी बचत सहकारी संस्था लिमिटेड र विद्युत् प्राधिकरण केन्द्रीय कार्यालयबीच २० वर्षका लागि त्रिवेणी सहकारी संस्था लिमिटेड बाजुरालाई सञ्चालनका लागि लिजमा दिएको बताए ।



## NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
## एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

(नेपाल राष्ट्र बैंकबाट 'घ'वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रिय स्तर कार्यक्षेत्र भएको)
इटहरी-९, सुनसरी, सम्पर्क नम्बर : ०११६६००३४, Email: info@nicasialaghubitta.com

### UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)

**As at the end of Second Quarter (30/09/2078) of the Financial Year 2078/79 (2021/2022)**

NRP'000

| S.N. | Particulars | This Quarter Ended 14.01.2022 | Previous Quarter Ended 17.10.2021 | Corresponding Previous Year Quarter Ended 13.01.2021 |
|---|---|---|---|---|
| 1 | **Total Capital and Liabilities (1.1 to 1.7)** | **26,895,036** | **27,637,869** | **11,993,126** |
| 1.1 | Paid Up Capital | 1,739,440 | 1,739,440 | 1,480,000 |
| 1.2 | Reserves and Surplus | 1,190,587 | 998,541 | 439,073 |
| 1.3 | Debentures and Bonds | - | - | - |
| 1.4 | Borrowings | 19,694,870 | 20,612,620 | 8,511,925 |
| 1.5 | Deposits | 3,208,006 | 3,192,736 | 1,049,145 |
| 1.6 | Income Tax Liability | 152,085 | 69,718 | 68,483 |
| 1.7 | Other Liabilities | 910,048 | 1,024,814 | 444,500 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **26,895,036** | **27,637,869** | **11,993,126** |
| 2.1 | Cash and Bank Balance | 3,573,160 | 2,965,197 | 3,058,361 |
| 2.2 | Money at Call and Short Notice | 778,663 | 2,344,784 | 128,041 |
| 2.3 | Investments | 11,500 | 11,500 | - |
| 2.4 | Loans and Advances | 22,134,109 | 22,036,403 | 8,551,362 |
| 2.5 | Fixed Assets | 142,005 | 151,824 | 42,476 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 255,599 | 128,161 | 212,886 |
| **S.N.** | **Profit and Loss Account** | **Up to This Quarter** | **Up to Previous Quarter** | **Up to Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 1,628,842 | 707,070 | 672,997 |
| 3.2 | Interest Expense | 846,053 | 355,884 | 279,868 |
| | **A. Net Interest Income(3.1-3.2)** | **782,789** | **351,185** | **393,129** |
| 3.3 | Fees, Commission and Discount | 193,623 | 132,394 | 92,176 |
| 3.4 | Other Operating Income | 256 | - | - |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | **B. Total Operating Income (A+ 3.3+3.4+3.5)** | **976,669** | **483,580** | **485,305** |
| 3.6 | Staff Expenses | 227,557 | 118,891 | 77,783 |
| 3.7 | Other Operating Expenses | 121,536 | 59,331 | 68,756 |
| | **C. Operating Profit Before Provision (B. - 3.6-3.7)** | **627,576** | **305,358** | **338,766** |
| 3.8 | Provision for Possible Loss | 64,401 | 47,246 | 140,277 |
| | **D. Operating Profit (C. - 3.8)** | **563,176** | **258,112** | **198,489** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 102 | 102 | 55,150 |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| | **E. Profit from Regular Activities (D.+3.9+3.10)** | **563,278** | **258,214** | **253,639** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| | **F. Profit before Bonus and Taxes (E.+3.11)** | **563,278** | **258,214** | **253,639** |
| 3.12 | Provision for Staff Bonus | 56,328 | 25,821 | 25,364 |
| 3.13 | Provision for Tax | 152,085 | 69,718 | 68,483 |
| | **G. Net Profit/Loss (F. -3.12-3.13)** | **354,865** | **162,675** | **159,793** |
| **4** | **Ratios** | **At the end of This Quarter** | **At the end of Previous Quarter** | **At the end of Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Adequacy | 13.43% | 12.55% | 21.17% |
| 4.2 | Non Performing Loans (NPL) To Total Loans | 0.97% | 1.55% | 0.96% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 308.54% | 186.47% | 328.82% |
| 4.4 | Cost of Funds (Deposit + Borrowings) | 8.47% | 6.57% | 5.31% |
| 4.5 | CD Ratio | 689.96% | 690.20% | 815.08% |

* Figures have been regrouped/ rearranged wherever necessary
* Corresponding Previous Year Quarter figures are of NIC ASIA Laghubitta Bittiya Sanstha Limited on stand alone basis.

| ब्याजदर | |
|---|---|
| वचत निक्षेप : वार्षिक ३% देखि ८.५% सम्म | कर्जामा वार्षिक १३% देखि १५% |
| मुद्दती निक्षेप : १०% | |

### आ.व. २०७८/०७९ को दोस्रो त्रैमासिक प्रतिवेदन

१) **वित्तीय विवरण**

क) **दोस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्वन्धी विवरण :**
यस वित्तीय संस्थाको दोस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्वन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

ख) **प्रमुख वित्तीय अनुपातहरू**

| प्रति शेयर आम्दानी (वार्षिक) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ४०.७७ | ३१.६४ | १६८.४३ | १,५४६.९८ | ०.७४ |

ग) **सम्बन्धित पक्ष कारोबार**
एन आई सी एशीया बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा रहेको यस संस्थाको कुल शेयर मध्ये ५७.७५% शेयर स्वामित्व एन आई सी एशीया बैंक लिमिटेडको रहेको छ। यस संस्थाको आर्थिक बर्ष २०७८/०७९ को दोस्रो त्रैमासमा सम्बन्धित पक्ष कारोबार निम्न अनुसार रहेको छ।

| विवरण | रकम रु. |
|---|---|
| एन आई सी एशीया बैंक लिमिटेडबाट शेयरमा लगानी | १,००४,५००,००० |
| एन आई सी एशीया बैंक लिमिटेडबाट लिएको कर्जा सापटी | १,८४६,५००,००० |
| एन आई सी एशीया बैंक लिमिटेडको खातामा रहेको रकम | ३१६,०४२,४५९ |
| एन आई सी एशीया बैंक लिमिटेडलाई ब्याज भुक्तानी | १३०,१०३,५५४ |
| एन आई सी एशीया बैंक लिमिटेडबाट काजमा खटाइएका कर्मचारीहरूको तलब परिपूर्ति | ८,५१०,९४० |

२) **व्यवस्थापकीय विश्लेषण**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण**: संस्थाले समिक्षा अवधिमा सदस्य संख्या, सदस्य समूहको निक्षेप तथा कर्जा लगानीमा वृद्धि गर्दै बजारमा प्रचलित ब्याजदरलाई उच्चतम रुपमा व्यवस्थापन गर्न सफल भएको छ। हालको परिस्थितिमा सम्पूर्ण बैंकिङ प्रणाली नै तरलता अभावको माझ जुधिरहेको अवस्थामा संस्थाले उपयोग गरिरहेको सापटीको ब्याज खर्च बढ्ने र जसले गर्दा संस्थाको ब्याज दर अन्तरमा केहि असर पर्ने देखिन्छ। कोभिड १९ को तेस्रो लहरको शुरुवातले संस्थाको व्यवसायमा केही असर पर्न सक्ने आंकलन गर्न सकिन्छ। जस्तोसुकै परिस्थितिमा पनि उचित व्यवस्थापन तथा सकारात्मक सोचले अगाडि बढ्दै जाँदा यस संस्थाले यस्तो अवसरलाई उचित हिसाबले पूँजीकरण गर्दै लगेको छ। तरलता अभाव माझ पनि उपलब्ध स्रोत साधनको सही तवरले प्रयोग गर्दै विपन्न वर्गका ऋणीहरूको आवश्यकता पूरा गर्नलाई संस्था दृढ रहेको छ।

ख) **व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : यस वित्तीय संस्थाले देशका ७४ जिल्लामा २८५ शाखा कार्यालय मार्फत सेवा प्रदान गर्दै आईरहेको छ। संस्थाले कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेका दुर्गम स्थानीय तहहरूलाई प्राथमिकतामा राखिएको छ। यस त्रैमासको अन्त सम्ममा यस वित्तीय संस्थाले कुल १,७९,७०१ विपन्न परिवारमा लघुवित्त सेवा प्रदान गरेको छ। राष्ट्रियस्तरको अग्रणी लघुवित्त संस्थाको रुपमा छोटो अवधिमै आफुलाई स्थापित गर्न सफल यस संस्थाले उच्चतम तथा नविनतम प्रविधिलाई जोड दिदै संस्थाको दैनिक क्रियाकलाप तथा समूह सदस्य र ऋणीहरूलाई समेत थप प्रभावकारी रुपमा सेवा प्रदान गर्दै आएको छ। साथै संस्थाको सेवा विस्तारलाई निरन्तरता दिदै, देशका विभिन्न स्थानमा लघुवित्त सेवाको आवश्यकता पहिचान गर्दै, प्रविधिमा थप लगानी गर्दै जानेमा व्यवस्थापन प्रतिवद्ध रहेको जानकारी गराउन चाहन्छौ। यस संस्थाले नेपालको पहिलो प्राथकिताको अग्रणी लघुवित्तको रुपमा स्थापित हुनलाई कृषि, पशुपालन, सेवा व्यावसाय, लघु उद्दम तथा समूहको आवश्यकता अनुसारका व्यवसायहरूमा लगानी बढाउदै गईरहेको छ। आगामी दिनहरूमा पनि समूह सदस्य तथा ऋणीहरूको आवश्यकता र समय सापेक्ष अनुसार संस्थाको सेवा तथा सुविधाको गुणस्तर वृद्धि गर्दै एक सवल, सफल तथा उत्तरदायी संस्थाको रुपमा आफूलाई स्थापित गर्नमा व्यवस्थापन सदैव सचेत, सजक तथा प्रतिवद्ध रहेको छ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण** : विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को महामारी विस्तारै नियन्त्रण हुदै गएको अवस्थामा फेरी तेस्रो लहरको सुरुवातले संस्थाको मौज्दात, नाफा र नगद प्रवाहमा सोचे अनुरुप कै उपलब्धी हासिल गर्नेमा धेरैनै चुनौती भएता पनि विगतको व्यवस्थापनको अनुभव प्रयोग गरी चुनौतीहरूको उचित व्यवस्थापन गर्नेमा संस्था विश्वस्त छ। लघुवित्त संस्थाहरूमा देखिएको कर्जाको दोहोरोपनले ग्राहकको क्षमता भन्दा बढि कर्जा लगानी र यसको सदुपयोगिता आदि कारणले संस्थालाई असर पर्ने देखिन्छ। कर्जाको दाहोरोपनलाई निरुत्साहित गरी कर्जाको गुणस्तरमा अभिवृद्धि गर्न सम्पूर्ण सरोकारवाला पक्षसँग सहकार्य गरी कर्जाको गुणस्तर कायम राख्नेमा व्यवस्थापन विश्वस्त छ। समिक्षा अवधिमा संस्थाले उचित तथा प्रभावकारी रुपमा कर्जा असुली तथा कर्जाको गुणस्तर कायम राख्न सफल भएकोमा सोलाई निरन्तरता दिदै सोबाट सिकेको ज्ञान तथा क्षमतालाई अझ प्रभावकारी रुपमा लागु गरिने छ। साथै बजारमा वर्तमान अवस्थामा उतार चढाव भई रहेको ब्याजदरलाई सफल रुपमा तथा प्रभावकारी तरीकाले व्यवस्थापन गरी सरल तथा सहज ब्याजदरमा संस्थाको वित्तीय स्रोतको परिचालन गरिनेछ।

३) **कानूनी कारवाही सम्वन्धी विवरण**

क) **यस अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भए नभएको :**
यस अवधिमा संस्थाको व्यवसायमा तात्विक असर पर्ने गरी संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको।

ख) **संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै किसिमको मुद्दा दायर भए नभएको :**
यस सम्बन्धी कुनै जानकारी प्राप्त नभएको।

ग) **कुनै संस्थापक वा संचालक विरुद्व आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको :**
यस सम्बन्धी कुनै जानकारी प्राप्त नभएको।

४) **संस्थाको शेयर कारोवार सम्वन्धी विश्लेषण**

क) **धितोपत्र बजारमा भएको वित्तीय संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :**
दोस्रो बजारमा हुने शेयर कारोबारको मूल्य खुल्ला बजारले निर्धारण भए अनुरुप हुने व्यवस्थापनको धारणा रहेको छ।

ख) **यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या :**

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोवार संख्या | कारोबार दिन |
|---|---|---|---|---|
| १३१३ | ९५२ | १२९० | २२,११२ | ५९ |

५) **समस्या र चुनौती**
प्रमुख चुनौतीहरू तल उल्लेख गरिए अनुसार रहेको छ।

**आन्तरिक**
क) दक्ष जनशक्तिको अभाव।
ख) बढ्दो सञ्चालन लागत तथा घट्दो खुद ब्याजदर अन्तर।
ग) कार्य क्षेत्रको भौगोलिक विकटता र यसले गर्दा कर्मचारीहरूको उत्पादकत्वमा आउने सक्ने नकरात्मक असर।

**वाह्य**
क) विश्वव्यापी महामारी कोभिड १९ ले पारेको असर तथा तेस्रो कोभिड महामारी शुरुवात।
ख) नेपाल राष्ट्र बैंकको नीति तथा नियम मा आउन सक्ने परिवर्तनहरू।
ग) एउटै क्षेत्रमा धेरै लघुवित्त वित्तीय संस्थाहरूको उपस्थितीले संस्थाहरूबिच अस्वस्थ प्रतिस्पर्धा एवं कर्जा लगानीमा दोहोरोपनको सम्भावना।
घ) ग्राहकहरूको उत्पादनको लागि उचित बजारको अभाव।

**रणनीति**
क) नविनतम् प्रविधिको प्रयोग गरी विद्युतिय सेवालाई जोड दिने।
ख) नयाँ क्षेत्रहरूमा लगानी एवं अवसरहरूको निरन्तर खोजी गर्दै जाने।
ग) कर्मचारीहरूको क्षमता अभिबृद्धिका लागि Virtual तथा on the job तालिम संचालन गर्ने।
घ) प्रतिस्पर्धी क्षमताको विकास गर्दै जाने।
ङ) विवेकशिल जोखिम व्यवस्थापनको नीतिलाई अंगिकार गर्दै जाने।
च) उत्पादनमूलक र कृषि क्षेत्रमा आधारित कर्जालाई प्राथमिकता दिने ।
छ) (Resource Optimization) खर्चमा मितव्ययिता अपनाउने।
ज) वित्तिय सेवा पहुंच नपुगेको क्षेत्रको पहिचान गरि सेवा प्रदान गर्ने।

६) **संस्थागत सुशासन**
संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकता दिने नीति अनुसार श्री नेपाल राष्ट्र बैंकद्वारा जारी संस्थागत सुशासन सम्बन्धी ब्यवस्था अनुरुप संस्थाका संचालक समिति तथा व्यवस्थापनमा कार्यरत सम्पूर्ण कर्मचारीहरू, आफ्ना शेयरधनीहरू, सर्वसाधारण निक्षेपकर्ताहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको हितलाई सदैव उच्च प्राथमिकतामा राखी संस्थागत सुशासन कायम राख्न नियामक निकायहरूका व्यवस्थाहरूको पूर्णरुपमा पालना एवं कार्यान्वयनको लागि संस्था सदैव सजग र सचेत रहेको छ।

७) **सत्य, तथ्यता सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**
आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्वन्धमा मैंले जाने बुझेसम्म म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।

■ आहा रारा गोल्डकप फुटबल सुरु

# उद्घाटन खेलबाटै एपिएफको विजयी सुरुवात

प्रतियोगितामा एक विदेशीसहित १० टिम सहभागी छन्, विजेताले १० लाख एक हजार र उपविजेताले पाँच लाख एक हजार नगदसहित सिल्ड, मेडल र प्रमाणपत्र पाउनेछन्

● रोहितराज पराजुली

सशस्त्र प्रहरीको विभागीय टिम एफिएफ क्लबले २० औँ संस्करणको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तरक्लब आमन्त्रित आहा ! रारा गोल्डकप फुटबल प्रतियोगितामा विजयी सुरुवात गरेको छ।

पोखरा रंगशालामा बिहीबार सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा आयोजक सहारा क्लबलाई २-० गोलअन्तरले पछि पार्दै एपिएफले प्रतियोगिताका सुखद् सुरुवात गरेको हो। जितसँगै अन्तिम आठमा आफ्नो स्थान सुरक्षित गरेको एफिएफले सेमिफाइनल प्रवेशका लागि शनिबार हुने खेलमा पाहुना टोली अमेरिकाको बिवाइएससी मिनेसोटासँग प्रतिस्पर्धा गर्नेछ।

यो प्रतियोगिता हिमश्री फुड्स प्रालिको उत्पादन आहा तथा रारा तयारी चाउचाउको प्रायोजनमा भएको हो। यसअघिका दुई उद्घाटन खेलमा पनि सहारा र एपिएफबीच भिडन्त भएको थियो। तीनैपटकको भेटमा एपिएफले जित हात पारेको छ। एपिएफसँग १७औँ संस्करणमा सडनडेथमा र १९औँ संस्करणमा १-० गोलले सहारा पराजित भएको थियो। आजको खेलमा एपिएफले पहिलो हाफमा एक र दोस्रो हाफमा एक गरी दुई गोल गरेको थियो।



उद्घाटन खेलमा गोलका लागि प्रयास गर्दै एपिएफ र सहारा क्लबका खेलाडी।

## ■ १४औँ मिनेटमै एपिएफको पहिलो गोल

खेलको १४औँ मिनेटमा एपिएफका लागि आवास लामिछानेले गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए। अर्मान्ड बेडाउनले दिएको पासलाई आवासले पुनः नवीन लामालाई दिएका थिए। लामाले पेनाल्टी क्षेत्रभित्र आवासलाई पुनः दिएको पास उपयोग गर्दै सेकेन्ड बार च्याप्दै हानेको बलले जाली चुमेको थियो। यसैगरी खेलको ६०औँ मिनेटमा टोलीको अग्रता दोब्बर पार्ने क्रममा प्रदीप लामाले गोल गरेका थिए। रवि थिङले दिएको क्रस पास आफ्नो नियन्त्रणमा लिँदै हानेको बलले पोस्टको सही दिशा लिन सफल भएको थियो।

खेलको सुरुदेखि नै एपिएफ हाबी भएको थियो। एपिएफको टिमको अघि सेट हुन नपाएको सहाराको टोली केही कमजोर देखिएको थियो। खेल सुरु हुनु दुई दिनअघि मात्र सहाराले आफ्नो टिममा रहने खेलाडी छिनोफानो गरेको थियो। जसका कारण टिम राम्रोसँग सेट हुन पाएको थिएन जसको फाइदा एपिएफले लिएको छ।

यसअघि खेल सुरु भएको पाँच मिनेटमा एपिएफका प्रदीप लामा टोलीलाई अग्रता दिलाउनबाट चुकेका थिए। उनले हानेको उत्कृष्ट प्रहार सहाराका विदेशी खेलाडी पिटर सेगुनले क्लियर गरेका थिए।

२२औँ मिनेटमा विकी तामाङले पेनाल्टी बक्सभित्रबाट गरेको प्रहार अकासिँदा एपिएफले गोल गर्ने राम्रो अवसर खेर फालेको थियो। २४औँ मिनेटमा सहाराका जीवन रायमाझीले पाएको अवसर सदुपयोग गर्न नसक्दा बराबरी गोल गर्न चुके। ३१औँ मिनेटमा शुशील लामाले हानेको हेड प्रहार विपक्षी गोलरक्षक अभिषेक बरालले क्लिएर गरेका थिए। पहिलो हाफको इन्जुरी समयको दोस्रो मिनेटमा कप्तान मानबहादुर तामाङको फ्री-किकलाई एपिएफका गोलरक्षक युया कुरियामाले क्लिएर गर्न सकेनन्।

खेलको ५३औँ मिनेटमा अर्मान्डको हेड क्रसबारमा लाग्दै बाहिरिँदा एपिएफ पुनः अग्रता दोब्बर बनाउनबाट चुकेको थियो। ५६औँ मिनेटमा प्रदीप लामाको हेड सहाराका किपरले पञ्च गर्दै विफल पारिदिएका थिए। ६४औँ मिनेटमा अर्मान्डको प्रहार पोलमा लागेर फर्किएको थियो। ८०औँ मिनेटमा नवीन लामाले हानेको प्रहार सहाराका कप्तानले हेड गर्दै विफल पारिदिएका थिए।

## ■ राम्रोसँग अभ्यास गर्ने समय भएन

● **प्रलाद हिराचन**, प्रशिक्षक, सहारा

हाम्रो टिम राम्रोसँग सेट हुन पाएन, जसका कारण योजनाअनुसार खेल्न सकिएन। खेल हुनुभन्दा एक दिनअघि मात्रै टोलीमा सहभागी हुने दुई विदेशी खेलाडी फिक्स भए। टोलीमा राम्रा खेलाडीलाई आबद्ध गराए पनि टिम सेटका लागि राम्रोसँग अभ्यास गर्ने समय भएन। खेलाडीहरुमा राम्रो तालमेल हुन नसक्दा पराजित भयौँ। दर्शक नहुँदा त्यसको केही असरसमेत टोलीलाई पर्‍यो।

## ■ यसपटक उपाधि हामी नै उचाल्छौँ

● **कुमार थापा**, प्रशिक्षक, एपिएफ

सहाराको टिम सेट टिम नभएका कारण प्रत्यक्ष फाइदा लियौँ। हामीले अझै केही थप गोल गर्नुपर्ने हो गर्न सकेनौँ। विदेशी खेलाडीसहित मोफसलमा पहिलोपटक खेल्यौँ। नतिजासमेत राम्रो आयो, हामी उत्साहित छौँ, लाग्छ यसपटक उपाधि उचाल्छौँ।

## ■ विष्टलाई उत्कृष्ट वर्ष खेलाडी सम्मान



उद्घाटन समारोहमा नेपाली राष्ट्रिय फुटबल टोलीका फरवार्ड अन्जन विष्टलाई उत्कृष्ट वर्ष खेलाडीबाट सम्मान गरिएको थियो। आयोजक सहाराले प्रतियोगिता उद्घाटनका दिन फुटबल विकासमा राष्ट्रिय टोलीबाट योगदान पुर्‍याउने एक खेलाडीलाई सम्मान गर्दै आएको छ। एन्फाका अध्यक्ष कर्मा छिरिङ शेर्पाले नगद ३५ हजारसहित सम्मानपत्र र दोसल्लाले विष्टलाई सम्मान गरेका थिए।

प्रतियोगितामा एक विदेशीसहित १० टिम सहभागी छन्। प्रतियोगिताको विजेताले १० लाख एक हजार र उपविजेताले पाँच लाख एक हजार नगदसहित सिल्ड, मेडल र प्रमाण-पत्र पुरस्कार पाउनेछन्।

यसैगरी सर्वोत्कृष्ट खेलाडीले स्कुटरसँगै बेस्ट अफ फाइफ विधातर्फ उत्कृष्ट हुनेले नगद २५ हजारसँगै ट्रफी र प्रमाण-पत्र पाउने आयोजक क्लबका महासचिव रामजीप्रसाद अधिकारीले जानकारी दिए।

**■ आजको खेल**
**हिमालयन शेर्पा र नेपाल पुलिस क्लब**

# अहिले देखिएका संक्रमण सबै ओमिक्रोन होइनन्

स्वास्थ्य सल्लाह



● **डा. भोजराज अधिकारी**
वरिष्ठ फिजिसियन एवं भरतपुर अस्पताल विकास समितिका अध्यक्ष

कोरोना संक्रमण पिसिआर परीक्षणबाट थाहा पाउन सकिन्छ। यसका लागि नाक तथा घाँटीबाट लिएको स्वाब विश्लेषणका लागि प्रयोगशाला पठाइन्छ। पिसिआर विधिले मानिसमा कोरोना भाइरस संक्रमण छ कि छैन भनेर हेर्छ।

कोरोनाको पछिल्लो भेरियन्ट ओमिक्रोन पत्ता लगाउन भने 'भेरियन्ट स्पेसिफिक पिसिआर' परीक्षण गर्नुपर्छ। ओमिक्रोनका बारेमा नेपालमा सीमित अध्ययन मात्र भएका छन्। पिसिआर दिनहुँ हुन्छ, तर ओमिक्रोन भेरियन्टको परीक्षण भने दिनदिनै गरिँदैन। त्यसकारण अहिले देखिएका सबै संक्रमण ओमिक्रोन होइनन्। तर, छिटोभन्दा छिटो धेरैभन्दा धेरैमा सर्ने, तर शरीरमा गम्भीर असर नबनाउने लक्षण 'ओमिक्रोन भेरियन्ट' हुन्छ। अहिले देखिएको कोभिड ओमिक्रोन भेरियन्टसँग मिल्छ। संख्यात्मक हिसाबले एकदमै धेरैलाई हुने भने पनि लक्षण एकै प्रकृतिको छ।

### ● यस्ता लक्षण भए ओमिक्रोन

हुन त कोभिडका बारेमा जति धेरै लक्षण सुन्यो त्यति धेरै मानिस भ्रमित हुन्छ। ज्वरो आएर वा नआएर रातको समयमा अत्यधिक पसिना आउँछ, घाँटी खसखसाउँछ, सुख्खा खोकी लाग्ने, ज्यान बेस्सरी दुख्ने, थकान हुने हुन्छ भने त्यो ओमिक्रोन हुन सक्छ। पहिलाजस्तो सास फेर्न गाह्रो हुने र निमोनिया नै हुने लक्षण अहिले देखिएको छैन। बास्ना र स्वाद पनि गएको हामीले यसपालि पाएका छैनौँ।

चिसो छ, मौसमी परिवर्तनले हुने संक्रमण कमन कोल्ड (चिसोले हुने रुघाखोकी) पनि हामीमा हुन सक्छ। मौसमी परिवर्तनले हुने लक्षणहरूमा ज्वरो आउँदैन भने नाकबाट पानी बगिरहने हुन्छ। तर, दुवैमा हेसियारी एउटै अपनाउनुपर्छ।

### ● संक्रमण भइहाले के गर्ने ?

इन्फ्लुएन्जा, फ्लु, कोभिड १९ डेल्टा वा रुघाखोकी लाग्दा जसरी होसियार हुन्थ्यौँ त्यसरी नै तातोपानी पिउने, बाफ लिने, न्यानो कपडा लगाउने, मास्कलाई उचित तरिकाले लगाउने, भौतिक दूरीको कायम गर्ने कुरा पालना गर्‍यौँ भने यसबाट बच्न वा निको पार्न सकिन्छ। अहिलेको भेरियन्ट सात दिनमा निष्क्रिय हुन्छ। सामान्यतया दिनको तीनपटकको दरले पाँच दिनसम्म सिटामोल खाँदा फरक पर्दैन, खकार निस्केको छैन भने एन्टिबाइटिक प्रयोग गर्न पर्दैन।

### ● यस्तो अवस्थामा चिकित्सकको परामर्श लिने

१०२ डिग्रीभन्दा बढी ज्वरो तारन्तार आयो, खोकीसँगै स्याँ स्याँ बढ्यो, अक्सिजन लेबल ९३ प्रतिशतभन्दा कम भयो र पहिल्यैदेखि भएका दीर्घरोग (निमोनिया, दम, बाथ, मधुमेह आदि) बिग्रियो भने चिकित्सको परामर्श लिनुपर्छ।

अहिले चितवनको भरतपुर अस्पतालले गम्भीर प्रकृतिको बिरामीको उपचारका लागि एक सय १० बेड तयारी अवस्थामा राखेको छ। बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, दुई मेडिकल कलेज (चितवन मेडिकल कलेज र कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पताल) तथा अक्सिजन सिलिन्डरको सुविधा भएका अन्य सामुदायिक आइसोलेसन केन्द्रमा समेत गरेर सात सय १७ बेड तयारी अवस्थामा छ ।

कोही पनि अहिलेको अवस्थाबाट विचलित हुनुहुँदैन। जति धेरै जनसंख्यामा यो माइनर खालको भइरस फैलियो त्यति भाइरस निष्क्रिय हुँदै जान्छ। त्यसरी नै बिस्तारै हराउँदै पनि जान्छ। स्वास्थ्य मापदण्डको पालना गर्दै हात धुने, स्यानिटाइजर लगाउने, मास्क लगाउने, सामाजिक दूरी कायम गर्ने र अनावश्यक कामका लागि बाहिर भिडभाड नगर्ने शंका लागेमा परीक्षण गर्ने र आइसोलेससमा बस्ने हो भने यसबाट जोगिन सकिन्छ। महत्वपूर्ण कुरा भ्याक्सिनले फेरि कोभिड हुनबाट नरोके पनि गम्भीर अवस्था आउनबाट बचाउँछ भन्ने प्रमाणित गरेको छ। त्यसैले भ्याक्सिन लगाएर सुरक्षित रहौँ।

*(विवेक पोखेलसँगको कुराकानीमा आधारित)*

# विश्वकपका लागि खेलाडी छनोट

**काठमाडौं**/ नेपाल क्रिकेट संघ (क्यान)ले आइसिसी पुरुष टी-२० विश्वकपको ग्लोबल छनोटका लागि नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीका घोषणा गरेको छ। क्यानले बन्द प्रशिक्षणमा रहेका ३० खेलाडीबाट अन्तिम १६ सदस्यीय टोलीको छनोट गरेको हो।

छनोटमा युवा ब्याट्सम्यान लोकेश बम र विवेक यादव पहिलोपटक राष्ट्रिय टोलीमा परेका छन्। यस्तै, शरद भेषवाकर, प्रदीप ऐरी र जितेन्द्र मुखियाले राष्ट्रिय टिममा पुनरागमन गरेका छन्। विनोद भण्डारी र सोमपाल कामी भने टोलीमा परेका छैनन्।

विश्वकप छनोटको समूह 'ए' अन्तर्गतको ग्लोबल छनोट १७ देखि २४ फेब्रुअरीसम्म ओमानमा आयोजना हुँदै छ। उक्त छनोटमा आयोजक ओमानसहित नेपाल, फिलिपिन्स, क्यानडा, संयुक्त अरब इमिरेट्स (युएई), बहराईन, आयरल्यान्ड र जर्मनी रहेका छन्।

यस समूहबाट शीर्ष दुई टोली यसैवर्ष अस्ट्रेलियामा हुने विश्वकपका लागि छनोट हुनेछन्। नेपाली टोलीमा सन्दीप लामिछाने (कप्तान), कुशल भुर्तेल, आसिफ शेख, दीपेन्द्रसिंह ऐरी, ज्ञानेन्द्र मल्ल, शरद भेषवाकर, आरिफ शेख, करण केसी, जितेन्द्र मुखिया, अभिनाश बोहरा, शाहब आलम, कमलसिंह ऐरी, कुशल मल्ल, विवेक यादव, लोकेश बम र प्रदीप ऐरी छन्।

# रोङको आकाशमा प्याराग्लाइडिङको फन्को

● चिरञ्जीवी घिमिरे

इलामको रोङ गाउँपालिका-६ मा प्याराग्लाइडिङ उडानको परीक्षण सफल भएको छ। प्राकृतिक सुन्दरताले भरिएको रोङको आकाशमाथि प्याराग्लाइडिङले फन्को मारेको छ। परीक्षण उडान सफल भएसँगै अब रोङको पर्यटकीय सम्भावना थप बढेको छ।

रोङ-६ स्थित झन्डीडाँडाबाट झापाको मेचीनगरस्थित तिरिङसम्म प्याराग्लाइडिङको परीक्षण उडान गरिएको थियो। परीक्षण उडानको मज्जा स्थानीयवासीदेखि जनप्रतिनिधिसम्मले लिएका थिए। पर्यटन व्यवसायी रणबहादुर अधिकारीको व्यक्तिगत पहलमा पोखराबाट तीन पाइलट ल्याएर परीक्षण उडान गरिएको हो। ३० पुसदेखि चार दिनसम्म १४ वटा परीक्षण उडान भएको थियो।

'पर्यटन प्रवर्द्धन गर्ने योजना गाउँपालिकाको पनि रहेछ। यहाँको सलकपुर सुन्तला उत्पादन हुने क्षेत्रका रूपले पनि चिनिन्छ। तर, वर्षैभरि त सुन्तला हुँदैन,' उनी भन्छन्, 'मैले यहाँ प्याराग्लाइडिङका लागि भनेर साढे सात रोपनी जग्गा पनि खरिद गरेको छु। नागरिक उड्डयन प्राधिकरणबाट व्यक्तिगत पहलमा स्वीकृति लिएर परीक्षण उडान गरेको हुँ।' परीक्षण उडानका लागि अधिकारीले १२ लाख खर्चिएको बताए। परीक्षण उडानको प्रक्रिया पूरा गर्न एक वर्ष लागेको उनको भनाइ छ।

### परीक्षण उडानबाटै ऊर्जा

आगामी दसैँ, तिहारपछि नियमित उडान गर्ने व्यवसायी अधिकारीको लक्ष्य छ। 'परीक्षण उडानले ऊर्जा थपिएको छ। अब संस्था दर्ता गरेर नियमित उडानका लागि स्वीकृति लिन्छु,' अधिकारी भन्छन्, 'परीक्षण उडान गर्न एक वर्ष लाग्यो। अब कोरोनाले के गर्छ। नभए त दसैँ, तिहारपछि सुरु गर्ने योजना छ।' परीक्षण उडानका लागि पोखराबाट पाइलट प्रेम क्षत्री, सागर नेपाली र हरि भण्डारी आएका थिए। उनीहरूले प्याराग्लाइडिङका लागि पोखरापछिको उपयुक्त गन्तव्य भएको बताएका छन्। 'प्याराग्लाइडिङका लागि साराङकोटपछि दोस्रो उत्कृष्ट ठाउँ हो।



रोङको आकाशमाथि प्याराग्लाइडिङ परीक्षण

पोखरा विमानस्थल निर्माणका कारण साराङकोटमा व्यावसायिक उडान संकटमा पर्दै गएका वेला यसले राम्रो सम्भावना दिएको छ,' पाइलट क्षत्रीले भने, 'यहाँ इलामको झन्डीडाँडाबाट उडेर झापाको मेचीनगरस्थित तिरिङसम्म पुगिने रहेछ। पहाडबाट तराई पुगिन्छ। मेची नदी अत्यन्तै सुन्दर देखिने रहेछ। साइडसिनका रूपमा भारत र भुटानको पहाड देखिने रहेछ। त्यसकारण पनि यो उत्कृष्ट छ।'

### रोङ गाउँपालिकामा बढ्दै छन् पर्यटकीय गन्तव्य

रोङ गाउँपालिकाले यी क्षेत्रलाई पर्यटकीय हिसाबले अघि बढाउँदै छ। पर्यटनको माध्यमबाट जनताको जीवनस्तर अघि बढाउन उद्यत छ, गाउँपालिका। गाउँपालिकाले हाँसपोखरीदेखि पाटापुरसम्म २९ किलोमिटरको करसोङ पदमार्ग निर्माण गरेको छ। गत आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रमसहित ४५ लाख बजेटमा पदमार्ग तयार भएको हो।

पदमार्गसँगै गाउँपालिकाको सहयोगमा ६ स्थानमा होमस्टे प्रवर्द्धन गर्ने लक्ष्य रहेको गाउँपालिकाका प्रवक्ता तथा वडा नम्बर ६ का वडाध्यक्ष मणिकुमार स्याङ्बोले बताए। आहिले सलकपुर र रम्भ्याङमा २२ वटा होमस्टे छन्। ६ स्थानमा बन्ने होमस्टेमा कारितास नेपालको सहयोग रहेको स्याङ्बोले बताए। उनले भने, 'होमस्टेमा स्थानीय उत्पादन नै प्रयोग हुन्छ। जसले गर्दा स्थानीय उत्पादनको बजारीकरणमा पनि समस्या भएन।'

प्याराग्लाइडिङको सफल परीक्षणले स्थानीयमा उत्साह थपेको वडाध्यक्ष स्याङ्बोले बताए। 'हामी पर्यटक भित्र्याउन तम्तयार छौँ। यसमा प्याराग्लाइडिङले थप मद्दत गरेको छ। म आफैं उडेर पनि हेरेँ। १५ सय मिटरको उचाइमा उड्दा पर्यटन प्रवर्द्धनका लागि ठूलो सपना देखेको छु,' उनले भने, 'इलामको पहाड र झापाका फाँटहरू सुन्दर देखिन्छन्। भारत र भुटानको दृश्य अवलोकन गर्न सकिन्छ। म उड्दै गर्दा पर्यटन प्रवर्द्धनका लागि हाम्रा डाँडाकाँडा नै भ्युटावर हुन् भन्ने निष्कर्षमा पुगेँ। पहिला डाँडाकाँडामा पर्यटकीय विकास गरौँ। त्यसपछि भ्युटावर बनाऔँ। कन्याम र झापाको पर्यटनलाई जोड्न करसोङ पदमार्ग निर्माण गर्‍यौँ। यो आफैंमा एउटा आकर्षण हो। प्याराग्लाइडिङले थप आकर्षण थपेको छ।'


**सडक डिभिजन, नुवाकोट**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**मितिः २०७८।१०।०७**

यस कार्यालयको मिति २०७८।७।२६ मा आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. ०२-०७८/७९ र मिति २०७८।८।२२ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. ०३-०७८/७९ अनुसार प्राप्त हुन आएका बोलपत्रहरुको मूल्यांकन पश्चात न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र तपसिल बमोजिम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनौट भएका बोलत्रदाताको नाम र ठेगाना | कबोल अंक पि.एस. र भ्याट समेत ने.रु. |
|---|---|---|---|---|
| 1 | RDNKT/33701138/ 078/79-10 | Rehabilitation Works Of Grang Sole section Of Balaju Trisuli Dhunche Syaprubesi road (package I), Rasuwa (NH18) | ANS-BM-IS JV, Nuwakot | २,०५,४६,६९८.८८ |
| 2 | RDNKT/33701138/ 078/79-11 | Rehabilitation Works on Ramche-Grang section of Balaju-Trisuli-Dhunche-Shyaphru road (Packag II), Rasuwa (NH 18) | ANS-BM-IS JV, Nuwakot | २,०६,३३,९६८.५४ |
| 3 | RDNKT/337310113/ 078/79-12 | Periodic Maintenance of Tadhi Labdhu Samundratar Golphubhanjyang Road (F18101) | Slate/Indrayani/ Raktakanya JV, Kathmandu | २,१५,०४,१४८.७७ |
| 4 | RDNKT/33731013/ 078-79/016 | Reactive Maintenance Works on Malekhu Dhadingbesi Road (NH43) and Dhadingbesi salyamtar arughat road (NH43) | Garibi Contruction, Dhading | ५२,४७,८७६.८४ |
| 5 | RDNKT/33701169/ 078/79/17 | Road Improvement Works on Bogatitar Banuwa karmidanda Sadak, Rasuwa | S Narayan Nirman sewa, Manthali- 1, Ramechhap | १,००,३२,१०२.७९ |

**डिभिजन प्रमुख**


नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrika.com